# अध्याय एक

# शोध परिचय

## १.१ विषय परिचय

गुल्मी जिल्लाको धुर्कोट क्षेत्रमा विभिन्न प्रकारका लोक भजन गाइन्छन् । धुर्कोट क्षेत्रमा वाग्ला, रजस्थल, भनभने, पिपलधारा, वस्तु, जैसिथोक, नयाँगाउँ र हाडहाडे गा.वि.स.हरू रहेका छन् । यहाँ ब्राह्मण, क्षत्री, ठकुरी, मगर, गरूङ्ग, नेवार, सन्न्यासी, कामी, दमाई, सार्की, कुमाल आदि जातका मान्छेहरूको बसोबास छ । तिनीहरूमध्ये धेरै जसो हिन्दु धर्मावलम्बी छन् । तिनीहरूले विभिन्न पूजाआजा चाडपर्व र उत्सवहरूमा ईश्वरप्रति भक्तिभाव व्यक्त गर्दै भजन गाउँछन् । लोक साहित्यका विभिन्न विधा उपविधाहरूमध्ये लोक गीत अन्तर्गत लोक भजन पर्दछ । यो लोकले बुझ्ने र गाउँने भाषामा अभिव्यक्त हुन्छ । लोक कण्ठबाट सहज रूपमा गाइने साङ्गीतिक लययुक्त गीतात्मक प्रस्तुति नै लोक भजन हो लोक भजन, भन्ने बित्तिकै देवी देवताप्रतिको आस्था, विश्वास पूजा र समर्पणको भावना राखी ईश्वरको भक्ति गर्ने र संसारको दुःखबाट मुक्ति प्राप्तिको इच्छा राखी गाइने एक प्रकारको लोक गीत बुझिन्छ । लोक भजनले लोकका सामाजिक साँस्कृतिक तथा मनोरञ्जनात्मक क्षेत्रलाई समेटेको देखिन्छ ।

लोक भजनको इतिहासलाई हेर्दा यसको निकै पुरानो परम्परा रहि आएको देखिन्छ । मानव सभ्यता र भाषाको विकाससँगै लोक साहित्यको प्रारम्भको क्रममै लोक भजनको प्रादुर्भाव भएको हुनु पर्छ । लोक गीत ग्रामीण परिवेशका साथै सहरमा पनि गाइन्छ । लौकिक संस्कृत साहित्यमा स्तुति परम्परा वा स्तोत्र काव्यको छुट्टै सुदीर्घ परम्परा छ । हाम्रा अति प्राचीन ग्रन्थहरू वेद, अठार पुराण, रामायण, महाभारत, उपनिषद, आदिमा पनि ईश्वरप्रति भक्तिभाव देखाई बाल्मीकि, वेदव्यास, भर्तृहरि आदि कविहरू भक्ति काव्यमा भक्तिभाव प्रस्तुत गरेको पाइन्छ । नेपाली साहित्यमा इन्दिरस, भानुभक्त, मोतीराम, जस्ता कविहरूको भक्ति साहित्यमा देन छ ।

भजन कीर्तन खास गरी विभिन्न मठमन्दिर तथा घर आँगनमा धार्मिक कार्य गरेर गायन, वाद्यवादन तथा नृत्यसँग प्रस्तुत गरिन्छ । भजनले मानिसलाई आध्यात्मिक चिन्तन प्रकट गर्ने अवसर मात्र प्रदान नगरी भक्ति र यसमा मनोरञ्जन लिने तथा अनुशासन, नम्रता आदिप्रति प्रवृत्त गराउने काम गर्दछ । गुल्मीको धुर्कोट क्षेत्रमा लोक भजनको व्यापक प्रचलन भए पनि अझै सम्म यसको व्यवस्थित अध्ययन भएको छैन । त्यसैले प्रस्तुत अध्ययन त्यसैमा केन्द्रित छ ।

## १.२ समस्या कथन

यो शोधपत्र निम्न लिखित समस्यामा केन्द्रित रहेको छ

- गुल्मी धुर्कोट क्षेत्रमा के कस्ता लोक भजनहरू छन् ?
- गुल्मी धुर्कोट क्षेत्रमा प्रचलित लोक भजनका विशेषता के के हुन् ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका निम्न लिखित उद्देश्यहरू रहेका छन्:

- गुल्मी धुर्कोट क्षेत्रमा प्रचलित लोक भजनहरूको सङ्कलन गर्नु,
- गुल्मी धुर्कोट क्षेत्रमा प्रचलित लोक भजनहरूको वर्गीकरण र विश्लेषण गर्नु,

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली लोक साहित्यको अध्ययन विश्लेषण गर्ने क्रममा लोक भजनको अध्ययन अन्य विधा उपविधाहरूको तुलनामा कमै भएको पाइन्छ । लोक साहित्यको प्रमुख पक्ष धार्मिक लोक कथा उखान,गाउँखानेकथा, दन्त्यकथा, लोक गीत आदिको सङ्कलन र विवेचना भएको पाइन्छ । लोक साहित्य सम्बन्धी पुस्तकहरूमा भजनको सामान्य परिचय दिएको पाइन्छ । लोक भजनका सम्बन्धमा गहन विश्लेषण र मूल्याङ्कन भएको पाइँदैन । लोक गीतको अध्ययन गर्ने सन्दर्भमा भजन, भजने गीत, चुड्का धार्मिक गीत स्तुति गीत शीर्षक दिएर विभिन्न विद्वान्हरूद्वारा सामान्य चर्चा गरेको पाइन्छ ।

धर्मराज थापा र हंसपुरे सुवेदीले 'नेपाली लोक साहित्यको विवेचना' मा लोक गीतका विशेषता, वर्गीकरण र विश्लेषण प्रस्तुत गर्ने क्रममा लोक गीत अन्तर्गत पर्वसम्बन्धी गीतमा भजनको चुड्के लम्बरी भनी सामान्य विभाजन गरी अध्ययन गरेका छन् ।[१]

कृष्णप्रसाद पराजुलीले 'नेपाली लोक गीतको आलोक'मा जीवन चक्रीय लोक गीत अन्तर्गत धार्मिक गीतलाई 'व्रतगीत' र 'भजन' गरी उल्लेख गरेका छन् ।[२]

डुकुलराज घिमिरेले पाल्पाका लोक भजनलाई पाँच भागमा वर्गीकरण गरेर उल्लेख गरेका छन्[३]

गुल्मी जिल्लाका लोक अध्येताहरूले केही कार्य गरेको पाइन्छ । ती कार्यको समीक्षा यहाँ गरिन्छ । वि.सं. २०२५ मा शशी पन्थीको सक्रियतामा किरण पुस्तकालयको स्थापना र २०३० सालबाट यसको मुखपत्रका रूपमा "हाम्रो पुरूषार्थ" प्रकाशन भएको पाइन्छ । हाम्रो पुरूषार्थले नेपाली कथा, कविता, निबन्ध लोक गीत, लोक कथा आदि सामग्री प्रकाशित गरी नेपाली भाषाको उन्नतिका लागि टेवा पुऱ्याएको पाइन्छ तैपनि लोक भजनलाई महत्व दिई लेखेका रचनाका भने प्रकाशन गरेको देखिँदैन ।

यस क्षेत्रका पत्रिकाले नेपाली कथा, कविता, निबन्ध लेख रचना अतिरिक्त लोक साहित्य अन्तर्गत लोक गीत, लोककथा आदि सामग्री प्रकाशित गरी नेपाली भाषाको श्रीवृद्धिमा टेवा पुऱ्याए पनि यस क्षेत्रका लोक भजनका बारेमा त्यति महत्व दिई प्रकाशन गरेको देखिँदैन ।

---

[१] धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोक साहित्यको विवेचना**, (काठमाडौंः त्रि.वि.पा.वि.,२०४१) पृ.१३३ ।

[२] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक**, (काठमाडौंः वीणा प्रकाशन २०५७) पृ. २३२

[३] डुकुल राज घिमिरे, **पाल्पाका लोक भजन भक्तिपरक** विश्लेषण,(बुटवलः विश्व हिन्दु महासंघ, २०६९), पृ. १८ ।

लक्ष्मी पन्थीले एम.ए. शोधपत्र "गुल्मीमा प्रचलित टुक्का" (२०५६) मा गुल्मीमा प्रचलित टुक्काका बारेमा अध्ययन सङ्कलन गरेको भए पनि भजन सम्बन्धी केही चर्चा गरेको पाइँदैन ।

गुल्मी जिल्लाका लोक भजनको सङ्कलनकर्ताहरू तथा अध्येताहरूले केही कार्यहरू निम्न अनुसार गरेको पाइन्छ ।

झविन्द्र महत (२०६०) ले " गुल्मी जिल्लाको पश्चिमोत्तर क्षेत्रमा प्रचलित लोक गीतको अध्ययन" शीर्षक शोधपत्रमा लोक गीत अन्तर्गत बाह्रमासे शीर्षकमा दश अवतार प्रेममण्डल,कर्ता नचाउने भजन भनी केही भजन सङ्कलन गरेका छन् ।

रविलाल कँडेल (शर्मा) को 'श्री रवि कृत रामायण' (दो.सं २०५३) नामक पुस्तकमा केही भजनहरू पाइन्छन् । यो रामकथामा आधारित छ ।

हरिप्रसाद चुँदालीले गुल्मी जिल्लाको लोक भजनलाई सङ्कलन, वर्गीकरण र विश्लेषण गरेको पाइन्छ तर गुल्मी धुर्कोट क्षेत्रमा प्रचलित लोक भजनलाई समेटेको पाइँदैन । लोक भजन जस्तो अविच्छिन्न परम्परा रहेको हाम्रो मौलिक सम्पदालाई जोगाउने र प्रवर्धन गर्ने कार्य नभएको अवस्थामा यसबारे पर्याप्त अध्ययन विश्लेषणको अपरिहार्य खाँचो अनुभुत गरी धुर्कोट क्षेत्रलाई केन्द्र मानेर यो अध्ययन गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

लोक साहित्यमा लोक जीवनका विविध पक्षसँग सम्बन्धित, धर्म, संस्कृति, सुखदु:ख र तिता मिठा अनुभव व्यक्त गरिएका हुन्छन् । लोक साहित्यका विभिन्न विधा उपविधाहरूको अध्ययन गरी प्रकाशनमा ल्याउनु आवश्यक छ । समयमै खोज सङ्कलन गरिएन भने लोप भएर जान सक्दछन् । आजको समाजमा पश्चिमी संस्कारको प्रवेशले आधुनिकताको नाममा स्थानीय मूल्य मान्यता चालचलन, रीतिरिवाज धर्म संस्कृतिलाई प्रतिबिम्बित गर्ने लोक भजनहरू ओझेलमा पर्ने अवस्था सिर्जना भई रहेको वर्तमान परिप्रेक्ष्यमा लोक भजनको अध्ययन, अनुसन्धान, संरक्षण र सम्वर्धन गरिनु नितान्त आवश्क छ । त्यसैले गुल्मी जिल्ला क्षेत्र न. ३ धुर्कोट

क्षेत्रमा प्रचलित लोक भजनको सङ्कलन विश्लेषण र मूल्याङ्कन गर्दै तिनको मूल्य मान्यतालाई संरक्षण गर्ने यस शोधकार्यको औचित्य रहेको छ ।

यहाँ सङ्कलित लोक भजनबाट स्थानीय भाषिकाको जानकारी लिन सहयोग पुग्नेछ । नेपालका विभिन्न क्षेत्रमा समेत सहयोग पुऱ्याउन सक्ने यस शोधपत्रको औचित्य र महत्त्व रहेको छ । त्यसमा प्रस्तुत अध्ययनले पनि आंशिक रूपमा सहयोग पुर्याउने छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्र गुल्मी धुर्कोट क्षेत्रका वाग्ला, वस्तु, रजस्थल, भनभने, जैसीथोक, हाडहाडे, नयाँगाउँ, पिपल धारा गा.वि.स. मा केन्द्रित गरिएको छ । यस कार्यमा नेपाली भाषामा प्रचलित लोक भजनको मात्र अध्ययन गरिएको छ ।

## १.७ अध्ययन विधि

प्रस्तुत शोधपत्रका निम्ति सामग्री सङ्कलन गर्दा क्षेत्रीय अनुसन्धान विधिको प्रयोग गरिएको छ । यसका निम्ति धुर्कोट क्षेत्रका विभिन्न ठाउँमा गई त्यहाँका धार्मिक पुजा पाठ तथा मठ मन्दिर पर्व उत्सव आदिका क्रियाकलापमा सहभागी भई भजनभण्डलीद्वारा गाइएका लोक भजनलाई गाउन लगाई सापथ्री टिपोट गरी सङ्कलन गरिएको छ । यसका साथै सामग्री सङ्कलनमा आंशिक रूपमा पुस्तकालयीय विधिको पनि प्रयोग अवलम्बन गरिएको छ ।

## १.८ सैद्धान्तिक ढाँचा

प्रस्तुत लोक भजनको अध्ययनमा वर्णनात्मक एवम् विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित पार्नका लागि पाँच अध्यायमा विभाजन गरी आवश्यकता अनुसार मूलशीर्षक र उपशीर्षकहरूमा समेत राखी अध्ययन विश्लेषण गरिएको छ । अध्याय विभाजन यस प्रकार रहेको छ :

अध्याय एक :- शोध परिचय

अध्याय दुई :- गुल्मी धुर्कोट क्षेत्रको सामान्य परिचय

अध्याय तीन :- लोक भजनको परिचय

अध्याय चार :- गुल्मी धुर्कोट क्षेत्रमा प्रचलित लोक भजनको विश्लेषण

अध्याय पाँच :- शोध निष्कर्श

# अध्याय दुई

# गुल्मी धुर्कोट क्षेत्रको परिचय

## २.१ ऐतिहासिक पृष्ठभूमि

शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थलबाट नामकरण गरिएको लुम्बिनी अञ्चलका ६ जिल्लामध्ये एक पहाडी जिल्ला गुल्मी हो । यो जिल्ला धार्मिक, ऐतिहासिक, पौराणिक, साँस्कृतिक र राजनैतिक रूपमा महत्त्वपूर्ण मानिन्छ । प्राचिन कालदेखि इतिहासको विभिन्न कालखण्डका राजा रजौटाका महत्त्वपूर्ण घटनाहरूसँग यस जिल्लाको सम्बन्ध रहेको विश्वास गरिन्छ । यस जिल्लाको इतिहास खोज्दै जाने हो भने पश्चिम नेपालको चौबिसी राज्यमध्येका अर्घाखाँची, गुल्मी, धुर्कोट, मुसीकोट र इस्मा गरी ६ वटा चौबिसी राज्य यहाँ थिए । नेपालको एकिकरणपछि २०१९ सालको प्रशासनिक विभाजनपछि यस जिल्लाबाट अर्घाखाँची जिल्ला स्वतन्त्र भयो ।[४] गुल्मी जिल्लाको सीमा पूर्वमा स्याङ्जा र पर्वत, पश्चिममा प्युठान, उत्तरमा बागलुङ तथा दक्षिणमा पाल्पा र अर्घाखाँची रहेको पाइन्छ ।

गुल्मी जिल्लाको सदरमुकाम तम्घास भन्दा पश्चिमपट्टि करिब ६ माइल टाढा धुर्कोट राज्य रहेको छ । त्यो राज्य वि.स. १४६५ मा स्थापना भएको थियो र त्यसमा ७०० घर कुरिया तथा १४ मौजाहरू थिए । धुर्कोटका मगर राजालाई मल्ल युद्धमा जिती राजा खड्गबहादुर मल्ल राजा भए । उनको बाह्रौं पुस्ताका राजा भूपेन्द्र मल्लका पालामा नेपाली सैन्यले वि.स. १८४३ मा धुर्कोट राज्य नेपालमा गाभेको थियो ।[५] पुरानो धुर्कोट राज्यभित्र हालका नयाँ गाउँ , पिपलधारा, हाडहाडे, वस्तु, वाग्ला, भनभने, रजस्थल र जैसीथोक गरी आठ  गा.वि.स. रहेका छन् । तत्कालीन

---

[४] शशिपन्थी, 'गुल्मीका केही साहित्यिक प्रतिभाहरू' **गुल्मी परिचय** (काठमाडौं : गुल्मेली समाज २०६२), पृ.४७ ।

[५] राजाराम सुवेदी, **गुल्मीको ऐतिहासिक झलक,** (गुल्मी : गुल्मी किरण पुस्तकालय, २०५५) पृ.६९ ।

मल्ल राजाको खड्गदेवीको मन्दिर, कोटघर, मौलो र घण्ट यहाँ रहेका छन् । यहाँ दसैंमा नव दुर्गा भवानीको पूजा पाठ र पञ्चबली दिने र पूर्णिमाको दिन फुलपाती सेलाउँने तथा सराँय खेल्ने प्रचलन अद्यावधि छ । यहाँबाट रेसुङ्गाको पवित्र तिर्थ स्थल, मदाने लेख, अर्घाखाँची, बाग्लुङ र पर्वतका पहाड अनि धौलागिरि माछापुच्छे जस्ता उच्च हिमालको रमणीयता देख्न सकिन्छ ।

यसरी यो क्षेत्र पहाड, बेसी, छाँगा, छहरा, गुफा र खोला तथा विभिन्न जातका चराचुरूङ्गी एवम् जीवजन्तु जनावरहरूको रहर लाग्दो क्रीडाले रमणीय बनेको मात्र छैन् धार्मिक साँस्कृतिक तथा पर्यटकीय हिसाबले पनि महत्त्वपूर्ण मानिन्छ ।

## २.२ नामकरण

धुर्कोट ‘‘धुर’’ र ‘‘कोट’’ को समासबाट बनेको शब्द हो । ‘‘धुर’’ को अर्थ कुनै पनि ठाउँको सबैभन्दा माथिल्लो स्थान वा भाग, धुरी, टुप्पो हो ।[६] ‘‘कोट’’को अर्थ क्षेप्यास्त्र वा आणविक शक्ति प्रयोग गर्न थाल्नुभन्दा पहिले राज्यको सीमा सुरक्षा आदिको व्यवस्था गर्ने ठाउँ वा केन्द्र, गढ, गढी, किला, दुर्ग, चुरी परेको र गढी तुल्याउन उपयुक्त हुने थुम्को, मौलो गाडिएको वा पूजा गरिने ठाऊँ सैनिक छाउनी वा आधुनिक व्यारेक हो ।[७] घरको धुरी जस्तो आकार परेको डाँडामाथि अवस्थित तत्कालीन मल्ल राजाको दरबार खड्गदेवीको मन्दिर र कोटघर मन्दिर आदि रहेको उक्त स्थानलाई धुरीकोट भनिन्थ्यो । र पछि परिवर्तन हुँदा ‘‘धुर्कोट’’ भएको हो ।[८] यस क्षेत्रको धुरी वा पहाडको टुप्पोमा कोटघर र त्यहाँबाट सम्पूर्ण स्थान देख्न र राजाहरूलाई राज्य सञ्चालन गर्न र शत्रुहरूलाई परास्त गर्न सजिलो हुने ठाउँ भएकोले धुर्कोट नामकरण भएको कुरा औचित्यपूर्ण छ ।

---

[६] बालकृष्ण पोखेल र अन्य (सम्पा) **नेपाली शब्दकेश,** (काठमाडौं), ने.रा.प्र.प्र. ,२०४०), पृ.६९५ ।

[७] बसन्त कुमार शर्मा नेपाल, **नेपाली शब्दसागर,दो.सं.** (काठमाडौं भाभा पुस्तक भण्डार २०५८), पृ.२९२ ।

[८] राजाराम सुबेदी, पूर्ववत्, पृ. ६९ ।

## २.३ भौगोलिक अवस्था

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत लुम्बिनी अञ्चल गुल्मी जिल्लाको अक्षांशीय विस्तार २७° ६५° उत्तरदेखि २८° २७° उत्तरसम्म र देशान्तरीय विस्तार ८३° १०° पुर्वदेखि ८३° ३५° पूर्व रेखासम्म छ ।[९] सदरमुकाम तम्घासबाट पश्चिम ४ कोसदेखि ९ कोस दूरीसम्मको महाभारत शृङ्खला अन्तर्गत धुर्कोट क्षेत्र पर्दछ ।

### २.३.१ क्षेत्रफल र सिमाना

महाभारत शृङखला अन्तर्गत धुर्कोट राज्यको पूर्वतर्फ गुल्मी राज्य पश्चिम तर्फ प्युठान राज्य उत्तरतर्फ मुसीकोट राज्य र दक्षिणतर्फ अर्घा राज्य पर्दथे । धुर्कोट राज्यमा रजस्थल, वाग्ला, वस्तु, जैसीथोक, आफ्रा, डाँडाथोक, अजमिर, गाडबारी, बजेड, सोमर मोवर, सुफल, नयाँगाउँ, बुल्म, टिमुरखर्क, र गल्ला गरी १४ मौजा थिए ।[१०]

हाल यहीँ धुर्कोट क्षेत्रभित्र वाग्ला, रजस्थल, भनभने, वस्तु, जैसीथोक, नयाँगाउँ, पिपलधारा र हाडहाडे गरी आठ गा.वि.स. रहेका छन् । यसको सिमानाको रूपमा पूर्वमा गुल्मी जिल्लाको अर्खले, पश्चिममा गुल्मी जिल्लाकै सिर्सेनी मालिका, दक्षिणमा अर्घाखाँची जिल्लाको खनदह र मऱ्याङ्ग तथा उत्तरमा गुल्मीकै छल्ली र चौरासी फाँटसम्म पर्दछ । यसको कूल क्षेत्रफल ९९.७५ वर्ग किलोमिटर रहेको पाइन्छ ।

### २.३.२ राजनैतिक विभाजन

लुम्बिनी अञ्चल अन्तर्गत गुल्मी एक पहाडी जिल्ला हो । वि.स. २०४७ सालको संविधान अनुसार २०४८मा गुल्मीलाई ३ निर्वाचन क्षेत्र र ७९ गा.वि.स.

---

[९] जि.वि.स. गुल्मी, **जिल्ला विकास योजना,** आ.व.२०६९/७०, (गुल्मी : जि.वि.स.को कार्यालय, जिल्ला सूचना केन्द्र, २०६९), पृ.१ ।

[१०] राजाराम सुवेदी, पूर्ववत्, पृ.७० ।

विभाजन गरेको छ । क्षेत्र नं. ३ मा ३ वटा इलाका र २८ गा.वि.स. छन् ।[११] यसरी धुर्कोट क्षेत्रमा इलाका नं. ११ मा सात वटा गा.वि.स र इलाका नं. १२ मा एउटा गा.वि.स. पर्दछ । यहाँ एमाले, काँग्रेस, माओबादी, राप्रपा लगायत पार्टीहरूको वर्चस्व रहेको पाइन्छ ।

### २.३.३ यातायात

गुल्मी जिल्ला २०३८ सालमा पाल्पादेखि रिडी तम्घास जोड्ने कच्ची बाटो खनिनु नै आधुनिक यातायात क्षेत्रको पहिलो पाइला हो । बुटवलदेखि ११५ कि.मी. तम्घाससम्म अहिले यो सडक कालोपत्रे गरिएको छ । तम्घासदेखि धुर्कोटको बर्वोट हुँदै पुर्कोट दह पुग्ने ५१ कि.मी. र अर्को सिर्सेनी सम्म पुग्ने धुर्कोट क्षेत्रको मध्य भागमा सडक बनेकाले यहाँका बासिन्दालाई यातायात सुविधा पुगेको छ । यस क्षेत्रका सम्पूर्ण गा.वि.स.मा सडक पुगेको छ । ससाना दूरीका गाउँ जोड्ने कच्ची सडक खनिएका छन् । त्यस्तै गरी पुराना घोडेटा र गोरेटो बाटाहरू स्थानीय रूपमा प्रयोग भइ रहेका छन् । दुईवटा पक्की पुल र झोलुङ्गे पुल अनि काठे पुलहरूले पनि आवागनममा सुविधा पुऱ्याएको पाइन्छ ।

### २.३.४ जनसङ्ख्या

गुल्मी धुर्कोट क्षेत्र मझौला जन आवदी भएको क्षेत्र हो । यस क्षेत्रमा माटाको जडान गरेर चारकुने घर टिन र ढुङ्गाका छाना र ससाना छाप्रा बनाएको पाइन्छ भने केही सामान्य सिमेन्टका जडानबाट घर बनेको पाइन्छ । वि.स. २०५८को गा.वि.स.को रेकर्ड अनुसार धुर्कोट क्षेत्रमा ६,२०३ घर धुरी तथा १८०३९ महिला र १९२८१ पुरूष गरी जम्मा ३७३२० जनसङ्ख्या रहेको पाइन्छ ।

यसरी हेर्दा ३.३२ प्रतिशत पुरूष संख्या भन्दा बढी देखिन्छ । प्रत्येक गा.वि.स.को जनसंख्या निम्नअनुसार रहेको छ :[१२]

---

[11] जि.वि.स. गुल्मी, पूर्ववत् , पृ. २ ।

[12] वस्तु र अन्य गा.वि.स. **पार्श्वचित्र,** (पाल्पा दिगो सामुदायिक विकासका निम्ति पाल्पा २०६८ ) पृ. १२ ।

| क.स. | गा.वि.स. | महिला | पुरूष | जम्मा | घरधुरी |
|---|---|---|---|---|---|
| १ | वाग्ला | २३४४ | २५४६ | ४८९० | ८३७ |
| २ | रजस्थल | १९६८ | २०८२ | ४०३० | ७२० |
| ३ | वस्तु | २१६१ | २२२१ | ४३८२ | ६४६ |
| ४ | जैसीथोक | १८३५ | २०२६ | ३९६१ | ५७६ |
| ५ | नयाँगाउँ | ३१४७ | ३२९२ | ६४३९ | १०३४ |
| ६ | पिपलधारा | २१६५ | २३६४ | ४५२९ | ७४८ |
| ७ | हाडहाडे | २२५९ | २३६० | ४५१९ | ८९४ |
| ८ | भनभने | २१६० | २३९० | ४५५० | ७४८ |
| जम्मा | | १८०३९ | १९२८१ | ३७३२० | ६२०३ |

## २.३.५ सञ्चार

गुल्मी सञ्चार सञ्जालयुक्त जिल्ला हो । धुर्कोट क्षेत्रमा यहाँका बासिन्दाले विश्वका कुना काप्चामा बस्ने आफन्त तथा विविध विषयहरूको सूचना प्राप्त गर्दछन् । नेपाल दूर सञ्चार र निजी सञ्चार नमस्ते, स्काई, मेरो, स्मार्ट आदिले सबैको घर आँगन र हातहातमा मोबाइल पुऱ्याएका छन् । धुर्कोटका बासिन्दाहरू केवल नेटवर्कका सहायताले टेलिभिजनका माध्यमबाट विश्वका घटना परिघटना थाहा पाउन सफल मात्र भएका छैनन् । इमेल इन्टरनेट समेत उनीहरूलाई सुविधा पुऱ्याएको छ । राष्ट्रिय र जिल्लाका रेडियो अनि पत्रपत्रिका समेत धुर्कोटका गाउँगाउँमा खबर पुर्याउने गरेका छन् । यस क्षेत्रका विद्यालय, सङ्घ, सङ्गठन, कल्ब आदिले आफ्नो आफ्नो पत्रिका माध्यमबाट सञ्चार क्षेत्रमा सुबिधा पुर्याएका छन् ।

### २.३.६ हावापानी

गुल्मी जिल्लाको धरातल ३ भागमा विभक्त छ । ती ३ भाग उच्च भूमि, मध्यम पहाडी भूमि र होचो समथर भू भागका रूपमा रहेका छन् । समुद्र सतहबाट १५२५ देखि ७००० फिटसम्म उचाइ भएको भूभाग पर्दछ । धुर्कोट क्षेत्रको मध्यम पहाडी भागमा डाँडा, पाखा, भञ्ज्याङ्ग छन् र समशीतोष्ण हावा पानी पाइन्छ भने होचो समथर भूभागका रूपमा रहेको छल्ली पनाहाका किनारको बेसीफाँट अघोष्ण हावा पानीको पेटीमा पर्दछ । यसै गरी औसत वार्षिक अधिकतम तापक्रम २३.३ सेल्सियस छ भने न्यून्तम तापक्रम १४.८६ रहेको छ ।[१३]

### २.३.७ नदीनाला

गुल्मी धुर्कोट क्षेत्रमा प्रमुख छल्ली र पनाहा खोला पर्दछन् । छल्ली र पनाहा खोला उत्तरबाट दक्षिणपूर्व वगेका छन् । पनाहा खोला धुर्कोट क्षेत्रको मध्य भागबाट वगेको छ । यी खोला मालिका र मदाने लेखबाट उत्पती भई बडिघाटसँग कालीगण्डकी नदीमा मिल्दछन् । छल्ली र पनाहा खोला तथा तिनमा मिसिने सहायक खोलाहरू खुर्पा, दुल्ले, मरेङ , पाथन, अरौदी, ओज्जे, ओबान, चिन्दी र विभिन्न खोल्सा छहराहरूले यहाँका खोला किनार, बेसी, फाँट, टार सिञ्चित छन् ।

### २.३.८ वनजङ्गल

गुल्मी धुर्कोट क्षेत्रको वनजङ्गल सामुदायिकीकरण गरिएको छ । यहाँ केही मात्रामा निजी वन पनि छन् । जैविक विविधताका दृष्टिले यो क्षेत्र समृद्ध मानिन्छ । यहाँ वन जङ्गलमा जीवजन्तु, जनावर अनि चराचुरूङ्गीहरू पाइन्छन्  । यहाँको वनजङ्गगलमा सल्ला, गुराँस, चाँप, उत्तिस, वर, पिपल, लाँकुरी, चिलाउने , कटुँस, ( धार्ने) , बाँस, सिमल, जामुन, टुनी, हर्रो, बर्रो, खन्यो पैयु, बेडुलो जस्ता रूखहरू

---

[१३] वस्तु र अन्य गा.वि.स. पूर्ववत् , पृ. १३ ।

पनि यहाँ पाइन्छन् । जडीबुटीहरू नागबेली, कुरिलो, बोभ्रो, कालोहलेदोँ टिमुर, तेजपात, गानेगुर्जो, पाती, असुरो अनि चौतारी, ऐसेलु, अमला, काफल पाइन्छन् । ऐरेलु, गिठा, तरूल जस्ता लहरा पनि पाइन्छन् । वनजङ्गलमा पशुपंक्षीहरू बानर, चितुवा, दुम्सी, भालु, मृग, घोरल, खरायो, ढेदुवा, स्याल, बाघजस्ता जनावर र कालिज सुगा, तित्रा, भँगेरा, काग, बकुला, फिस्टो, ढुकुर, जुरेली, काँडेभ्याकुर, कोकले, लाम्पुच्छे, कोइली, चिल गिद्ध जस्ता पंक्षीहरू पाइन्छ । अरिङ्गाल, वारूला, मौरी पनि वनजङ्गलमा पाइन्छन् । यी जीवजन्तु जनावरले यी क्षेत्रलाई रमणीय बनाएका छन् ।

### २.३.९ पहाड बेसी

गुल्मी धुर्कोट क्षेत्रमा पहाड भिर, पाखा, पखेरा, खोल्सा, छाँगा, गुफा आदि रहेका छन् । यहाँको माटोमा रातो, पहेँलो, फुस्रो र खरानी रङ पाइन्छ । यहाँको माटो कम मलिलो भएकाले कृषि उत्पादन पनि भएको पाइनछ । छल्ली र पनाहा खोला किनारका दायाँबायाँ भागहरू सिमलटारीदेखि छल्ली पनाहा र पुर्कोट सीमदेखि छल्ली पनाहासम्मका ब्वाँसे, चौरासी, धनार्जे, बडाचौक, सिमाघाट र डिलचौर यी बेसी फाँट हुन् । यहाँको पाँगो माटो युक्त भएकाले मलिलो छ ।

## २.४ सामाजिक अवस्था

धुर्कोट क्षेत्र बहुजातिय, बहुभाषिक, बहुसास्कृतिक क्षेत्र हो । यहाँ विभिन्न जातजाति धर्म, संस्कृतिका बिचमा सामाञ्जस्य रहेको छ । धार्मिक सहनशीलता र इमान्दारिता गुल्मेलीका चिनारी हुन् ।[१४] यहाँको सामाजिक अवस्थाबारे विभिन्न शीर्षकमा तल विवेचना गरिएको छ :

### २.४.१ जातजाति

धुर्कोट क्षेत्रमा विभिन्न जातजातिका मानिसहरू बसोबास गर्दछन् ।
यहाँका प्रमुख जातजातिहरू ब्राह्मण, क्षत्री, ठकुरी, मगर, गुरूङ्ग, नेवार, सन्यासी, दमाई, कामी, सार्की, कुमाल, गाइने आदि हुन् । यहाँ घिमिरे, पन्थी, भट्टराई,

---

[१४] राजाराम सुवेदी, पूर्ववत्, पृ. ११ ।

पोखेल, भण्डारी, खनाल, अर्याल, मरासिनी, पराजुली, ज्ञवाली, शाह, थापा, कार्की, खड्का, श्रेष्ठ, गिरी, पुरी, घर्ती, विश्वकर्मा, परियार नेपाली आदि थरद्वारा आफूलाई चिनाउने मानिसहरूको बसोबास रहेको छ ।

### २.४.२ भाषा

गुल्मी धुर्कोट क्षेत्रमा विभिन्न जातजातिहरूको बसोबास रहेका छन् । बहुसङ्ख्यक जनताले राष्ट्र भाषा नेपाली नै प्रयोग गर्दछन् । गा.वि.स. को रेकर्ड अनुसार नेपाली भाषा ९९.७ प्रतिशतले बोल्दछन् भने नेवार, मगर, गुरूङ्ग आदि ०.३ प्रतिशतले मात्र आ-आफ्नो भाषा बोलेको पाइन्छ ।[१५]

यहाँका अधिकांश जनताले नेपाली भाषा नै मातृभाषाका रूपमा प्रयोग गरे पनि यहाँ भाषाको स्वरूप आफ्नै प्रकारको छ जसलाई गुल्मेली उपभाषिकाको संज्ञा दिन सकिन्छ । यहाँ प्रचलित केही शब्दहरूलाई मानक नेपाली भाषासँग तुलना गर्दा निम्नानुसार भिन्नता देखाउन सकिन्छ ।

काँसो 'खोकी' एतिकन 'थोरै' इगुको 'सानो' मुन्तिर 'तल' एत्न 'यहाँ' तेत्न 'त्यहाँ', आँटी 'उपल्लो तला' नाम्रो 'राम्रो', सराक 'आकाश' आइसाल 'अर्को वर्ष' कौनो 'कुन' भरे 'साँझ' जस्ता शब्दहरू यहाँका उपभाषाका नमुना हुन् ।

### २.४.३ चाडपर्व

यस धुर्कोट क्षेत्रका बहुसङ्ख्यक जनताले परम्परागत सास्कृतिक चाडपर्व मनाउने गरेको पाइन्छ । उनीहरूले महान् चाड दसैँमा घरको पूजाकोठा र सम्पूर्ण कोट घरमा घटस्थापना गरी कोटघरमा तिन देखि पाँच जनासम्म पूजारी बस्ने, एक छाक खाना खाने र दिनदिनै शतचण्डी भगवतीको पूजापाठ गर्ने गर्दछन् । उनीहरूले सप्तमीको दिन विधिपूर्वक फूलपाती भित्र्याउने, अष्टमीको दिन बाह्र बजे बलिदिने र राती कालरात्री पूजा गरी चन्द्रमा अस्त हुने बेलामा पनि बोकाको बलि चढाउने गर्दछन् । नवमीका दिन कोटघरमा जम्मा भई खड्गदेवीलाई पञ्चबलि राँगा, बोका,

---

[१५] वस्तु र अन्य गा.वि.स. पूर्ववत् पृ. १२० ।

परेवा, कुभिन्डो आदि चढाउने चलन रहेको छ । विजया दशमीको दिन शुभ साइतमा घटस्थापनामा राखिएका जमरा, जल र टीका देवी देवतालाई चढाइन्छ, अनि टीका घरमा लगी लगाउने आ-आफ्नो चलन अनुसार सुरू हुन्छ । मर्यादा क्रम अनुसार ठूलाबाट सानाले दही चामलको टीका लगाउने र आशीर्वाद लिने अनि प्रसाद खाने चलन छ ।

यहाँ स्थान र कोट अनुसार दशमीको साँझदेखि पूर्णिमाको दिनसम्म नवदुर्गा भर चढाइएका फूलपाती टीका जमरा नजिकको जलाशयमा विसर्जन गर्ने अनि कोटघरको प्राङ्गणमा सरायँ खेल्ने चलन छ । सरायँ खेल्ने गुल्मी, अर्घाखाँची, पाल्पाको विशेषता पनि हो । यसरी दसैं तिहार निकै हर्षोल्लासका साथ मनाइन्छ । त्यस्तै तीज, ऋषि पञ्चमी, चैते दसैं, नाग पञ्चमी, वैशाख पूर्णिमा, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, असारे पन्ध्र, पुसे पन्ध्र, कुसे औंसी, हरिशयनी र हरिबोधनी एकादशी, श्रीपञ्चमी, महा शिवरात्री, गुरू पूर्णिमा, अक्षय तृतीया र नयाँ धान भित्र्याएपछि कात्तिक मङ्सीरमा खाइने न्वागी जस्ता यस क्षेत्रमा सास्कृतिक चाड पर्व मनाउने गरिन्छ । आफ्नो जात थर अनुसार कुलायन पूजा गर्ने चलन छ । कुल पूजामा बलि दिने गरिन्छ । सो बलि नदिनेले खिर, पिठो, आदि पकाएर प्रसाद स्वरूप खाने चलन छ ।

### २.४.४ लवाइखवाइ

यस क्षेत्रमा पहिरिने वस्त्र तथा आभूषणमा लिङ्ग, उमेर र जातजातिको प्रभाव परेको पाइन्छ । दौरा, सुरूवाल, टोपी, भोटो, इस्टकोट वा आस्कोट पटुकी आदि बुढापाका पुरूषले प्रयोग गर्दछन् भने गुन्यु, चोलो, घलेक, पछ्यौरी, पटुकी नारी जातिले परम्परागत रूपमा पहिरन्छन् । आजभोलिका आधुनिक सहरिया पोसाकहरू सर्ट, पाइन्ट, कुर्ता, मिड्डी म्याक्सी आदि पनि लगाइन्छन् । मगर गुरूङग् जातिका महिलाले लुङ्गी र टिसर्ट लगाउँछन् । बुढापाकाले खुर्पेटो भिरी हँसिया राख्न प्रयोग गर्दछन् । महिलाहरूले ढुङ्ग्री, मुन्द्री, नौगेडी, शिरफूल, किलिप,

चन्द्रमा, तिलहरी, चुरा, पोते, औंठी, बुलाँकी, निधारमा टीका, सिउँदोमा सिन्दुर आदि सौन्दर्यका साधन प्रयोग गर्दछन् । सधवा र विधवाको वेशभूषा फरक हुन्छ । विधवाले पहेँलो, सेतो, हरियो रङ्गका वस्त्र र हातमा चाँदीका रैयाँ लगाउने गर्दछन् ।

यहाँको मुख्य खेती मकै, कोदो, फापर, जौ, गहुँ, धान भएकाले तिबाट तयार हुने आटो, ढिँडो, भात, रोटी खाने चलन छ । अर्नी (खाजा) का रूपमा रोटी, सातु, भुटेको मकै आदि खाने गरेको पाइन्छ । चाड पर्व अनुसार दसैँ तिहारमा केरा, कुराउनी, सेलरोटी, अर्सा, अनरसा, फिनी अनि तीजको अघिल्लो दिन दूध, घ्यू, आदिबाट बनेका परिकार खाने चलन छ । त्यसलाई दर खाने भनिन्छ । साउनमा खीर, पुसे पन्ध्रमा खाजा, माघमा खिंत्रो (खिचडी) र न्वागीमा दहीचामल खाने चलन छ । मतवालीले जाँड रक्सी खाने गरेको पाइन्छ । मांसाहारीले मासु र शाकाहारीले मीठा मीठा दाल, तरकारी र अचार खाने गर्दछन् ।

### २.४.५ संस्कार

संस्कार भन्नाले मानिसको गर्भाधान देखि मृत्युपर्यन्त बैदिक विधि र परम्परा अनुसार गरिने कृत्य बुझिन्छ । धुर्कोट क्षेत्रमा सबै जातजातिका मानिसहरूले यी संस्कारहरू गर्ने गरेको पाइन्छ । धर्मग्रन्थहरूले सोह्र संस्कारहरू पुरा गर्नुपर्ने देखाए पनि सबै संस्कारहरू प्रचलित छैनन् । सोह्र संस्कारहरू मध्ये यस क्षेत्रमा जातकर्म, छैठी, नामकरण, अन्न प्राशन, चूडाकर्म, उपनयन, विवाह, मृत्यु र श्राद्ध आदि प्रचलित छन् ।

#### २.४.५.१ जात कर्म

बालक जन्मना साथ गरिने विभिन्न विधिहरूलाई जातकर्म भनिन्छ । बालक जन्मनासाथ नाल काट्ने प्रचलन सबै जातिमा प्रचलित छ । नाल काट्ने काम सकभर बाहिरको महिला खोज्ने नभए आमाले नै रूपियाँको ढ्याकमाथि राखेर सम्पन्न गर्दछन् । आज भोलि सम्भव हुनेले स्वास्थ्यकर्मीलाई पनि बोलाउँछन् । काटिएको नाल झरेपछि अगेनाको डिलमा गाड्ने चलन पनि छ, जसले गर्दा बालक

ठूलो भए पछि जहाँ गए पनि खाने बेलामा घर आउँछ भन्ने किंवदन्ती छ । बच्चाको न्वारन (नामकरण) नगर्दा सम्म सुत्केरी छुट्टै बस्ने गर्दछन् । एघार दिनसम्म धार्मिक कार्य गरिदैन ।

### २.४.५.२ छैंठी

यस क्षेत्रमा जातजातिको संस्कार अनुसार छोरा जन्मेको छौँटौ दिनमा छैंठी गर्दछन् । सो दिनमा भावी आएर बच्चाको भविष्य लेख्ने मान्यता भएकाले सिरानीमुनि कलम कापी राखी दिने गर्दछन् । ब्राह्मणद्वारा पूजा पाठ गर्ने र ग्रह नक्षत्र हेर्ने बच्चालाई आशिर्वाद दिने, आफन्त छरछिमेकीलाई बोलाएर भजन कीर्तन गरी नाच गान गर्ने तथा छैंठी बाँड्ने गरी रातभरि रमाइलो गरिन्छ ।

### २.४.५.३ नामकरण

बच्चा जन्मेको एघारौँ दिनमा न्वारन गर्ने चलन छ । घर लिपपोत गर्ने बच्चा र आमालाई नुहाइ दिने, पञ्चगव्य छर्ने, र खान दिने, बाहुनद्वारा पूजापाठ गर्ने तथा ग्रह नक्षत्र अनुसार पिपलको पातमा चन्दनले लेखी बालकको नाम राख्ने गरिन्छ । मगर गुरूङ्ग दलितहरू यो काम भान्जा वा ज्वाँइद्वारा गराउँछन् । छोरीको न्वारण आवश्यक परेको खण्डमा सात वा नौ दिनमा गर्ने चलन छ । सामान्यतया एघारौं दिनमा नै गरिन्छ ।

### २.४.५.४ अन्नप्राशन

यो संस्कारलाई भात खुवाइ वा जुठोमुख लगाइ दिने पनि भन्दछन् । छोरीको पाँच महिना र छोराको छ महिनामा भात खुवाउने गरिन्छ । विभिन्न प्रकारका परिकारहरू पकाउने बच्चालाई मान्यजनद्वारा खाना खुवाउने र टीका लगाई कपडा, पैसा उपहार दिने गरिन्छ । आफन्त र छिमेकीहरूलाई खानपिन गराउने चलन पनि रहि आएको छ ।

### २.४.५.४ चूडाकर्म

चूडाकर्म संस्कार सबै जातजातिका मानिसले छोराको पहिलो पटक कपाल काटि दिँदा बुबा आमाले नदेख्ने गरी बालकको मावलीले काटि दिनु पर्छ भन्ने प्रचलन छ । कपाल काटि दिँदा बहिनीले भुँइमा खस्न नदिन थालमा थाप्ने चलन छ । त्यो थाल दिदी बहिनीलाई दिने चलन छ । कपाल काटेपछि मामाले टोपी लगाई दिनु पर्छ । यो संस्कार लोप हुने अवस्थामा छ ।

### २.४.५.५ उपनयन

उपनयन संस्कारलाई व्रतबन्ध विशेषतः ब्राह्मण क्षेत्री जातिले गर्ने यो संस्कार छोरा ८ वर्षको हुँदा गर्ने प्रचलन भए पनि समय सापेक्ष परिवर्तन भएको छ । शुभ दिनमा बाहुनद्वारा विधिपूर्वक पूजापाठ गरी गुरूमन्त्र सुनाई जनै लगाउने गर्दछन् । व्रतबन्ध गर्नेले जोगीको भेष गरी आमाबुबा र मान्यजहरूबाट भिक्षा मागी गुरूलाई दिने रमाइलो प्रचलन छ, साथै गुरूबाट वेदारम्भ (शिक्षा आरम्भ) गराउने गरिन्छ । व्रतबन्ध गरेपछि छोराले कुलको मान्यता पाउने र धर्म संस्कारमा सामेल हुने अधिकार प्राप्त गर्दछ । यसमा गुरू दिदी बहिनी र कन्या कुमारीलाई टीका लगाई दक्षिणा दिने गर्दछन् ।

### २.४.५.६ विवाह

हिन्दु धर्ममा विवाहलाई जीवन पद्धति र संस्कारका रूपमा मानिएको छ । यस क्षेत्रमा प्रायः मागी विवाह हुने गरेको पाइन्छ । अचेल प्रेम विवाह अन्तर्जातीय विवाहतर्फ युवायुवतीको रूचि बढ्दै गई रहेको देखिन्छ । मागी विवाहमा केटाकेटीको कुरो लमीले मिलाउँछ । कुराको छिनोफानो भएपछि जनै सुपारीको लागि साइत जुराउने गर्दछन् । केटा पक्षले केटी पक्षको घरमा दही, केरा मिठाइ र फलफूल आदि लाने गर्दछन् । केटीको घरमा टीकाटालो गर्ने, विवाहको शुभ दिन किटान गर्ने केटा पक्षबाट लगेको सामग्री सबै गोतियारहरूले खाने चलन छ । विवाहको दिन रूचि र क्षमता अनुसार बाजा गाजा सहित जन्ती जान्छन् । जन्ती हिँडेपछि घरमा जिउँती खेल्ने चलन छ । दुलाहाको तर्फबाट विवाह लगनको समय

आदि लेखिएको पत्र दहीको ठेकी फलफूल सहितको माङ्गलिक सामग्री जन्ती पुग्नु भन्दा अगाडि लिएर जान्छन् । जन्तीहरू पुगेपछि जन्ती पर्सन्छन् । यसपछि स्वयंवर गर्दछन् । केटीले केटालाई पानी अक्षता छर्कदै वरिपरि घुमेर दुबोको माला लगाई दिने, दुलाहाले औंठी र माला लगाई दिने चलन छ । त्यसपछि जन्तीलाई खाना खुवाउने र दुलहा अनि दुलहीलाई जग्गेमा लगी बाहुनद्वारा विधिपूर्वक मन्त्र उच्चारण गर्दै गोडा धुने गरिन्छ । दुलहा दुलहीको बुढी औंला छोएर आमाबुबा तथा माइती पक्षका आफन्तले जल खाने र टीका लगाई दक्षिणा भाँडाकुँडा दिने चलन छ । दुलहा दुलहीको घाँटीमा अचलो बाँधिएको हुन्छ । अचलोमा पान, सुपारी, दुबो र पैसा राखिएको हुन्छ । अचलोमा कन्या पक्षले जति पैसा राख्छन् त्यसको दोब्बर वर पक्षले राख्ने चलन छ । दुलही पक्षले विधिपूर्वक कन्यादान गर्दछन् । त्यसपछि सुनदान र गाईदान दुलहालाई गर्दछन् । केटा पक्षबाट लिएका आभूषण पहिराई माइती पक्षले नदेख्ने गरी दुलहाले दुलहीको सिउँदोमा सिन्दुर हाल्ने गर्दछ । विवाहको कर्मकाण्ड समाप्तिपछि सम्देलो गर्दै सबै जन्तीलाई बिदाइ गर्दछन् ।

जन्तीहरू बिच बाटामा पुगेपछि दुलहा दुलही बिच चिउरा माग्ने गर्दछन् । जन्ते बाखो खाने चलन पनि छ । घर पुगेपछि आरती गरी दुलहा दुलहालाई घर भित्र प्रवेश गराउँछन् । घर भित्र प्रवेश गर्दा धानको थुप्रोमाथि बालिएको बत्तिलाई टेक्दै घर भित्र प्रवेश गराउँदा नन्द आमाजूले बाटो छेक्छन् । दुलहीले दक्षिणा दिएर घर भित्र प्रवेश गर्दछिन् । दुलहीको मुख हेर्ने र टीका लगाई पैसा कपडा दिने गर्दछन् । अर्को दिन चतुर्थी गर्ने गरिन्छ । भित्त्याएको एक, तिन र पाँच रातपछि धुर्पाइलो फर्काउने भनी दुलहा र दुलही दुलहीका माइत जान्छन् । विवाह गरेको वर्ष दिन भित्र जिउती मेट्ने चलन छ । केटा पक्षले केरा, कुराउनी र रोटी आदि लगेर खुवाएपछि विवाह सकिन्छ । मतवालीले भने जाँड, रक्सी, रोटी र मासु नै लैजाने चलन छ । मगर जातिमा दुलहीलाई दुलहाको घर भित्र प्रवेश गराउँदा ढोकामा कुखुरो काट्ने र टीका लगाई दिएर बुबाआमाले दुलहीलाई स्वीकार्ने चलन छ ।

मतवालीहरूमा मामाकी छोरी तथा दाइकी साली विवाह गर्ने चलन बढी मात्रामा छ ।

विवाहमा भोज खुवाउने (जन्ते  बाख्रो खाने) च्यूरा माग्ने, ध्रुवतारा देखाउने जिउँती खेल्ने जस्ता चलन यहाँका सास्कृतिक विशेषता हुन् ।

### २.४.५.७ मृत्यु

हिन्दु परम्परा अनुसार यो अन्तिम संस्कार हो । कर्म चलेका मानिस मरेमा जलाउने तेह्र दिनसम्म जुठो बार्ने र कर्म नचलेको मानिस मरे गाड्ने चलन छ । मरेको मानिसलाई तुलसीको नजिकै सेता कपडाले ढाकिन्छ । बाँसमा बाधेर शङ्ख बजाउँदै लाभा, जौ, तिल र पैसा छर्दै घाटमा लगिन्छ । घाटमा पिण्ड दिने खुट्टामा घ्यू लगाउने तीन पटक घुमाई चितामा राखी छोराले दाग बत्ती दिने गर्दछन् । लासलाई खरानी बनाउँछन् ।

गोतियार शोक मनाउनेले कपाल खौरिने गर्दछन् । फिर्ता हुँदा बिच बाटामा काँडा राखिएको हुन्छ, जसलाई क्रियापुत्री तथा मलामीले काँडा कुल्चेर अगाडि आउन चलन छ । यसो गर्दा मृतकको आत्मा घर फर्कन्न भन्ने भनाइ रहेको छ । प्रत्येक दिन क्रियापुत्रीले एक छाक खाने पाँचौ दिनदेखि गरूड पुराण सुन्ने १३ औं दिनमा पितृकार्य सम्पन्न गरी उम्कने चलन छ । मगर गुरूङ्ग र सन्यासीहरूको मृत्यु हुँदा लासलाई गाड्ने चलन पनि छ । सबै जातजातिमा १३ दिनको दिन भान्जा, भान्जी, बाहुन चेलीबेटी, मलामी र इष्टमित्रलाई भोजभतेर गराई दान दक्षिणा गरेपछि जुठो उम्केको मानिन्छ । यसलाई गहुँत खाने पनि भनिन्छ ।

वर्ष दिनसम्म सेतो कपडा लगाइन्छ र अशुद्ध चिज खाइदैन । यसलाई दुःख बोकेको भन्दछन् । पैंतालीस दिन, ६ महिना र वर्ष दिन सम्म श्राद्ध गर्ने र वर्ष दिनमा श्राद्ध तर्पण गर्ने, दान दक्षिणा गर्ने तथा मलामीलाई भोजन गराउने गर्दछन् ।

### २.४.५.८ श्राद्ध तर्पण

मरेको पितृको तिथि र श्राद्ध पक्षमा छोराले पिण्ड तर्पण दिने पितृको नाममा दान दक्षिणा गर्ने र ब्राह्मण भोजन गराउने गर्दछन् यो संस्कार ब्राम्हण, क्षेत्री, मगर आदि जातिमा पाइन्छ ।

### २.४.६ स्वास्थ्य स्थिति

धुर्कोट क्षेत्रमा स्वास्थ्य सेवा समुन्नत नभए पनि केही मात्रामा भएको पाइन्छ । प्रत्येक गा.वि.स.मा एक वटा उप-स्वास्थ्य चौकी र एउटा इलाका स्तरीय स्वास्थ्य चौकीबाट यहाँका बासिन्दाले स्वास्थ्य सेवा प्राप्त गरेका छन् । गाउँघरमा स्थानीय जडिबुटीको प्रयोग गरेको पनि पाइन्छ । निजी औषधालयले पनि सेवा पुऱ्याएका छन् । यस क्षेत्रमा धामी झाँक्री र झारफुकमा समेत केही विश्वास गरेको पाइन्छ । गाउँ गाउँमा सुडेनीको तालिम प्राप्त महिलाहरूले समेत प्रसूति सेवा र परिवार नियोजनका साधन सम्बन्धी सेवा पुऱ्याएको पाइन्छ । ठूलो रोग र इमजेन्सी पर्दा इलाका स्वास्थ्य चौकीमा रहेको एम्बुलेन्सबाट तम्घास, पाल्ला र बुटवलसम्म पुगेर उपचार गर्ने गरेको पाइन्छ ।

## २.५ शैक्षिक अवस्था

गुल्मी धुर्कोट क्षेत्रमा शिक्षाको विकास गुरूकुल शिक्षाबाट भएको पाइन्छ । पुण्यक्षत्रे तीर्थ स्थलहरू विद्वान र ब्राम्हणका घरमा गई संस्कृत शिक्षा पढ्ने पढाउने चलन थियो । यहाँका केही मानिसहरू भारतको काशी, वाराणसी, हरिद्वार जस्ता तीर्थ स्थलमा गएर अध्ययन गर्ने गरेको पाइन्छ, पछि यस क्षेत्रका केही ठाउँमा पाठशाला बनाई नेपाली भाषा शिक्षा पढाउने गरेको पाइन्छ । आधुनिक युगसम्म आइ पुग्दा यस क्षेत्रको शैक्षिक स्तरमा निकै वृद्धि एवं विकास भएको पाइन्छ । वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु भएपछि शैक्षिक स्तरमा निकै परिवर्तन आएको छ । हाल यस क्षेत्रमा एउटा बहुमुखी क्याम्पस, ४ वटा उच्च मा.वि., ९ वटा मा.वि., २ वटा नि.मा.वि., ५२ वटा प्रा.वि., २ वटा बाल शिक्षा र एउटा आवासिय विद्यालय रहेको पाइन्छ । गा.वि.स. को रेकर्ड अनुसार यस क्षेत्रमा

८२% साक्षर छन् । जसमा महिला ७५% र पुरूष ९०% साक्षर रहेका छन् ।[१६] यहाँको शैक्षिक अवस्थालाई माथि उठाउन यी शैक्षिक संस्थाहरूले ठूलो भूमिका खेलेको छन् ।

**२.६ आर्थिक अवस्था**

गुल्मी धुर्कोट क्षेत्रको आर्थिक अवस्था सामान्य स्तरको छ । यसको अर्थ व्यवस्था मूलतः कृषिमा आधारित छ । कृषिको प्रधानता भए पनि यहाँको उत्पादनले स्थानीय आवश्यकता पुरा हुन सकेको छैन । स्थानीय आवश्यकता पुरा गर्न कच्चा पदार्थहरूमा निर्मित गरिएका कृषि जन्य घरेलु उद्योगमा अन्न कुट्नु, पिस्नु, उखुबाट खुदो बनाउनु त्यस्तै जडीबुटीबाट औषधी बनाउनु, भर्लो, मुडेला र केतुकीका पटुवाबाट नाम्ला, दाम्ला, माछा मार्ने जालो बनाउनु, बाँसबाट भकारी, डोको, मान्द्रो, काठबाट मधुस, दराज, खाट, फलामबाट भाँडाकुँडाहरू, कृषिका औजार बनाउनु जस्ता काम गरी स्थानीय आवश्यकता पुरा गरी केही बाहिर निकासी समेत गरिन्छ । पशु पालनबाट दूध, दही, कुराउनी, मासु आदि तयार गरिन्छन् । यहाँका निर्यात गरिने वस्तुहरू घ्यू, जडीबुटी, सुन्तला, सुठो, भटमास, चुक, कागतीको रस, भकिम्लो, कफी आदि हुन् । तिनमा पनि विशेष निकास हुने नयाँगाउँका सुन्तला र यस क्षेत्रको सल्लाको काठ र खोटो हो । यसले आर्थिक टेवा दिएको छ । यस क्षेत्रका बासिन्दाहरूको आर्थिक जीवनमा नोकरी तथा सेवाले पनि ठूलो सहयोग पुऱ्याएको छ । रोजगारीका लागि स्वदेश तथा विदेशका सरकारी गैरसरकारी तथा निजी सङ्घ संस्था र कम्पनीमा काम गरी आर्थिक जीवनलाई मजबुत गर्नमा मानिसहरू लागि परेका छन् । गा.वि.स.को रेकर्ड अनुसार कृषि पेसामा ७६.६%, सरकारी सेवा (नोकरी) मा ३.७%, वैदेशिक रोजगारमा १३.८% र ज्याला मजदुरी १.७% मानिसहरू संलग्न पाइन्छन् । यसरी यहाँका मानिसहरू पेसामा संलग्न भई आर्थिक वृद्धमा

---

[१६] वस्तु र अन्य गा.वि.स, पूर्ववत्, पृ.३५ ।

लागेको पाइन्छ ।[१७] यसरी यहाँका मानिसहरू पेसामा संलग्न भई आर्थिक वृद्धिमा लागेको पाइन्छ ।

## २.७ धार्मिक अवस्था

गुल्मी धुर्कोट क्षेत्रमा विभिन्न जातजातिका मानिसहरूको बसोबास रहेकोले विभिन्न धर्मावलम्बीहरू छन् । यहाँ ९९ प्रतिशत हिन्दु धर्म मान्ने छन् भने अन्य बौद्ध, किराँत, मुस्लिम, क्रिश्चियन धर्म मान्ने परिवार केही छन् । यहाँका विशेष धार्मिक क्षेत्रहरू धुर्कोट र जस्थलको कोटघर, वस्तुको कालिका मन्दिर, शिवालय, वाग्ला अज्मिरको कोटघर गुफाको देवी मन्दिर र शिवालय, त्यस्तै सम्पूर्ण गा.वि.स.मा रहेका कोटघर र अन्य मठमन्दिर धार्मिक क्षेत्रहरू हुन् । वस्तु गा.वि.स.को वार्ड नं.५ मा रहेको विचित्र गुफा कमला वनमा अवस्थ्ति २०४५ सालमा पत्ता लागेको एउटा महत्वपूर्ण राष्ट्रिय सम्पदा हो । यो धार्मिक ऐतिहासिक एवं जैविक दृष्टिकोणले अत्यन्त महत्वपूर्ण छ । यस गुफामा विभिन्न ठूला साना ११ वटा कक्षहरू रहेका छन् । गुफाको कुल लम्बाइ अहिले भेटे सम्मको १८५ मिटर छ भने उचाइ विभिन्न स्थानमा फरक फरक रहेको छ । उच्चतम उचाइ करिब ८० फिट भन्दा बढी रहेको छ ।[१८] यस क्षेत्रलाई चिनाउन यी धार्मिक र ऐतिहासिक क्षेत्रका महत्वपूर्ण भूमिका रहेको छ ।

## २.८ साहित्यको स्थिति र अवस्था

गुल्मी धुर्कोट क्षेत्रमा प्रचलित साहित्य र लोक साहित्यको परिचय यसरी दिइएको छ :-

---

[१७] वस्तु र अन्य गा.वि.स, पूर्ववत्, पृ.२२ ।

[१८] पीताम्बर भण्डारी, 'विचित्र गुफा' (दृश्य सामग्री), (गुल्मी : विचित्र गुफा संरक्षण तथा विकास समिति, २०६८), आवरण पृष्ठ

### २.८.१ साहित्य

साहित्य कुनै पनि राष्ट्र वा समाजको अमूल्य निधि हो । शिक्षित जनताका अनुभव सारयुक्त भनाइहरू तथा सुख दुःखका सुसेलीहरू साहित्यका विभिन्न विधाका रूपमा प्रकाशित हुँदै आएका छन् । मौलिक परम्पराका रूपमा प्रकाशित हुँदै आएका छन् । मौलिक परम्पराका रूपमा आएका कथा कहानी, गीत, कविता सुख दुःखका अभिव्यक्ति छन् । मनोरञ्जनको उद्गार नै साहित्य हो ।

गुल्मी धुर्कोट क्षेत्रले नेपाली साहित्य र संस्कृत साहित्यका साहित्यिक स्रष्टाहरू जन्माएको छ । साहित्यिक लेखकहरूले विभिन्न विधामा कलम चलाएका छन् । नेपाली साहित्य र संस्कृत साहित्यमा साहित्यिक प्रतिभाहरू साहित्य साधनामा संलग्न भएको पाइन्छ । शशी पन्थीका अनुसार यहाँका केही व्यक्तिहरूले आफ्ना कृति प्रकाशन गरेका छन् । धुर्कोट पण्डित टोलका उमानाथ पन्थी (१९६४) ले 'गण्डकी गौरवम' 'रामनावैभवम्' 'ऋषिकेशाष्टकम' संस्कृत र नेपाली भाषामा प्रकाशित गरेका छन् । पण्डितटोलकै नारायण पन्थी (२०१३) ले बिना शीर्षकका कविताहरू (२०५४), वाग्ला बडाचौरका नीलाम्बर पन्थी (१९८४) ले 'जीवनको आशा' (२०५८) उपन्यास, 'विवेचना' 'पन्नगा परिकथा' (खण्डकाव्य), बडाचौरकै भीमकान्त पन्थी (१९७८)ले 'जगदम्बिका वैभवम्', 'जगदीश्वर वैभवम्' भाषा अनुवाद सहित प्रकाशन गरेका छन् । वस्तुका डा. रवीन्द्र रमीर (२०३०) का 'तेस्रो आँखा' र 'पोष्टमार्टम' (२०५३) (६२ लघुकथा सङ्ग्रह) र 'कालो बादल भित्र चाँदीको घेरा' (२०६२) मुक्तक तथा गजल प्रकाशित छन् भने 'बेइजिङ्गको सेरोफेरो' ( नियात्रा सङ्ग्रह) र 'ईश्वरका कथाहरू' लघु कथा सङ्ग्रह अप्रकाशित छन् । त्यस्तै गरी वाग्ला बडाचौरका डा. लक्ष्मीकान्त पन्थी (२००८) का 'ऋतु विचार' खण्डकाव्यको संस्कृत अनुवाद 'जीवनदर्शनम्' कविता सङ्ग्रह प्रकाशित छन् भने हठयोग प्रदीपिका समालोचनाको एक सङ्ग्रह 'चन्दन अक्षाता-फूल' र 'कृष्ण जीवन दर्शन' नेपाली पद्यकाव्य प्रकाशोन्मुख छन् । वस्तुका हरि प्रसाद भण्डारी (२०१९) का 'चिराग' (२०४७), कथा सङ्ग्रह 'अस्वीकृत कथाहरू' (२०५८) नयाँगाउँका जय

प्रताप मल्लको 'मोटर बाटो' सम्बन्धी लेख पराल्मीका खिमानन्द पोखरेलका कविता, कथा नाटक र समीक्षा एक दर्जन भन्दा बढी एकाङ्की नाटक लेखेका छन् । वाग्लाका रोमलाल गिरीले 'गुल्मीको गौरव' (२०५९) र विभिन्न पत्रपत्रिकामा लेख प्रकाशन गरेका छन् ।[१९] लुङ्खर्कका नव्य व्याकरणाचार्य होमनाथ उपाध्याय घिमिरे (१९४९), 'गुरारम्यर्थना' र 'पुष्पाञ्जली' कविता सङ्ग्रह अरौँदीका प्रा.डा. बाबुराम पोखेल (१९९१) ले १० वटा नेपाली भाषा साहित्य विषयमा विवचेनात्मक लेखहरू पत्रिकामा प्रकाशन गरेका छन् ।[२०] यस क्षेत्रमा साहित्यलाई अगाडि बढाउन अहिलेको नयाँ पुस्ताका लेखकहरूले देशको विभिन्न क्षेत्रमा गई साहित्य सिर्जना र प्रकाशन गरेका छन् ।

### २.८.२ लोक साहित्य

गुल्मी धुर्कोट क्षेत्रमा प्रचलित लोक साहित्यका लोकगीत, लोक भजन, लोक नाटक, लोक कथा आदि विभिन्न विधाहरू पाइन्छन् ।

### २.८.२.१ लोक गीत

गुल्मी धुर्कोट क्षेत्रमा प्रचलित विविध विधिहरू मध्ये सबैभन्दा प्रचलित र विकसिक विधा लोक गीत नै हो । युवायुवतीले प्रेम साटासाट गर्ने, श्रीमान परदेश गएका अवस्थामा विरही नारीले स्वरहरू सुसेल्ने, गाउँ घरमा घाँस दाउरा जाँदा होस् वा गोठलाहरूले गाईवस्तु चराउन जाँदा होस् वनपाखामा घन्काउने बालबालिका देखि बुढापाकासम्मले रूचिका साथ गाउने र सुन्ने लोक गीत नै हो । समय सापेक्ष गाइने लोक गीतले सबैका दुःख सुख, हर्ष, मायाप्रेमका साथ गाँजिँदै र झाँगिँदै गईरहेको छ । लोक साहित्यको सबैभन्दा लोकप्रिय विधाका रूपमा लोक गीत प्रयोग भएको पाइन्छ । जस्तै :-

---

[१९] शशी पन्थी, पूर्ववत्, पृ.४७-८५ ।

[२०] सुब सेन, 'गुल्मीका केही प्रसिद्ध व्यक्तित्वहरू', **गुल्मी परिचय** (काठमाडौँ: गुल्मेली समाज, २०६२), पृ. २९७-३३० ।

तिम्रो मनमा जति पिर परेनी
सपनीमा आइरहन्छु मरेनी ।
फुल फुल्यो केतुकी यो मायालाई
उडेर भेटुकी ।

### २.८.२.२ लोक भजन

धार्मिक क्षेत्र मठमन्दिर र घर आँगनमा व्यक्तिगत र सामूहिक रूपमा भजन कीर्तन हुने गर्दछ । धार्मिक कार्य सम्पन्न भएपछि भजन मण्डलीद्वारा सङ्गीतमय नृत्यका साथ गाइने भजनले सम्पूर्ण श्रोता, कर्तालाई मनोरञ्जन प्रदान गर्दछ । बालकदेखि बुढापाका भद्र भलादमीसम्म गाउन नाच्न नजान्ने पनि भजन भनेपछि सहभागी हुन्छन् । पूजाआजाका क्रममा ईश्वरको गुणगान गर्दै भक्ति भाव देखाई ज्ञानमार्ग भन्दा भक्तिमार्ग धर्म जोगाउन सहज छ भन्ने विश्वासमा भजन कीर्तनले महत्वपूर्ण स्थान ओगट्न सफल भएको देखिन्छ । जुन देवी देवताको पूजा अर्चना सम्पन्न भएको छ, प्रायः सोही देवीदेवताको भजन गाइन्छ ।

### २.८.२.३ लोक नाटक

नृत्य, वाद्य र गीत सहितको गाउँघर आँगन चोक आदिमा विशेष समय र अवस्थमा देखाउने नाच गानलाई लोक नाटक भनिन्छ । यस्ता लोक नाटकहरू देखाउने गरिन्छ । दसैं, कार्त्तिकको ठूलो एकादशी, कृष्णाष्टमी आदिमा विभिन्न देवीदेवता र राक्षसका खप्पर लगाई बाजा बजाई चरणवद्ध रूपमा नचाउने गरिन्छ । विभिन्न सङ्घ सङ्गठन संस्था, विद्यालय आदिको उत्सवमा समेत कलाकारहरूद्वारा लोक नाटक तथा एकाङ्कीहरू देखाइने र मनोरञ्जन गराइने काम हुन्छ । त्यसै गरी रोपाइँ, जात्रा, मारूनी आदि नारीका पोसाक लगाई बाजा बजाई नाचिने नाच आदि यहाँका लोक नाटकका उदाहरण हुन् ।

### २.८.२.४ लोक कथा

नेपाली जन जीवन विशेषता कृषिमय छ । खेतबारीको कामबाट थकित भएका साँझमा फुर्सदको समयमा घरका जहानहरू सबै एकै ठाउँमा बसी मनोरञ्जनका लागि भनिने यस्ता लोककथाहरू पनि यहाँ प्रशस्त पाइन्छन् । यसलाई दन्ते कथा र लोककथा जस्ता विभिन्न शब्दले चिनाउने गरेको पाइन्छ । यस्ता कथा अनौठा किसिमका मानवीय पात्र र मानवेतर स्याल, खरायो, हात्ती आदि देखि लिएर राजा रानी, राजकुमारीसँग सम्बन्धित विषयसँग जोडिएका पाइन्छन् । भाग्यमानीको भूतै कमारो, बाबु फाल्ने डोको, कान काट्ने आदि यस क्षेत्रमा प्रचलित लोक कथाहरू हुन् ।

यी लोककथाले मानवमा शिक्षा, उपदेश, वीरता, नैतिकता तर्क, धैर्य, विद्वता आदि प्रति आस्था जगाई आफूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सधैं सभ्य नागरिक भई बाँच्न मनोबल प्रदान गर्दछन् ।

### २.८.२.५ लोकगाथा

लडाइँ तथा युद्धका कथाहरू समाजका प्रतिष्ठित वा मान्यता प्राप्त व्यक्तिका जन्म मृत्यु सहितका कथा आदि कुरालाई तथा चेलीबेटीका विशेष अवस्थाका कथाहरूलाई गीतको रूपमा गाइँदा लामा लामा गाथाहरू जन्मन्छन् । कथासहितको गाथामा सवाई पनि पर्दछ । यस क्षेत्रमा भोटको लडाइँको सवाई, श्रीराम चरित्र र श्री कृष्ण चरित्र गाउने चलन छ । त्यस्तै गरी विशेषतः श्रीनन्दनको चाँचरी वा राजेश्वरी चाँचरी गाथा यसै क्षेत्रमा पर्ने छल्ली फाँटको युद्ध सम्बन्धी गाथाका रूपमा गाउने प्रचलन छ ।

### २.८.२.६ गाउँखाने कथा

गाउँखाने कथा लोक साहित्यको एउटा महत्वपूर्ण विधा हो । यो मानवले पहिले देखि नै सुख दुःखका क्षणमा जिज्ञासा मनोरञ्जन व्यक्त गर्ने र समय बिताउने साधनका रूपमा प्रयोग गर्दै आएको पाइन्छ । मनोरञ्जनका साथै वुद्धि परीक्षणको सशक्त माध्यम मानिएको गाउँ खाने कथा विशेष गरी साँझमा भन्ने गरिन्छ ।

दिउँसोमा भनियो भने छोराछोरी लाटा जन्मन्छन् भन्ने विश्वासमा साँझ वा रातीमा भन्ने गरिन्छ । प्रश्न सोधेपछि उत्तर दिने उत्तर दिन नसकेपछि कुनै एउटा गाउँ दिएपछि प्रश्नकर्ताले सही जवाफ दिने हुनाले यसलाई गाउँखाने कथा भनिएको हो । विशेष गरी साउन भदौमा दिनभरि मकै भाँची रातमा घरमा छरछिमेकीहरू बोलाई मकै केलाउँदा गाउँखाने कथा भन्ने गरिन्छ । जीवनका विविध पक्षसँग सम्बन्धित यी गाउँखाने कथाहरू सहज भएर पनि जटिल र जटिल भएर पनि लोकप्रिय छन् ।

### २.८.२.७ उखान टुक्काहरू

भाषालाई मीठो चमत्कारपूर्ण र आकर्षक बनाउन तथा आफ्ना धेरै कुराहरूलाई थोरै शब्दमा पुष्टि गर्न उखान टुक्काहरू अति नै महत्वपूर्ण साधनहरू मानिन्छन् । परम्परादेखि नै चल्दै आएको यो विधा केटाकेटीदेखि बुढापाकासम्म महत्त्वका साथ प्रयोग गरेको पाइन्छ । उखान टुक्काले भाषालाई जीवन्त तुल्याउँछ र परम्परालाई जोगाई राख्दछ । नराम्रो कुरालाई राम्रो बनाई भन्नु परेमा तथा भाषालाई शिष्ट बनाउन टुक्काहरूको महत्वपूर्ण भूमिका रहन्छ । यस क्षेत्रमा टुक्काका रूपमा 'सिल्टीमुर खानु' 'नाक काट्नु' 'हावा खानु' आदि र 'पशुपतिको यात्रा सिद्राको व्यापार' 'किन रोइस मङ्गले आफ्नै ढङ्गले' 'काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर' आदि प्रयोग भएको पाइन्छ ।

# अध्याय तिन

# लोक भजनको परिचय र वर्गीकरण

## ३.१ लोक साहित्यको परिचय

संस्कृतको 'लोकृ दर्शने' धातुमा 'घञ्' प्रत्यय लागेर लोक शब्द बन्दछ । 'लोक' शब्दको अर्थ देख्नेवाला, जनता, लोक, संसार प्राणी दुनिया इत्यादि हो ।[२१] 'लोक' शब्दले जुन अर्थ प्रस्ट्याउँछ, त्यो अनादिकालदेखि चल्दै आएको पाइन्छ । इहलोक वा परलोक ब्रह्माण्डको कुनै खण्ड विशेष वा संसारलाई बुझाए पनि विशेषतः 'लोक' शब्दले जनता, साधारण व्यक्ति वा जनसमूह भन्ने अर्थ व्यक्त गर्दछ । यसले सम्पूर्ण जनमानसलाई समेटेको हुन्छ ।

साहित्यको व्यापक अर्थमा सम्पूर्ण वाङ्मय र वाणीलाई लिन्छ, तर पारिभाषिक शब्दका रूपमा यसो अर्थ हितले युक्त कलात्मक वाणी हो भन्ने बुझिन्छ र त्यसले गद्य पद्य वा चम्पूका रूपमा काव्यका विभिन्न विधा र स्वरूपयुक्त रचनालाई बुझाउँछ ।[२२] लोकसाहित्य अभिजात्य संस्कार, शास्त्रीयता पण्डितको चेतना वा अहंकार शून्य एउटा परम्परामा जीवित मानिसहरूको साहित्य हुनाले यो स्वतः स्फूर्त र स्वाभाविक हुन्छ, यसमा न औपचारिकताको झन्झट रहन्छ, न परिमार्जनको चक्कर छ, न पण्डित्यको क्लिष्टता नै । [२३] यसका रचनाकार अज्ञात हुन्छन् र यसले समाजको विशेष क्षेत्रको संस्कृति, मनोविज्ञान, चेतनको स्तर, रहन-

---

[२१] कलुचन्द्र गौतम (अनु), "नानार्थवर्ग", **अमरकोश** (काठमाडौः लक्ष्मीनाथ गौतम, २०१७) पृ. ५६८ ।

[२२] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक** (काठमाडौं : वीणा प्रकाशन, २०५७), पृ.२५ ।

[२३] जीवेन्द्रदेव गिरी "नेपाली उखानमा प्रगतिवादी स्वर, (**प्रलेस,** वर्ष ४, पूर्णाङ्क ८, २०५४ वै जे.अ), पृ.९०

सहन तथा मनोभावनालाई प्रस्तुत गर्दछ । समग्रमा भन्नु पर्दा जीवनको बहुमुखी सेरोफेरोको तीव्र अभिव्यक्ति नै लोकसाहित्य हो ।[२४]

यसरी विभिन्न विद्वानहरूले लोकसाहित्यबारे आ-आफ्नै किसिमका परिभाषा दिएका छन् । लोकसाहित्य अलिखित हुन्छ । श्रुति परिम्परामा सरल तथा सहज रूपमा फैलिएको हुन्छ । लोकसाहित्य कथ्य श्रव्य परम्पराको सिर्जना मानिन्छ । लोक जीवनका व्यवहारमा आएका कथा, गीत, भजन, गाथा, उखान आदि नै लोक साहित्य हुन् । लोक साहित्य मानवजीवन र जगत्सित सम्बन्धित हुन्छ । लोकको भावनात्मक अभिव्यक्ति यसमा प्रकट हुन्छ । लोक साहित्यको अध्ययनले आफ्ना संस्कृति, परम्परा, मूल्य र मान्यताहरू प्रति अझ सचेत र आस्थावान् बनाउँदै पहिचानप्रति सजग बनाउँछ ।

## ३.२ लोक साहित्यको एक विधाका रूपमा लोक गीत

लोक साहित्यको प्रमुख विधा लोक गीत नै हो । लोक गीत 'लोक' र 'गीत' दुई शब्दको संयोगबाट बनेको छ । लोक गीत लोक साहित्यको अत्यन्त चर्चित र लोकप्रिय भेद हो । रचना काल र रचनाकार अज्ञात रहने यो विधा लोक साहित्यका अन्य विधा भन्दा बढी चिरस्थायी बन्न पुगेको छ । लोक गीतको आरम्भ कहिले भयो भन्ने कुरा किटेर भन्न नसकिए पनि नेपाली भाषाको जन्म र भावनात्मक अभिव्यक्तिको थालनीसँग भएको अनुभव हुन्छ । लोक गीतलाई संरक्षण र विकास गर्ने काममा नेपालका विभिन्न जातिहरूको भूमिका छ । समस्त जनमानसमा खुलेर मधुर स्वरमा बाहिर निस्कने अनुभूति नै लोगगीतको रूपमा देखा पर्दछ । गुनगुनाएर गाइने लयबद्ध रचनाको नाम पनि लोक गीत नै हो । नेपाली वृहत् शब्दकोशले लोक गीतलाई समाजमा परम्परादेखि गाउँदै र चल्दै आएको गीत भनी अर्थ्याएको छ । [२५] लोक गीत मानव हृदयगत प्राकृत तथा अनुभूत भावनाहरका उद्वेगको तीव्रतम

[२४] वासुदेव त्रिपाठी, **सिंहावलोकन**, दो.सं. (काठमाडौं : साझा प्रकाशन, २०३२) पृ.३ ।

[२५] बालकृष्ण पोखेल र अन्य **नेपाली वृहत् शब्दकोश** (काठमाडौं: ने.रा.प्र.प्र., २०४०) पृ. ११८८ ।

अनुभूति हो, जो साँचो सामूहिक र तिक्खर लयप्रधान हुन्छ । नेपाली लोक गीतका अध्येता कालीभक्त पन्तले कसैको वक्सिस, लोभ, आशा र स्वार्थमा नपरेका नरनारीहरूमा दुःखित पीडित, उद्विग्न, सम्भ्रान्त, त्रस्त, जागृत, प्रफुल्लित, हर्षित, संयुक्त, वियुक्त अनादिरत समेत जो कोही जाति, व्यक्ति, लिङ्ग, समाज र उमेरका मानिसले कुनै पुस्ताको बन्धनमा नभएर बनाएको जो गीत हो यही नै लोक गीत हो भनेका छन् ।[२६] अर्का नेपाली लोकसाहित्यकार चूडामणि बन्धुले "लोक गीत भनेको लोक जीवनको रागात्मक स्वस्फूर्त, लयात्मक अभिव्यक्ति हो । यसमा लोक जीवनका दुःख-सुख, आँसु-हाँसो, आशा-निराशा साथै लोकको चालचलन विधि व्यवहार आस्था र मान्यताहरूको चित्रण हुन्छ" भनेका छन् ।[२७] कृष्णप्रसाद पराजुलीका अनुसार लोक गीत नदीको प्रवाह जस्तै हुन्छ, जुन मूलतः ग्रामीण संस्कृतिको गर्भबाट निस्कन्छ तर यसले ग्रामीण समाजलाई मात्र प्रभावित नगरी समग्र मानव समाजलाई गतिशीलता दिने काम गर्दछ ।[२८] समालोचक दयाराम श्रेष्ठ लोक गीतहरू आकारमा छोटा, गाउन र कथ्न सजिला, मनोरञ्जन तथा तुरून्तै प्रभाव उत्पन्न गराई हँसाउन वा रूवाउन सक्ने हुनाले सर्वसाधारणमा पनि यी लोकप्रिय बनेका छन् भन्ने धारणा राख्दछन् ।[२९]

यसरी समग्रमा सम्पूर्ण विद्वानहरूका परिभाषालाई समेटेर भन्नु पर्दा लोक गीत कुनै रचनाकारको मौलिक रचना नभएर लोक जीवन र लोक हृदयको स्वस्फूर्त सुकोमल लयात्मक अभिव्यक्ति हो । एक पुस्तबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै परिवर्तन र विकसित हुँदै आएको मौलिक मनोरञ्जनात्मक र लयात्मक लोक

---

[२६] कालीभक्त पन्त, **हाम्रो संस्कृति इतिहास** (स्याङ्जा : लेखक स्वयं, २०२९) पृ. ११२ ।

[२७] चुडामणि वन्धु, **नेपाली लोक साहित्य,**(काठमाडौंः एकता बुक्स (२०५८) पृ. ११५ ।

[२८] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक,** (काठमाडौं : वीण प्र. २०५७) पृ.४३।

[२९] दयाराम श्रेष्ठ 'सम्भव', **प्रारम्भिककालको नेपाली साहित्य इतिहास र परम्परा** (का.त्रि.वि.पा, काठमाडौं : त्रि.वि.पा.विक.के.२०२८) पृ.१५

साहित्यको व्यापक एवम् प्रमुख विधा हो । लोक गीत समाजको आदिकालदेखि सामूहिक श्रुति परम्परामा आधारित त्यस्तो श्रव्य विधा हो जसले सामाजिक जन मानसका सुख, दुःख, हर्ष, बिस्मात, दया, माया प्रेम, घृणा आदिलाई भाषाका माध्मबाट अभिव्यक्त गर्दछ ।

## ३.३ लोक गीतमा लोक भजनको स्थान

लोक भजन लोक गीत भित्रकै एक प्रमुख अङ्ग मानिएको छ । लोक गीतका विविध विधामध्ये भजनको स्थान पनि महत्त्वपूर्ण छ । धर्मराज थापा र हंसपुरे सुवेदीले भजनलाई लोक गीतको व्रत सम्बन्धी गीत अन्तर्गत राखेका छन् ।[३०] लोक साहित्यका अध्येता चूडामणि बन्धुले सामान्य र विशिष्ट गीतमध्ये भजनलाई विशिष्ट गीत अन्तर्गत राखेका छन् ।[३१]

भजन प्रार्थना गीत अन्तर्गत पर्दछ र यो नृत्यवाद्य गीत हो । स्तुतिगीत अन्तर्गत पनि यो पर्दछ । लोक मेला-पात, रोपाइँ-दाइँ, तीर्थ-व्रत चाड-पर्व आदिमा लोक गीत गाउने प्रचलन छ । बाह्रै महिना उत्सव धार्मिक, चाड पर्व, यज्ञयज्ञादि तथा आफ्नो, इच्छा एवम् शक्ति अनुसार गरिने पूजा आदिमा गाइने र भक्तिमय गीत लोक भजन हो । यसबाट पनि लोक गीतमा भजनको स्थान महत्त्वपूर्ण छ भन्न सकिन्छ ।

## ३.४ लोक भजनको परिचय

लोक भजन लोकको श्रुति परम्पराबाट विकसित र संरक्षित छ । मानव सभ्यताको विकास सँगसँगै यसको प्रादुर्भाव भएको हुनु पर्छ । लोक गीत ग्रामीण परिवेशबाट उत्पन्न हुन्छ र लोक भजन पनि गाउँ, सहर जहाँ नेपालीहरू पुगेका छन्, त्यही सुरू भइ हाल्छ । 'वेदमा' गायन परम्परा भएको कुरा सामवेदले पुष्टि

---

[३०] धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोक साहित्यको विवेचना** ( काठमाडौं : त्रि.वि.पा.वि.के.२०४१) पृ.१३० ।

[३१] चूडामणि बन्धु, पूर्ववत, पृ.१२१ ।

गर्दछ । लौकिक संस्कृत साहित्यमा  स्तुति परम्परा वा स्त्रोत्र काव्यको छुट्टै सुदीर्घ परम्परा छ । संस्कृत साहित्य र नेपाली साहित्यमा विभिन्न विद्वान् कविहरूले भक्ति अमूल्य योगदान पुऱ्याएका छन् । भजन शब्दले देवी-देवताको नाम, गुण, कथा बारम्बार लिने कार्य बुझाउँछ । भजनको शैली गीतमय हुन्छ । भज् सेवायाम धातुबाट ल्युट् अन प्रत्यय लागेर 'भजन' शब्द बन्दछ । नेपाली बहृत् शब्दकोशमा भजनलाई आराध्य देवी-देवताको र गुरू आदिको नाम र महिमा बारबार लिने र गाउने काम नामकीर्तन गुणगान भनेर अर्थ्याइएको छ ।[३२]

'नेपाली शब्द सागर' मा भजनलाई ईश्वर देव देवी गुरूजन आदिको बारम्बार नाम महिमा आदि बखान्ने काम भनिएको छ ।[३३]

धार्मिक पूजाका अवसरमा गाइने गीतलाई भजन भनिन्छ । भजनमा पूजा गरिएका देवीदेवताको गुण शक्ति र सामर्थ्यको बयान गरिएको हुन्छ ।[३४]

भजन चुट्का भन्ने बित्तिकै कुनै पवित्र पर्व उत्सवमा खैंजडी र मजुराको सहारा लिई गाइने टुक्कालाई सम्झाउँछ ।[३५]

दु:खी, अशान्त, अपूर्ण र अभावमय हृदयलाई सान्त्वनाको साथै चिर विश्रान्ति दिने साधन नै भजन हो, भक्ति हो । [३६]

यी परिभाषाले भजनको रूप स्पष्ट हुन्छ । हरेक धर्म संस्कृतिमा भजन प्रयोग हुने गर्दछ । लोक भजन समाजमा परम्परा देखि चलि आएका छन् ।

---

[३२] बालकृष्ण पोखेल र अन्य (सम्पा) पूर्ववत् पृ.९९४

[३३] वसन्त कुमार शर्मा 'नेपाल', **नेपाली शब्द सागर** ( काठमाडौं भाभा पुस्तक भण्डार २०५८) पृ. १९१ ।

[३४] चूडामणि बन्धु, पूर्ववत् पृ.१५३ ।

[३५] धर्मराज थापा, गण्डकीको सुसेली (काठमाडौं : ने.रा.प्र.प्र.२०३१) पृ.२१७ ।

[३६] धर्मराज थापा र हंसपुरे सुवेदी पूर्ववत्, पृ.१३१ ।

भजन भगवत नाम कीर्तनबाट प्रारम्भ हुन्छ । यो साझा संस्कृति हो । भजन र कीर्तन शब्द निकटवर्ती छन् । कीर्तनको अर्थ गीत गाउनु, यशोगान गर्नु वा तारिफ गर्नु हो । बारम्बार ईश्वरीय नाम बोल्नुलाई कीर्तन भनिन्छ । भक्तिभावबाटै भजन वा कीर्तन हुन्छ । ईश्वर भक्तिको क्रममा नै भजन सिर्जिएको हो । भक्तिका प्रकार नौ (नवधाभक्ति) भनी बताइएको छ ।[३७] ईश्वरप्रति सेवा भावना दर्साइ कीर्तन गर्नु पनि ईश्वर भक्ति हो । भक्ति भनेको देवताप्रति श्रद्धा वा पूज्य व्यक्तिमा गरिने श्रद्धा सेवा आदर विश्वासको नाम हो  ईश भक्ति, पितृभक्ति, गुरूभक्ति, देशभक्ति मातृभक्ति आदिसँग गाँसेर भक्ति शब्दको प्रयोग व्यवहारमा चलेको पाइन्छ ।

नेपाली लोक जीवन धर्म परायण छ । नेपालीहरू आफ्नो शक्ति अनुसार विविध किसिमका धार्मिक पूजा अर्चना संस्कार गरेपछि दिन वा रातभर जाग्राम बसी घर-आँगन, मठ-मन्दिर, धार्मिक पवित्र ठाउँमा सामूहिक रूपमा गोलाकार वा पङ्क्तिबद्ध बसेर भजन कीर्तन गाउने गर्दछन् । बिचमा नाच्ने स्थान हुन्छ । मजुरा, खैंजडी र ढोलक बजाएर एउटाले भजन गाउने र अरूले सुन्ने वा छोप्ने गर्दछन् । भट्याउनेले अन्त्यमा नारायण भन्छ अनि अन्य भजनियाँले हरिहरि भन्दछन् । भजन गर्नेलाई भजनियाँ भन्दछन् । भजन गाउन नाच्न स्त्री पुरूषमा कुनै बारबन्देज छैन । बालकदेखि वृद्धासम्म सबैले भजन गाउने, नाच्ने तथा मन पराउने गर्दछन् । यसरी भजन आफैँमा विविध विशेषता बोकेको विधा हो ।

## ३.५ लोक भजनका विशेषता

लोक भजन लोक साहित्यको श्रव्य विधा हो । 'लोक' र 'भजन' दुई शब्दको मेलबाट लोक भजन बनेको हो । यो देवी-देवता वा ईश्वरप्रति भक्तिभावका साथ गुणगान गरिएको लयात्मक अभिव्यक्ति हो । कठोर हृदय भएका मानिसलाई पनि आकर्षित बनाउनु लोक भजनको विशेषता हो । आदिकालदेखि नै लोक भजन

---

[३७] श्रवणं कीर्तन विष्णो : स्मरणं पादसेवनम् ।

अर्चनं वन्दनं दास्यं सख्यमात्मनिवेदनम् ॥ श्रीमद्भागवतम :- ७.५.२३

मनोरञ्जन र आध्यात्मिक शान्ति दिने माध्यम भएको छ । समाजमा मानिसहरू भेला भई धार्मिक कार्यमा खैंजडी मजुरा आदि वाद्य वादनका साथमा भजन गाउने नाच्ने गर्दछन् । भजनमा सामूहिक सहभागिता भए पनि विशेष भजनियाँ हुन्छन् । श्रव्य विधा भएकाले श्रोताहरू धेरै हुन्छन् । भजनद्वारा ईश्वरीय भक्तितर्फ केन्द्रित गर्दै अनेक लय, चरण, थेगोका साथ भजनका अनेक रूप गाइन्छन् । भजनले मानिसहरू बिच भेदभाव मेटाएर आत्मीयता र सद्भावको वातावरण सिर्जना गरिदिन्छ ।

लोक भजन कुनै व्यक्ति विशेषको रचना नभई लोकको रचना हो । रचनाकार अज्ञात रहनु यसको प्रमुख विशेषता हो । लोक भजन एक जिब्रोबाट अर्को जिब्रो, एक स्थानबाट अर्को स्थान र एक युगबाट अर्को युगमा प्रवाहित हुँदै आउँछ । त्यसैले गतिशील र मौलिक सास्कृतिक परमपरामा विस्तार हुनु लोक भजनको विशेषता हो । स्थानीय भाषिक प्रभाव र मौलिक अभिव्यक्ति लोक भजनमा युगौंदेखि प्रकट हुँदै आएका छन् । बालकदेखि बृद्धअवस्थासम्म मानिसले सन्मार्गका बाटो बिराउन सक्तछ त्यसैले असत्कर्मबाट सत्कर्म, अँध्यारोबाट उज्यालोमा, सङ्कुचितताबाट व्यापकतामा पुग्न अदृश्य शक्ति ईश्वरीय आलोक पाऊँ भनेर भक्ति भावले भजन एकल वा सामूहिक भावनाले स्वतःस्फूर्त रूपमा नै हुने गर्दछ । लोक भजनमा मानव जातिलाई मानसिक शान्ति र सुखको अनभूति दिने ध्वनि लुकेको हुन्छ । भजनमा प्रत्येक समाज र जातिको धार्मिक इतिहास सहज र स्वाभाविक रूपमा अभिव्यक्त भएको हुन्छ । लोक भजन नेपाली भूमिमा युगौंदेखि उर्वर रहेको छ ।

लोक भजनले शिक्षित र सभ्य समाजमा मात्र आफ्नो स्थान सुरक्षित राखेको छैन अपितु अशिक्षित बाल वृद्ध महिला गोठाला आदिको मुखमा यो सलबलाएको हुन्छ । त्यसैले गाउँ-सहर, भाषा भाषीका धर्म संस्कृति आदिको साझा स्पन्दन वा ढुकुटी लोक भजन हो ।

## ३.६ लोक भजनको महत्त्व

लोक साहित्यको विभिन्न विधा उपविधाहरूमध्ये कुन जेठो र कुन कान्छो छुट्याउन गाह्रो भए जस्तै कुन महत्त्वपूर्ण र कुन कमसल छुट्याउन कठिन छ । लोक भजनको महत्त्वको चर्चा गर्दा लोक गीतको महत्त्वसँग जोडिन पुग्छ । गीतको एक प्रमुख उद्देश्य आनन्दको अनुभव गराउनु हो । मानव सङ्गीत प्रेमी छ, भजनमा सङ्गीत हुनाले मानव समाजमा विभिन्न अवस्था अनुसार सङ्गीत बनेको हुन्छ । भक्तिमय सङ्गीतले आत्मालाई भरिपूर्ण आनन्द र सन्तुष्टि प्रदान गर्दै लोक अर्थात् यो संसारबाट भक्ति संसारतर्फ लैजान्छ । ठुल ठुला महात्मा विद्वान्हरूले भक्ति सङ्गीत (भजन) लाई महत्त्व दिएका छन् । यसबाट साङ्गीतिक बोली, लय र भाकाको ज्ञान प्राप्त गर्न सकिन्छ ।

लोक भजनले युगौदेखि लोक जीवनलाई जीवन्त र गतिशील तुल्याउँदै आएको छ, लोक जीवनका मूल्य मान्यता, रीतिरिवाज, रहनसहन चाडपर्व देखि लिएर लोक सास्कृतिक धरोहरलाई माथि उठाउने काम गरेको छ । लोक भजनबाट भाषा भाषिकाको जानकारी हुनाको साथै तिनको संरक्षण समेत हुन्छ ।

यसरी लोक भजनले सम्पूर्ण मानव जातिलाई शालीनता शिष्टता अनि भावुक गराउँदै सामाजिक सास्कृतिक साहित्यिक भाषिक र भौगोलिक पक्षको जानकारी गराउने हुँदा यसका आफ्नै किसिमको महत्त्व रहेको छ ।

## ३.७ लोक भजनका तत्त्वहरू

लोक साहित्यका विभिन्न विधाहरूमध्ये लोक भजन लोक गीतको एक भेद हो । यो लोक कला हो । लोकले धार्मिक क्षेत्रमा यसलाई अँगालेको छ । लोक भजनले ईश्वरप्रति आस्था र विश्वासका आधारमा जन समाजमा श्रुति परम्परालाई आजसम्म जीवन्त राख्दै आएको छ यो लोकमा मुखरित भई आएको छ । लोक भजनका लागि शास्त्रीय विधि केही छैन, गायन-विधि-स्वर राग ताल शैली आदि निश्चित छैनन् । यसमा साहित्य विधामा जस्तो शास्त्रीय रचना विधान पाइँदैन ।

लोक भजन लोक साहित्यको गीतसँग निकट भएकाले लोक भजनमा पनि लोक गीतकै तत्त्वहरूको उपस्थिति रहेको हुन्छ ।

चूडामणि बन्धुका विचारमा गीतको संरचना छवटा तत्त्वहरूको संयोजनबाट निर्मित छ (१) कथ्य (२) भाषा (३) चरण वा पद (४) स्थायी र अन्तरा (५) रहनी र बथन (छ) लय र भाका ।[३८]

मोतीलाल पराजुलीले लोक गीतसँग सम्बन्धित पाँच प्रकारका तत्त्वहरू उल्लेख गरेका छन् । (१) कथ्य विषयवस्तु वा भाव (२) भाषा (३) स्थायी, अन्तरा र थेगो (४) लय वा भाका र (५) सङ्गीत[३९]

यस आधारमा विद्वानहरूको तत्त्वको समीक्षा गर्दा लोक भजनमा संरचनागत रूपमा यी तत्त्वहरू पाउन सकिन्छ :-

**(क) विषय**

कुनै पनि लोक भजनको विषयवस्तु हुन्छ । त्यसैले कुनै विषय अँगालेर नै लोक भजनहरू गाइन्छन् लोक भजनमा मूलतः धार्मिक विषयवस्तु हुन्छन् भने सामाजिक पौराणिक प्राकृतिक विषय पनि प्रसङ्ग अनुसार आएका हुन्छन् । विषयवस्तुमा लोक भजनको प्रस्तुतिको क्रममा देखा पर्ने घटना क्रमहरूको योजनाबद्ध व्यवस्थापन भएको पाइन्छ । विषयवस्तु लोक भजनमा व्यक्त कार्य व्यापारलाई बोध गराउने माध्यम पनि हो । विषयले मूल भावको सङ्केत गर्छ । ईश्वरीय शक्तिप्रतिको विश्वास धार्मिक कार्यमा प्रार्थना र आराधना मङ्गलकामना देव देवताको वर्णन र स्तुति, तीर्थ स्थलको वर्णन जीवनको क्षण भङ्गुरताको वर्णन आदि भजनको विषयवस्तु हो । वास्तवमा धार्मिक जनले गर्ने ईश्वरीय स्तुति नै

---

[३८] चूडामणि बन्धु, पूर्ववत्, पृ.११५ ।

[३९] मोतीलाल पराजुली, 'नेपाली लोकगीतको संरचना (**कुञ्जिनी**, ११,'८,२०६०) पृ.२१ ।

भजन हो । भजनियाहरूले पौराणिक चरित्र देवीदेवता आदिलाई विषयवस्तु बनाएर विभिन्न प्रकारका वर्णन गरेका हुन्छन् ।

**(ख) भाषा**

भाषा मानवीय चिन्तन अनुभव र अनुभूतिलाई अभिव्यक्त गर्ने माध्यम हो । भाषाकै माध्यमबाट भजन व्यक्त हुन्छ । लोक भजनको भाषा स्थानीय प्रकृतिको हुन्छ । त्यसैले लोक भजनमा सामाजिक तथा क्षेत्रीय शब्दहरू प्रयोग गरिएको पाइन्छ । नेपाली लोक भजनमा हिन्दी भाषाको पनि प्रभाव देखिन्छ ।

**(ग) लय**

लोक भजनको एक आकर्षक र अपरिहार्य तत्त्व लय हो । लयले नै सङ्गीत, नाच र बाजालाई परम्परामा सूत्रबद्ध गर्दछ । सङ्गीतात्मक स्वर ल्याउनमा लयको ठूलो भूमिका हुन्छ । भजनहरू नबुझे पनि मान्छेहरू लय अथवा सङ्गीतमा झुमिन्छन् । भजनलाई मूर्तरूप दिन लय, ताल र सुरमा ढालिएको हुन्छ । नेपाली लोक भजनमा लोक लयका अनेकौं स्वरूप भेटिन्छन् । लोक भजनले अँगाल्ने गेयात्मक छन्द नै लय हो ।

**(घ) सङ्गीत**

सङ्गीतलाई पनि लोक भजनको अनिवार्य तत्त्व मानिन्छ । सङ्गीतको गुञ्जनले भजन राम्रो सुनिन्छ । यसले नृत्यलाई पनि सूत्रबद्ध गर्छ र ताल ल्याउँछ । खैजडी मजुरा, ढोलक आदिको माध्यमबाट भजनलाई गति प्रदान गर्ने काम गरिन्छ । भजन पूर्णतः सङ्गीतात्मक हुन्छ । लयात्मक स्वरमा विभिन्न बाजाहरू बजाएर भजनमा नृत्य गरिन्छ । नृत्यले मानिसलाई आकर्षित गर्दछ ।

**(ङ) सन्देश**

धुर्कोट क्षेत्रमा प्रचलित लोक भजनमा धार्मिक सामाजिक सास्कृतिक तथा ज्ञान र वैराग्य सम्बन्धी सन्देशहरू पाइन्छन् । संसारमा ईश्वर छन्, उनको नाम

जप्नु पर्छ भन्ने सन्देश यहाँ पाइन्छ । समाजका मानिसहरूलाई एकताबद्ध भएर समय अनुसार चल्ने तुल्याउनका लागि पनि लोक भजनले सन्देश प्रवाहित गर्छ ।

### (च) थेगो वा रहनी

लोक भजनमा बिच बिचमा दोहोरिने शब्दलाई थेगो वा रहनी भनिन्छ । भजनमा लयको संयोजन गर्न थेगोको भूमिका महत्त्वपूर्ण हुन्छ । यस्ता थेगोहरू शब्द, पदावली वा वाक्य खण्डकै रूपमा आएका हुन्छन् । हरिहर, रामराम, हरिहरि, नारायण, कृष्ण कृष्ण, राधेराधे आदि लोक भजनमा प्रयोग हुने केही प्रमुख थेगो वा रहनी हुन् ।

### (छ) स्थायी र अन्तरा

'अन्त' भित्र, बिच, छेउ, समाप्ति, परिणाम, सार आदि बुझाउने अन्त शब्दबाट "अन्तरा" बनेको छ । अन्त शब्दले माझ भन्ने अर्थ दिन्छ । लोक भजनमा स्थायी अन्तरा हुन्छ । भजनको बिचमा दोहोरिने पङ्क्तिलाई अन्तरा भनिन्छ । भजनको सुरूदेखि अन्तिम सम्म बिच बिचमा दोहोऱ्याएर गाइने अनिवार्य पङ्क्तिलाई स्थायी भनिन्छ । सङ्गीतले यसलाई तीव्रता ल्याउने काम गर्दछ ।

## ३.८ लोक भजनको वर्गीकरण

लोक साहित्यमा महत्त्वपूर्ण विधाको रूपमा रहेको लोक गीतसँग नजिक रहेको लोक भजनको वर्गीकरण एक कठिन कार्य हो । विभिन्न किसिमले लोक भजनका पारखीहरूले वर्गीकरण गरेका छन् । लोक भजन प्रायः समुदायमा गाइन्छ । लोक भजनले व्यक्ति समाजलाई मनोरञ्जन गराउँदै लोकलाई भक्ति संसारतर्फ लैजान्छ । भक्ति सङ्गीतले सबैलाई प्रभावित पारेको देखिन्छ । लोक भजन धार्मिक भावसँग सम्बन्धित छ । त्यही परिवेशमा रमाइलाका निम्ति धर्म-धर्मइतर पौराणिक पुराणेतर विषयवस्तुमा आधारित विभिन्न भजनहरू गाइन्छन् । बालकदेखि वृद्धसम्मको मन बहलाउने भजन गाइन्छन् । लोक साहित्यका अन्य विधा जति खोज अनुसन्धान लोक भजनमा भएको पाइँदैन । लोक साहित्य भित्रको लोक गीतको प्रसङ्गमा चर्चा गरिएको छ ।

धर्मराज थापा र हंसपुरे सुवेदीले लोक भजनलाई यसरी चार भागमा विभाजन गरेका छन्[४०] :-

पर्वसम्बन्धी →
- चुड्के भजन
- लम्बरी भजन
- प्रभाती भजन
- आरती भजन

चूडामणि बन्धुले भजनलाई दुई भागमा वर्गीकरण गरेका छन् - लम्बरी भजन र चुड्का भजन ।[४१] कृष्णप्रसाद पराजुलीले पनि धर्मराज थापा र हंसपुरे सुवेदीले झैँ चार प्रकारमा वर्गीकरण गरेका छन् ।[४२] डुकुलराज घिमिरेले लोक भजनलाई पाँच भागमा वर्गीकरण गरेका छन् - आरती, सङ्कीर्तन, भजन, खेली, विविध ।[४३]

यसरी विभिन्न विद्वान्हरूले भजनको वर्गीकरण गरेका छन् ।

## ३.९ गुल्मी धुर्कोट क्षेत्रका लोक भजन

गुल्मी धुर्कोट क्षेत्रका धार्मिक क्षेत्र मठ-मन्दिर घर आँगनमा साँझ विहान भजन कीर्तन हुने गर्दछ । यहाँको लोकसंस्कृति र धार्मिक परम्पराले हाम्रो नेपाली लोक संस्कृतिलाई जोगाइ राखेको पाइन्छ । यहाँको जीवन पद्धति प्रायः कृषि-जीवन हुनाले कृषिका महत्त्वपूर्ण पक्षसँग र धार्मिक परम्परासँग लोक भजनहरू सम्बन्धित छन् । धर्मका अनुयायीहरूले ईश्वरीय आराधना र भजन कीर्तन गरेर भक्तिभाव देखाएको पाइन्छ । धार्मिक कार्य-सप्ताह, एकाह, नवाह तथा सत्यनारायण पूजा लक्षवर्ती दीप-प्रज्वलन आदि कार्यक्रममा साँझ ईश्वरका गुणानुवादद्वारा भजन कीर्तन गरी रात बिताइन्छ । मानिसहरू, रूचिका साथ सुन्ने र सहभागी हुने

---

[४०] धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत्, पृ.१३३

[४१] चूडामणि बन्धु, पूर्ववत् पूर्ववत् पृ.१५३ ।

[४२] कृष्णप्रसाद पराजुली, पूर्ववत् पृ.२३२ ।

[४३] डुकुराज घिमिरे - **पाल्पाका लोक भजन भक्तिपरक विश्लेषण** (बुटवल विश्व हिन्दु महासंघ २०६९ पृ.१८ ।

गर्दछन् । गायक समूह मण्डली हुन्छन् । गायक भजन मण्डलीलाई निमन्त्रण गरेपछि उनीहरू वाद्य वादनका सामग्रीका साथ बोलाइएको स्थानमा जान्छन् । गाउँका भक्तहरू एकत्रित हुन्छन् । पाँच सात देखि बिस पच्चिस जनासम्मको मण्डली हुन्छ । भजन मण्डलीको स्वागत सत्कार गरिन्छ । टीकाप्रसाद लिएर भजन गाउन सुरू गरिन्छ । एउटाले झिकेको भजनलाई अरूले छोपेर खैंजडी, मजुरा, हार्मोनियम, ढोलक आदि वाद्य वादनका सङ्गीतमय हुने हुनाले मनोरञ्जनपूर्ण हुन्छ । भजनले सामान्य देखि विशिष्ट बौद्धिक क्षमताका व्यक्तिहरूलाई उत्तिकै आकर्षित बनाएको हुन्छ । सङ्गीतमय भजन र नृत्यको संयोजनले गर्दा श्रोताले सम्पूर्ण अर्थ नबुझे पनि रूचिका साथ सुन्दछन् । भजन सुरू गर्दा मङ्गला चरण गणेशजीको आरतीबाट गरिन्छ । यस क्षेत्र विशेष ब्राह्मण र क्षत्री समाजमा प्रचलित सुरूको भजन यस प्रकार छ -


जय गणेश जय गणेश देवा ।

माता तिम्री पार्वती पिता महादेवा ॥

यसरी निर्बाध रूपमा सम्पन्न होस् भन्ने भावले सङ्गीतमय भजन सामूहिक रूपमा गाइन्छ । विभिन्न देवी-देवताका आरती र भजन कीर्तन विभिन्न लयमा गाइन्छन् । यस क्षेत्रमा विशेष गरी ब्राह्मण क्षत्री समाजमा भजनको प्रचलन विद्यमान छ । बालकदेखि बृद्धसम्म भजन गाउने र नाच्ने गर्दछन् । वर्तमान समयमा चुड्के भजन गाउने अधिक पाइन्छ । आधुनिक पुस्ता पुरानो भन्दा नयाँ स्वरूपका भजनमा अग्रसर भएको देखिन्छ । गीत सङ्गीतमा रूचि नराख्ने पनि भजनमा सहभागी हुन्छन् । अन्य गीत सङ्गीतमा नाच्न नचाहनेहरू पनि भजन भनेपछि उत्साहका साथ नाच्दछन् । भजन-कीर्तन गर्नाले शान्ति र मुक्ति मिल्छ, भन्ने जन विश्वास रहेको छ ।

## ३.१० गुल्मी धुर्कोट क्षेत्रमा प्रचलित लोक भजनको वर्गीकरण

गुल्मी धुर्कोट क्षेत्रमा प्रचलित लोक भजनलाई निम्न आधारमा वर्गीकरण गर्न सकिन्छ -




### ३.१०.१ विषयका आधारमा वर्गीकरण

गुल्मी धुर्कोट क्षेत्रमा प्रचलित लोक भजन पौराणिक र पुराणेतर विषयमा वर्गीकृत हुन सक्छन् :-

#### ३.१०.१.१ पौराणिक विषयको लोक भजन

पुराणहरूको विषयवस्तुलाई आधार बनाई रचिएका तथा गाइएका भजन पौराणिक लोक भजन हुन् । तिनका केही उदाहरण यहाँ प्रस्तुत छन् :-

प्रथम औतार लिनु भयो प्रभूले मत्स्यरूप धारण-२ राम

संख चक्र गदाहा पद्‌म संखसुरलाई मारन-२ राम

राम बनबास कैकेइका खेलले ।

लीला त्यो प्रभुको नास गर्न असुरको

युद्ध चलिरह्‍यो हजारौँको ज्यान गयो ।

यी भजन रामायण महाभारत जस्ता विभिन्न पौराणिक ग्रन्थमा आधारित छन् ।

### ३.१०.१.२ पुराणेतर विषयका लोक भजन

यस क्षेत्रमा पुराण बाहेकका विषयवस्तुलाई आधार बनाएर लोक भजनहरू गाउने पनि गर्दछन् ।

बल्लै भयो रमाइलो हरि दुवारैमा

झुल्के हिरामोती नाचन लागिन् अप्सरा

हरि भन्न पाइन कलि बस्यो मुखैमा ।

फुल टिपेर मन्दिरमा बुटो फुलबारीमा ।

फुल अघि म पछि उँदै सलल् ।

### ३.१०.२ लयका आधारमा वर्गीकरण

लयका आधारमा यस क्षेत्रमा लोक भजन चुड्के लस्केर र अन्य भजनमा विभक्त हुन सक्तछन् ।

### ३.१०.२.१ चुड्के भजन

यस क्षेत्रमा चुड्के भजन प्रारम्भमा ढिलो रूपले सुरू गरी विस्तारै गति बढाउँदै लगिन्छ । खैँजडी मजुरा पनि छिटो छिटो तालमा बजाइन्छ, खैँजडीको ताल नफर्काएसम्म दोहोऱ्याई गाउने क्रम चलि रहन्छ । निकै छिटो गतिमा गाइ सकेपछि खैँजडीका आवाज फर्काएर साबिककै गतिमा ओरालेर "राम" वा हरि ऽ शब्द उच्चारण गर्दै बिसाउँछन् । भजन गाउँदा "हरिबोल" हरिबोल जस्ता शब्द उत्साहका साथ भन्ने गरिन्छ । यस खालका भजनमा मानिसहरू बढी सक्रिय हुने र तिनले नृत्य समेत गर्ने हुँदा यी गाइँदा निकै रोचक वातावरण सिर्जना हुन्छ ।

कति सुहायो नागको माला बाघको छाला कति सुहायो ।

कति सुहायो शिरमा गङ्गा शरीर नङ्गा कति सुहायो ।

गङ्गा सागरैमा कपिल औतार भगवान ...

ढोका खोल राम भक्त आए मन्दिरमा

### ३.१०.२.२ लस्के भजन

लस्के भजनलाई लम्बरी भजन पनि भनिन्छ । यस खालका भजन ढिलो गरी गाइन्छन् । बुढापाका साधुसन्त र जन समूहमा यी प्रचलित छन् । यिनका केही उदाहरण यहाँ प्रस्तुत छन् :-

गोविन्द जय जय गोपाल ! जय जय

राधारमण हरि गोविन्द जय जय

जो ध्याओस् फल पाओस् दु:ख हटोस् मनको

सुख सम्पत्ति घर आओस् कष्ट मिटोस् तनको ॐ जय जय ...

### ३.१०.२.३ अन्य लयका भजन

अन्य लय अन्तर्गत चुड्के र लस्के लयमा भजनका भन्दा भिन्न लयमा भजनहरू पर्दछन् । ती यस प्रकार छन् :-

गोकुलमा गाइ चराउने वृन्दावनको ढोर ।

कति राम्रो कृष्णजीको मुरलीको स्वर ।

गाई गङ्गा तुलसा सालिक राम ।

हृदयमा प्रकट भैदऊ हे भगवान् ॥

### ३.१०.३ सुरु र अन्त्यका आधारमा वर्गीकरण

सुरु र अन्त्यका आधारमा यहाँका लोक भजनलाई तिन भागमा वर्गीकरण गर्न सकिन्छ : - आरती भजन, मध्यवर्ती र भिम्मलु वा आशिष भजन ।

### ३.१०.३.१ आरती भजन

विभिन्न धार्मिक कार्यमा देवी देवताको पूजा गरि सके पछि जुन देवी देवताको पूजा आजा गरिएको छ प्रायः ती देवी देवताको आरती सुरू गरिन्छ ।

गणेशको प्रायः पहिला पूजा गरिन्छ । भागवतमा, जगदीश (विष्णु) को रूद्रीमा शिव र देवीको पूजामा दुर्गाका आरती गाइन्छ । यो लस्के स्वरमा गाइन्छ । जस्तै :-

ॐ जय शिव ॐ कारा स्वामी हर भज ॐ कारा ब्रह्मा विष्णु सदा

शिव चराचर अनन्त नाथ महादेव अरधाङ्गी गौरा ॐ.....

पहिला वाँ आरती प्रमु हरि हर पुष्पकी माला कालीनाग नाथिलियौ

कृष्ण गुवाला आरतीको जय  राज रामचन्द्र कि जय-हरि

**३.१०.३.२ मध्यवर्ती भजन**

आरती भजन गाएपछि विभिन्न देवी देवताका भजनहरू गाइन्छन् । विभिन्न कथावस्तु पात्रको प्रसङ्गलाई लिएर भजन गाइन्छ । ती नै मध्यवर्ती भजन हुन् -

कहाँ छन् हरि प्रभु कस्ता छन् हरि ।

हरिलाई मैले देख्न पाइन जीवन भरि ॥

वासुदेवाय वासुदेवाय ॐ नमो भगवते वासुदेवाय

**३.१०.३.३ भिम्मलु (आशिष) भजन**

भजनको अन्तिम अवस्थामा रातभरि भजन गाइएको भए बिहान झिसमिसे उज्यालो हुने पख भजन मण्डलीले देवी देवताबाट बिदा हुने र कर्तालाई आशीर्वाद दिँदै समाप्ती भजन गाउँछन् । तिनलाई भिम्मलु वा आशिष भजन भनिन्छ । तिनका केही नमुना यहाँ प्रस्तुत छन् :-

भिम्मलु भयो हरितिर शिव हो भिम्मलु भयो हरितिर ।

मन मेरा हरि भिम्मलु भयो शिव भिम्मलु भयो हरि ॥

जसको घरमा अतिथिको सेवा गर्दछन् ।

उसकै घरमा त गर्छिन् लक्ष्मीको बास ॥

पाऊँ न बिदा प्रभु घरमा जाम् ।

देऊ न बिदा प्रभु घरमा जाम् ।

### ३.१०.४ गायन समयका आधारमा वर्गीकरण

यस धुर्कोट क्षेत्रमा प्रचलित लोक भजनहरूलाई गायन समयका आधारमा प्रभातकालीन, सन्ध्याकालीन र सर्वकालीन गरी निम्न अनुसार तीन भागमा वर्गीकरण गर्न सकिन्छ :-

### ३.१०.४.१ प्रभातकालीन भजन

यो लोक भजन प्राताकालीन समयमा गाइन्छ । बिहान तीर्थ, नदी, खोला, तलाउ, धारमा नुहाउँदा र मन्दिरमा देवी देवताको दर्शन गर्दा यज्ञयज्ञादि पूजा आजा गर्दै प्रदक्षिणा गर्दा यसलाई गाइन्छ । जस्तै :

गङ्गे! च यमुने! चैव गोदावरि सरस्वती

नर्मदे! सिन्धुकावेरि! जले ऽस्मिन सन्निधिं कुरू

भजमन सीता भजमन राम गङ्गा तुलसा सालिकराम ।

राधाकृष्ण सीता राम सीतराम पतित पावन सीताराम ॥

जय लम्बोदर जय दुर्गे जय हरिहर जय सूर्ये ।

### ३.१०.४.२ सन्ध्याकालीन भजन

यस क्षेत्रमा साँझ देवी देवताप्रति भक्ति, आस्था र श्रद्धा गर्ने हरेक व्यक्तिले घर तथा मन्दिरमा धूपदीप जलाउने र पूजा गर्ने प्रचलन रहेको छ । त्यस समयलाई सन्जेको समय भनिन्छ । सन्जे भजनमा आरती गाउने प्रचलन रहेको पाइन्छ ।

आरती जगाऔं प्रभु सन्जे जगाऔं ।

साँझैको वेलाभयो आरती जगाऔं ॥

सन्जे जगाउन प्रभु आरती जगाऔं ।

साँझ पऱ्यो भक्त राम शिवको मन्दिरमा सन्जे जगाऔं ।

### ३.१०.४.३ सर्वकालीन भजन

यस क्षेत्रमा प्रचलित लोक भजनहरू मध्ये सर्वकालीन भजन महत्त्वपूर्ण मानिन्छ । यसलाई अखण्ड भजन कीर्तन पनि भनिन्छ ।

### ३.१०.५ विविध भजन

यस क्षेत्रमा विषेश पर्व उत्सव र संस्कार गर्दा भजन गाउँछन् । भजनमा कर्ताहरुलाई नचाउने पनि गरिन्छ । अतः चाड पर्व र कर्ता नचाउने प्रचलनका आधारमा पनि भजनहरुलाई वर्गीकरण गर्न सकिन्छ ।

### ३.१०.५.१ पर्वका आधारमा भजन

विभिन्न चाड पर्व उत्सवमा देवी देवताको पूजाआजा गरी सकेपछि भजन गाइन्छ । दसैं तिजको पञ्चमी माघमा स्वस्थानी देवी एकादशी आदिमा भजन गाउने चलन छ । तिजको पञ्चमीमा हातमा फुल लिएर ऋषिहरुलाई पैदल नछुट्याई फुल चढाउँदै तिनपटक परिक्रमा गर्दै भजन गाइन्छ । त्यस्तो अवसरमा गाइने भजनका उदाहरण यी हुन् :

कहाँ जान्छौ रानी चरी बगाल<br>
बरी लै भगवानलाई भेट्न ।

जेठो थुङ्गा फुल टिपी जेठा कस्यप ऋषिला<br>
श्रीखण्ड चन्दन घोटीघोटी शिवलाई चढाम्ला ।

तुलसै तुलसा जपौं दिन रात हरि ।<br>
असारै महिनाकी वर्त एकादशी हरि ।

### ३.१०.५.२ संस्कार भजन

यस क्षेत्रमा मानिसहरूको गर्भधारण देखि अन्तिम मृत्युपछि पनि गरिने संस्कार सम्म सोह्र संस्कार हुन्छन् । ती संस्कारहरूमा पूजा आजा कर्म गरेपछि भजन गाउने प्रचलन रहेको पाइन्छ ।

राम राम सत्य हो बोलो राम राम

मृत जीवन तिम्रै हो लैजाउ प्रभु राम

सर्वजनको कोटी कोटी निवेदन

पार लगाऊ हरि भगवान

### ३.१०.५.३ कर्ता नचाउने भजन

विभिन्न देवी देवताको पूजाआजा वा कर्म गरिसकेपछि घरका मुख्य कर्तालाई बोलाइ बोलाई कर्ता नचाउने भजन गाइन्छ । जस्तै :-

जन्म एकै बारको मनुख्खेको जनम ... ।

नाच्दै गाउँदै बजाउँदै जाउँला बैकुण्ठैमा ... ।

नाच्न पाइन भनौला नाच बखतैमा ... ।

# अध्याय चार

# गुल्मी धुर्कोट क्षेत्रमा प्रचलित लोक भजनको विश्लेषण

## ४.१ परिचय

यस अध्यायमा गुल्मी धुर्कोट क्षेत्रमा प्रचलित लोक भजनलाई विषयवस्तु भाषा प्रयोग, लय, काव्यतत्त्व, सङ्गीत सहचार्यका आधारमा विश्लेषण गरिएको छ ।

## ४.२ विषयवस्तुका आधारमा विश्लेषण

यस धुर्कोट क्षेत्रमा प्रचलित लोक भजन विभिन्न पौराणिक विषयवस्तुमा आधारित स्तुति, चिन्तन, उपदेश, कथावस्तु लगायत धर्म तथा ईश्वरीय चिन्तनमा केन्द्रित देखिन्छन् । त्यस्तै सामाजिक जीवन प्राकृतिक विषय पनि तिनमा समेटिएको पाइन्छ ।

### ४.२.१ पौराणिक विषय

धुर्कोट क्षेत्रका लोक भजनमा पौराणिक विषयका रूपमा विभिन्न देवदेवी, धर्म, अर्थ, काम, मोक्ष लगायतका कुराहरू समेटिएका छन् जहाँ सत्कर्म गरे पुण्य मिल्ने र असत्कर्म गरे दण्डको भागी हुने उल्लेख गरिएको पाइन्छ । मूलतः यो सास्कृतिक अनुशासन हो । यसका माध्यमबाट मानिसमा दया, माया, करूणा, परोपकार सेवा जस्ता मानवीय भावहरू जागृत गराउन मद्दत पुगेको पाइन्छ । हिन्दू पौराणिक ग्रन्थ अनुसार गणेश, शिव, विष्णु, देवी, सूर्य आदि देवी देवताहरू भक्ति भावका केन्द्र मानिन्छन् । तिनीहरूको आरधना गरी गाइएका भजनहरू यहाँ पाइन्छन् । तल केही भजनहरू उदाहरणका रूपमा प्रस्तुत छन् :-

प्रथम औतार लिनु भयो प्रभुले मत्स्यको रूप धारण-राम  
शङ्ख चक्र गदाहा पद्म सङ्खासुरलाई मारन राम  
प्रथम औतर अलप हुनु भो  
लै फेरि पनि अलप हुनु भो

मेरो हरि ज्यू कैन रूप दर्शन मिल्ने हो

देव नारायण कौन रूप दर्शन मिल्ने हो

दोसरी औतार कुर्मको रूप धारणा राम

चल अचल सहायक भए मन्दराचल धारण-राम

तेसरी औतार लिनुभयो प्रभुले वराहा रूप धारणा-राम

वेद पृथ्वी पालन हिरण्यकस्यपु मारन-राम

चुतुर्थ औतार लिनुभयो प्रमुले नृसिंह रूप धारण-राम

खम्बा फोरी प्रकट भए प्रलाद बालरक्षक-राम

पञ्चम औतर लिनुभयो प्रभुले बामन रूप धारण-राम

यी भजनमा भक्त जनहरूले विष्णुलाई सत्कर्ममा लिन प्रेरित गर्ने ठानी आफ्नो हृदयमा आसन बसाउन चाहन्छन् । त्यसैले दश औतारको गुणगान गर्दै आफ्नो सच्चा जीवन बनाउन, विभिन्न समयमा अनेक रूप धारण गरेर पृथ्वीको रक्षार्थ विण्णुको पुकार गरिएका भजनहरू पाइन्छ ।

भगवान् विष्णुका दश अवतारलाई वर्णन गरी प्रथम् औतार लिएर मत्स्यको रूपी धारणा गरेर सङ्खासुरलाई मारे र अलप भएको कुरा यहाँ वर्णित छ । फेरि कुर्म रूपमा दर्शन दिएको कुरा पनि उल्लेखित छ । समुद्र मन्थन गर्दा मन्दराचल पर्वतलाई धारण गरेको तथा मन्दराचललाई मदानी र नागको नेती बनाए र देव दानव भई समुन्द्र मन्थन गरेको र त्यसमा धेरै वस्तुहरू निस्के पछि ती वस्तुहरूलाई उपयोगमा ल्याइएका कुराको बयान पनि त्यहाँ छ । तेस्रो अवतार रूप लिएर हिरण्यक्षलाई मारेर पृथ्वीको रक्षा गरेको चौथो अवतारमा नृसिंहका रूपमा जन्म लिएर हिरण्यकस्यपुलाई मारी बालक प्रहलादलाई रक्षा गर्नका लागि बलिराजालाई पाताल पुऱ्याएको  र छैटौं अवतारमा परशुरामको रूपम जन्म लिई पृथ्वीमा आतङ्क फैलाइ रहेका क्षत्रीहरूलाई नास गरी पित्तृ वचन पालन गरेका भजनहरू पनि पाइन्छन् । सातौं औतार राम रूपमा जन्म लिएर गृहत्याग गरी बाह्र वर्ष वनवास

गई लङ्काका राजा रावणलाई मारेको र रामले आदर्श पुरूषको परिचय दिएको वर्णन छ । आठौँ कृष्णको रूपमा जन्म लिएर बाललीला देखाउँदै बाल्यकालमा आफ्नो मामा आततायी कंसलाई मारेको अनि मथुराका जनतालाई स्वतन्त्रता प्रदान गराएका कुरा भजनमा पाइन्छन् । नवौँ अवतार कल्की रूपमा जन्म लिएर गन्तव्य विहीन भएका मानिसहरूलाई सही बाटो देखाई धर्मको रक्षा गरेका भजनहरू पान्छन् ।

यसरी पुराणमा विष्णुले यो संसार सृष्टि चक्रको यथा समयमा रक्षा गर्दछन्, उनैको महिमाले सबै भक्तजनहरू राम्रोसँग बस्न पाएका छन् र आ-आफ्ना नैत्यिक र नैमितिक कर्ममा भजन गर्दछन् भन्ने कुरा लोक भजनमा अभिव्यक्त छ । गणेशको भजनमा पनि पौराणिक प्रसङ्गहरू छन् :-

जय गणेश जय गणेश जय गणेश देवा

माता तिम्री पार्वती पिता महादेव

एक दन्त दयावन्त चार भुजा धारी

शिर मुकुट तिलक सिन्दूर मुसाको सवारी ।

गणेशजीको भजनमा गणेशजीको जय कामना गरिएको छ । भजन अनुसार गणेशकी आमा पार्वती र बुबा महादेव हुन र चार हात एवम् एउटा दाँत भएका उनको शिरमा मुकुट र सिन्दूरको तिलक छ । उनी मुसामा सवारी हुने कुरा पनि त्यहाँ उल्लेखित छ । यस्ता गणेश देवतालाई पान, फूल, दुबो र लड्डुमेवा चढाइ धूपदीप आरती गरिने भजन यहाँ गाइन्छ । गणेशको सेवा गर्दा उनले आफ्ना भक्तहरूलाई अन्धालाई आँखा तथा अपूर्ण शरीरलाई पूर्ण शरीर दिइने कुरा व्यक्त गर्दै उनको जय पुकारिएको छ । त्यस्तै आफ्ना प्यारा भक्तहरूलाई उनले सन्तान नभएकालाई सन्तान र अभागीलाई भाग्य दिने अनि दुःखको हरण गरी सुख दिने भन्दै जय पुकार गरेको पाइन्छ ।

शिवको रूप सम्झनलाई सजिलो शिवजीको रूप

कति सुहायो कति सुहायो मुकुटमा चन्द्रमा कति सुहायो

कति सुहायो कति सुहायो नागको माला बाघको छाला कति सुहायो

मति सुहायो कति सुहायो शिरमा गङ्गा शरीर नङ्गा कति सुहायो

यस भजनले शिवको रूप सम्झनालाई सजिलो छ भनेको छ । भजनका अनुसार शिव चन्द्रमाको प्रकाशमय शितलताले शिवको रूप अति आकर्षित भएको तथा शरीरमा नागको माला र बाघको छाला भएका उनको शरीरलाई अति सुहाएको छ । शिवको शिरबाट गङ्गा प्रकाट भएकी छन् भने शरीर नङ्गा छ ता पनि रूप सुहाएको छ भनी उनी प्रति भक्तिभाव पोखिएको छ ।

यस्तै प्रकारले पुराण वर्णित अन्य देवदेवीको पनि स्तुति गाएका गरिएको पाइन्छ :-

कैलास बासी शिवजी बैकुण्ठ बासी नारायण

गौरीपते शिवजी लक्ष्मी पते नारायण

सीतापते राम जी रूक्मिणीपते कृष्ण जी

अयोध्यावासी रामजी गोकुल बासी कृष्णजी

उपर्युक्त भजनमा उल्लेख भए अनुसार शिवजी कैलास पर्वत निवासी हुन भने नारायण (विष्णु) बैकुण्ठका अधिपति हुन् । गौरीका पति शिव हुन् भने धनकी देवी लक्ष्मीका पति नारायण हुन् । सीताका पति अयोध्याबासी राम हुन् भने रूक्मिणीका श्रीमान् कृष्णजी गोकुलबासी हुन् । यसरी वर्णन गरिएका भजनहरू गाइन्छन् ।

रामायणको प्रसङ्ग पनि यहाँका लोक भजनमा विद्यमान छ । तलका पङ्क्तिहरू यसका उदाहरण स्वरूप प्रस्तुत छन् :-

चौध वर्ष बिताउन गए राम वनमा

राम वनबास कैकेयीका खेलले

राम वनबास भरतलाई रजाइँ

कैले आउँला फेरि न जाऊ राम वनमा

को छ रखवारे राम जाँदा वनमा

भैया रखवारे राम जाँदा वनमा

सीता लाइन् रून नजाऊ राम वनमा

मै पनि जान्छुसँगै राम गए वनमा

राम अवतारमा रामकी सौतेनी आमा कैकेयीले आफूले दशरथलाई वाचा गराएको वचन पुरा गर्न रामलाई वनबास र भरतलाई राज्यको माग गर्छिन् । आदर्श पुत्र राम चौध वर्ष वनबास जान तयार भए पछि सीता र अन्य बन्धु बान्धवले उनी फेरि कहिले फर्किन्छन् भन्ने जिज्ञासा सहित वनमा नजान अनुरोध गर्दछन् । माता पिताको आज्ञापालन कर्ता राम वनमा जान कुनै सङ्कोच नमानी चौध वर्ष वनबास जान लाग्दा उनलाई रेखदेख सेवा गर्न भाइ लक्ष्मण साथमा जान तयार भए । राम र लक्ष्मण वनबास जान लाग्दा रामकी श्रीमती सीता रून कराउन लागिन । उनले आफू पनि सँगै जाने अनुरोध गरिन् । यही कुरा माथिका पङ्क्तिहरूमा अभिव्यक्त छ ।

यसरी यस क्षेत्रमा रामायण कथामा आधारित भजनहरूका साथै विभिन्न देवी देवताका भजनहरू गाइन्छन् ।

### ४.२.२ सामाजिक विषय

यस क्षेत्रका लोक भजनमा समाज परिवारका चाल चलन विधि व्यवहारका प्रस्तुति पाइन्छन् । बाबुबाजेले आफ्ना छोरा नाति र गुरूले आफ्ना शिष्यहरूलाई परम्परा हस्तान्तरण गर्ने गरेको पाइन्छ । मानिसको जीवन दुःखमय छ भन्दै दुःखबाट पार पाउन भजनका माध्यमबाट मानसिक शान्ति प्राप्त हुने विश्वास यहाँको समाजमा छ । तलका भजनले यस कुराको द्योतन गर्छन :-

कसका हौनि छोरा नाति कसका हैनि चेला

बाउबाजेका छोरा नाति गुरूज्यूका चेला

भुल्नु हुँदैन भुल्नु हुँदैन परम पिता महादेवलाई भुल्नु हुँदैन

जपिँदैन हरि मनमा पिर नपरी

यो संसारमा जीवन अधुरो छ सांसारिक मायाजालमा नफसी ईश्वरको नाम लिन भुल्नु हुँदैन भन्ने भाव यहाँको भजनमा प्रकट भएको छ । यसबाट यहाँको समाज मानवीय समताभन्दा ईश्वरीय शक्तिमा भर गर्छ भन्ने कुरा पुष्टि हुन्छ ।

जलेनी ही बोकी जलेही बोकी जलेनी जो आई

उठन भगवान् स्नान गर

नातृ भूपति र जागा होइ जाउ नन्दलाल ।

वस्त्ररू धुलाई सिलाइ दर्जोनी जो आई

उठन भगवान वस्त्ररू पहिरन

फुलमाला लिई मलेनी जो आई

उठन भगवान फुलमाला पहिरन

अछतु केलाई बनाई अछतेनी आई

विश्वाकर्मा आई मण्डप बनाई

उठन भगवान मण्डपमा बस

सामाजिक व्यवस्था अनुसार यहाँ जलेनी दर्जेनी, मलेनी र अछेतिनीको उपस्थिति छ । जल ल्याउने स्नान गराउने काममा जलेनी संलग्न छिन् । कपडा सिलाउने सूचीकार छन् भने फुलबारीमा काम गर्ने मालीले फूलको माला बनाएर लगाउन अनुरोध गरेको पाइन्छ । अक्षता बनाउने स्त्रीले आफ्नो काम गरेको पाइन्छ भने विश्वकर्माले पूजाको निम्ति मण्डप बनाउने कुरा भजनमा प्रकट भएको पाइन्छ । यसमा स्थानिय समाजको कार्य विभाजन झलक पाइन्छ । रामायणको प्रसङ्गमा सौतिनी व्यवहार तथा भाइको दाजुप्रतिको सद्भाव प्रकट भएको छ :-

रामलाई बनिबास भरतलाई राजकाज

खराउ राज गद्दीमा भरतको जिद्दीमा

सुनको हरिन मार्न रामलाई पऱ्यो गुहार्न

भिक्षा दिए लिने हो न दिए सराप दिने हो

सीता रोइन कराइन् श्रीमान् भनी चिच्याइन्

भजनमा राजकाज चलाउन दाजुको खराउको माग गरिएको छ । भ्रातृ प्रेम र मानवीय धर्म निर्वाह गर्न मानवीय क्रियाकलापको परिचय प्रष्ट रूपमा देखा पर्दछ । भिक्षा लिने प्रसङ्ग पनि आएको छ । यसले रामायण कालीन समाजका प्रचलनबारे जानकारी दिएको छ ।

यसरी नै समाजमा हुने षड्यन्त्रबारे पनि भजनले जानकारी प्रस्तुत गरेको पाइन्छ :-

मथुराको निम्तामा जानु हुँदैन

मथुराको तातो पानी पिउन हुँदैन ।

माताजीको निवेदन सुन कृष्ण जी

मथुराको निम्तामा जानु हुँदैन ।

मैले विदा तिमीलाई दिँदै दिँदैन

मथुराको निम्तामा जानु हुँदैन ।

यहाँ कृष्णकी आमा यशोदाले छोरा कृष्णलाई ममता दर्साउँदै सम्झाएकी छन् । शत्रुको आक्रमण हुन सक्छ भन्ने ठानेर निमन्त्रणा गर्दैमा जानु हुँदैन भन्ने प्रसङ्ग उनका भनाइमा आएको छ ।

## ४.२.३ प्राकृतिक विषय

यस क्षेत्रका भजनमा तल उल्लेख गरिए झैं पहाड, मदेश, रूख विरूवा, फलफूल, नदी जस्ता प्राकृतिक वस्तुको महिमाको वर्णन गरिएको पाइन्छ । प्रकृतिलाई नै हराभरा बनाउने र मानव जातिलाई जन्मदेखि मृत्यु पर्यन्त आवश्यक पर्ने रूख विरूवाहरूको वर्णन भजनमा पाइन्छ । भजनका अनुसार यो रूख विरूवाले

पृथ्वीलाई सुन्दरता प्रदान गर्ने मात्र नभई पृथ्वीमा रहेको जीव जन्तु जनावरका उपयोगी बनेका छन् । ल्वाङ, बेल, सुपारी जस्ता रूख बिरूवालाई धार्मिक महत्त्वको साथ विषय बनाएर गाइन्छन् । यी रूख बिरूवा तराईको उब्जाउ योग्य जमिनमा ल्वाङ, सुपारी र पहाडका पाखा पखेरामा बेल पाइने कुरा भजनमा वर्णन गरिएको पाइन्छ :

कहाँ फल छन् ल्वाङ सुपारी कहाँ फल छन् बेल

मदेशैमा ल्वाङ सुपारी पहाडैमा बेल

प्रकृतिलाई सुन्दर बनाउने र पृथ्वीमा रहेका जीवजन्तु जनावरलाई समेत आकर्षित बनाउने फूललाई विषय बनाएर भजनहरू गाइएको पाइन्छ । अन्न फलफूल तरकारी यावत् चिज फलाउन पानी आवश्यक छ । पानीले नै यी चिज प्राप्त गर्न सहयोग पुऱ्याउने हुँदा यिनको वर्णन गरिएको हुन सक्छ । खानपिन सरसफाइको उपयोगमा पनि ल्याइन्छ । गाउँघर भएर बगिरहेका नदी, खोला, नालाको राम्रो विचार पुऱ्याएर उपयोग गर्नुपर्छ भन्ने धारणा पाइन्छ । उपयोग गर्न नजान्नाले खोलानाला सानै भए पनि मानिसलाई बगाउने र धनजनको क्षति हुन सक्ने कुराको विषयमा भजनमा पाइन्छ । यसका उदाहरण स्वरूप यी प्रस्तुत छन् :-

फुल बगाउने नदीले मलाई बगाउला कि

फुल अघि म पछि उदै सलल

जन्म, जन, जमिन, ढुङ्गा, माटो, आकाश, पाताल, खोलानाला वन जङ्गल, सम्पूर्ण प्राकृतिक वस्तुमा हरिको वास छ भन्ने विश्वास व्यक्त गरिएको छ । हरिको वर्णन गर्ने क्रममा प्रकृतिलाई गाँसेर भजनको विषय बनाएर गाइएका भजनहरू पाइन्छन् :

जलैमा हरि प्रभु थलैमा हरि

माटा र ढुङ्गाले पृथ्वी भरि

आकाशै हरि पाताले हरि

नवै र लाख ताराले क्षितिजै भरि

फेदैमा हरि टुप्पेमा हरि

हाँगा र बिगाले वृक्षभरि

नदीमा हरि खोलमा हरि

नदी र नालाले शरीरै भरि

मनमा हरि मुखमा हरि

पाउ र शिरले शरीरै भरि

तुलसी नेपाल धर्तीमा पाइने एक महत्त्वपूर्ण वनस्पति हो । त्यो धार्मिक दृष्टिले पवित्र र औषधी मुलोको दृष्टिले पनि अति उपयोगी मानिन्छ । तुलसीले अधिकतम अक्सिजन दिने र त्यसमा आँखाले देख्न नसकिने मानव घातक जीवाणूलाई नास गर्न सक्ने क्षमता रहेको हुन्छ । तुलसीलाई आफ्नो घर आँगन वरिपरि मलिलो माटामा रोपेर हुर्काउनु पर्छ । त्यो विरूवाको पात, फलफूल र काठ पार्ने हुनाले यसलाई दिनरात बाह्रै महिना बारम्बार प्रयोगमा ल्याउनु पर्ने कुराको वर्णन भजनमा पाइन्छ :-

तुलसै तुलसा जपौं दिनरात हरि

जपौं दिनरात भजौं बारम्बार

आसारै महिनाकी बर्त एकादशी हरि

माटोमा रोपौंला तुलसीको बिउ

साउनै महिनाकी बर्त एकादशी

दुबै पाते तुलसीको दरिसन पाऊँ ।

यहाँका भजन अनुसार पुस माघको चिसो मौसमा सूर्यको किरण अति महत्त्वपूर्ण हुन्छ । सूर्यको प्रकाशबाट अन्धकारलाई हटाउने, संसारमा रहेका जीव जन्तु जनावर वनस्पतिलाई तापक्रम दिने र चिसोमा न्यानो पार्ने काम गरिन्छ । सूर्यको तापक्रमबाट शरीरलाई भिटामिन डी प्राप्त गरिन्छ । सूर्यको किरणमा सम्पूर्ण

प्राणीले आनन्द लिनु पर्छ । विहानको चिसो र अन्धकार हटाउन हिमाल पर्वतबाट सूर्य उदाउने कुरा भजनमा पाइन्छ :-

हिमाल पर्वत काटेर झुल्कि आए घाम

कुश यस पृथ्वीमा पाइने एउटा वनस्पति हो । यो धार्मिक दृष्टिले महत्त्वपूर्ण मानिन्छ । बर, पिपल, बेलपत्र र तुलसीको महत्त्वसँगै यसको महत्त्व पनि गाँसिएको पाइन्छ । गाई भैँसी जस्ता जनावरलाई खुवाएर जनावरबाट फाइदा लिन सकिने हुनाले कुशलाई धेरै उपयोग गर्नुपर्छ भन्ने भनाइ भजनमा पाइन्छ :-

'यमुनाको पारि कुशको घारी"

यसरी यस क्षेत्रका भजनमा प्रकृतिको राम्रो विषयवस्तु बनाएर गाएको पाइन्छ ।

### ४.२.४ धार्मिक विषय

यस क्षेत्रमा भजन धार्मिक भावनाले गाइन्छ । धार्मिक कार्यका अवसरमा आध्यत्मिक दर्शनको चेतना दिँदै जीवनलाई सफलतातर्फ उन्मुख गराउने उद्देश्यले धार्मिक भजन गाएको पाइन्छ :-

"ढोका खोल राम धर्मी आए मन्दिरमा" जस्ता भजनमा धार्मिक कार्यबाट ईश्वरको निकट सम्बन्ध जोड्ने प्रयत्न पाइन्छ । यहाँ भक्तिबिना कुनै पनि साधकले ब्रह्मज्ञान वा परमात्मको दिव्य ज्ञान प्राप्त गर्न सकिँदैन भन्ने लोक विश्वास छ । धार्मिक कार्यले ईश्वरीय आशीर्वाद प्राप्त गर्न सकिन्छ भन्ने यहाँको समाजमा विश्वास छ । कलियुगमा हरि भन्न नपाएको पछुतो यसरी प्रकट भएको छ ।

'हरि भन्न पाइन कलि बस्यो मुखैमा'

अन्य युग भन्दा कलियुगमा धर्मद्वारा इष्ट साधन गरिनु पर्ने धारणाले हरि भजनको विशेष महिमा यहाँ बताइएको पाइन्छ । गृहस्थी र सर्वसाधारणका लागि सहज ईश्वर प्राप्तिको साधन भजन नै हो भन्ने धारणा यहाँ प्रकट भएको छ । मनुष्यलाई एकै चोटी आत्मज्ञान प्राप्त गर्न कठिन हुने हुनाले एकाग्र चित्तले धार्मिक

कार्य गर्नुपर्ने विधि यहाँ बताएको छ । अनेक तीर्थ व्रत, पूजा तथा चाड, पर्वहरूको परम्परा र आध्यात्म ज्ञानका कर्महरू ईश्वर प्राप्तिका निम्ति सिर्जना गरिएका हुन् र पुण्य कमाउन तीर्थ गइन्छ र त्यहाँको दर्शन गरेपछि पुण्य कमाइन्छ भन्ने विश्वास पनि भजनमा पाइन्छ ।

ईश्वर प्रतिको भक्ति र सेवा भाव बढाउन भजनले यसरी आह्वान गरेको पाइन्छ :-

विषय विकार हटाओ पाप छुटाऊ देवा

श्रद्धा भक्ति बढाउनु, सज्जनको सेवा (५)

धार्मिक कर्मले मानिसमा रहेको लोभ लाल्चालाई हटाई पापबाट मुक्त गराई धर्मतिर लैजान्छ र धर्मले मानिसलाई दया, माया, करूणा, सेवा भावनाको पक्ष गराउँछ भन्ने भावना यहाँ व्यक्त भएको छ ।

मानिस जन्मेपछि कुनै पनि समयमा आफ्नो धर्म कर्म गरिरहनु पर्छ । कमलको फूलको पत्र पत्र भए जस्तै पद पदमा धर्मले मानिसलाई सही र सत्य बाटोमा लैजान्छ भन्ने कुरा तलका भजनमा अभिव्यक्त छ :-

जन्म यो कालमा निज धर्मकर्म सबै बह्यो

कलम झै पद पदमा तिम्रो भज्न आस बाँचिरह्यो ।

## ४.३ भाषा प्रयोगका आधारमा विश्लेषण

यस क्षेत्रमा प्रचलित लोक भजनमा स्थानीय समाजमा प्रचलित भाषाको प्रयोग भएको छ । नेपाली भाषाको मूल स्रोत संस्कृत भाषा हो यसैले भजनमा संस्कृतका तत्सम शब्दहरू पनि प्रयोग भएका छन् । तल उल्लेखित शब्दहरू यहाँका भजनमा प्रयुक्त संस्कृत शब्दका नमुना प्रस्तुत छन् :-

| | |
|---|---|
| माता | जिह्वा |
| पिता | नन्दी |
| दृष्टि | सूत |

| | |
|---|---|
| काय | भस्म |
| सङ्कट | केश |
| अन्तर्यामी | पावन |
| भूपति | देह |
| अरधाङ्गी | भूपति |
| हंस | अक्षता |
| गरूड | जल |
| वृष | मनुष्य |
| भुजा | मत्स्य |
| मुण्ड | वस्त्र |
| कर | स्नान |
| श्वेताम्बर | गृह |
| पिताम्बर | हत्वा |
| बागम्वर | मरण |
| जटा | दहनम |
| जननी | गमनम् |
| क्षीर | तरणम् |
| पुष्प | धारणम् |

संस्कृत र अन्य भाषाको समिश्रण पनि भजनमा पाइन्छ । श्रुतिपरम्पराका आधारमा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने हुनाले लेघ्रो तान्ने लय मिलाउने र अक्षर थपघट गर्दै जाने क्रममा मूल स्वरूप नै बदलिएको पनि पाइन्छ । यस क्षेत्रका बासिन्दाहरू रोजगारीको सिलसिलामा स्वदेश भित्रका विभिन्न स्थान तथा भारत,

भुटान आदि मुलुकमा गई भजन कीतन गाउँदा र सुन्दा त्यसको प्रभाव यस क्षेत्रमा प्रचलित भजनमा प्रशस्त पर्न गएको पाइन्छ :-

कोमलय नयन तुमर लालय मुहार तुमर

रे दुर्गा देवी भगवती शरण तुमर भजमन नारायण ।

यहाँ पाञ्चायन देवी देवताको स्तुतिमा देवीको महिमा राम्रा आँखा रातो अनुहार तिम्रो हे देवी म शरणमा छु भन्ने प्रसङ्गमा कोमलय, नयन, लालय, मुहार जस्ता नेपाली इतर शब्दहरूको प्रयोग भएको पाइन्छ ।

भक्ति करौँ तुमरो प्रभु हरि हर करौँ भेरी

जन्म जन्मका पाप छुटाउन प्रभु मेरी ।

दशम आरतीको भजनमा जन्म जन्मका पाप छुटाउन करौँ, तुमरो, मेरी जस्ता हिन्दी भाषाका शब्दहरू प्रयोग भएका छन् ।

नेपाली मानक भाषाकै शब्दहरूको पनि उच्चारणको सुविधा तथा स्वर मिलाउन परिवर्तन गरिएको तथा स्थानीय रूप प्रयोग भएको पाइन्छ । यस्ता केही शब्दहरू तल दिएका छन् :-

| | |
|---|---|
| सन्जे = साझ | राउन्ने = रावण |
| मनुख्खे = मनुष्य | एकु = एक |
| नारन = नारायण | कस्यपु = कश्यप |
| दक्खिन = दक्षिण | हिरन्ने = हिरण्य |
| बस्त्ररू = वस्त्र | कस्ले = कसले |
| सुर्जे = सूर्य | बिहे = विवाह |
| दरिसन = दर्शन | लछिमी = लक्ष्मी |
| बाउ = बुबा | भो = भयो |
| कौनाले = कसले | मारण = मार्नु |

अछेतु = अक्षता

त्यसै गरी स्थानीय शब्दहरूको प्रयोग गरी लोकलयका भजनहरू प्रशस्त गाइने कुराको एक उदाहरण यहाँ प्रस्तुत छ :-

बल्ले भयो रमाइलो हरि दुवारैमा ।

नाच्न पाइन भनौला नाच बखतैमा ।

**४.४ लयका आधारमा विश्लेषण**

यस क्षेत्रमा प्रचलित लोक भजनका लय एकै किसिमका छैनन् । यहाँ छिटो मध्यम र ढिलो लयमा गाइने भजन छन् । भजनको वर्गीकरणमा पनि यसबारे केही उल्लेख गरिएको छ । लोक भजनहरूका आ-आफ्नै लय रहेका छन् । एउटै भजनलाई पनि ठाउँ, व्यक्ति वा भजन मण्डलीले फरक फरक लयमा गाउने गरेको पनि पाइन्छ ।

मुरली बजाए गोकुलमा कृष्णले ।

भागवत गीता मेरै मन परेको ।

यस प्रकारका भजनलाई विस्तारै सुरू गरी दश पन्ध्र चोटि दोहोर्‍याई छिटोछिटो गाउँदै लगिन्छ । यहाँ द्रुत लय भन्दा भिन्न ढङ्गको मध्यम लय पनि भजनमा प्रचलित छ । जस्तैः

माताजीको निवेदन सुन कृष्णजी ।

मथुराको निम्तामा जानु हुँदैन ।

जाने कहाँ होला जाने कहाँ होला ? उनै रामलाई थाहा होला ।

यी भजनहरू मध्यम लयमा गाइन्छन् । मध्यम लय भन्दा पनि ढिलो लयका भजनहरू पनि यहाँ गाइन्छन् ।

तेल थपी थपी बति जल्यो तुम बिनु भयो अन्धकार । हरि

यो देह पाला पौनको बाती जागा रहो दिन रात ।

जय जगदिश्वर हरे प्रभु जय जगदिश्वर हरे ।

## ४.५ काव्य तत्त्वका आधारमा विश्लेषण

लोक गीतमा सुख, दुःख, प्रेम र उत्साह रहन्छ भने लोक भजनमा विशुद्ध भक्ति भाव रहन्छ । लोक भजनहरू काव्य शास्त्रीय बन्धनमा बाँधिएका हुँदैनन् तापनि लोक साहित्यको श्रब्य भेद वा साहित्यको एक महत्त्वपूर्ण पक्ष हुनाले भजनमा काव्य तत्त्व पनि भेटिन्छन् । यस क्षेत्रका लोक भजनमा केही मात्रामा रस र अलङ्कार ब्यक्त भएको पाइन्छ ।

### ४.५.१ रस

लोक भजन भक्तिमूलक विद्या भए पनि यसमा विभिन्न रसहरू समावेश भएको पाइन्छ । मानवको मनमा रहेको भक्ति ईश्वरको अनुरागलाई लोक लयमा आवद्ध गरिएको पाइन्छ । भजनीया भजन मण्डलीले देवीदेवताको नाम बारम्बार लिएर भक्ति रस पहिला गरिदिन्छन्  र भक्ति भावको परिवेश निर्माण गर्दछन् । भक्ति रस अध्यात्म दर्शनको गहिराईमा पुग्दा शान्त रस हुन्छ । भजनमा शान्त, करूण, श्रृङ्गार, वीर आदि रसको प्रयोग पाइन्छ ।

#### ४.५.१.१ शान्त रस

संसारको अनित्यता र निः सारताको बोधबाट उत्पन्न हुने बैराग्यात्मक चित्तवृति शान्त रस हो ।[४४] लोक भजनमा शान्त रसले ठुलो भूमिका खेलेको हुन्छ । नेपाली धार्मिक जीवनमा ईश्वरको आराधना हुन्छ । भागवत रामायण, कृष्ण लीला

---

[४४] केशव प्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त** , तेस्रो संस्करण (काठमाडौं, साझा प्रकाशन २०५५) पृ. ५९ ।

आदि धार्मिक श्लोक र भजनमा शान्त रसको प्रयोग देख्न सकिन्छ । लोक भजनमा पनि त्यसको प्रयोग पाइन्छ ।

छलकपट नगरी काम, कोध, लोभ, मोह र अभिमान छोडेर बैराग्य चिन्तनसहित आनन्द अवस्थामा पुग्ने उद्देश्यले शान्त रसमा भजन गाइन्छन् । भजनका यी अंशमा शान्त रस प्रकट भएको पाइन्छ :-

भजौँ कृष्णलाई भजौँ कृष्णलाई जिन्दगीको भर छैन् भजौँ कृष्णलाई ।

भज पराणी भज पराणी यो जीवन मरेपछि हुन्छ खरानी ।

यो पनि शिवको त्यो पनि शिवको सारा संसार शिवको म पनि शिवको ।

### ४.५.१.२ करूण रस

प्रिय जनसितको वियोग, अप्रिय कुराको अवस्थालाई लिएर करूण रस उत्पन्न हुन्छ । शोक यसको स्थायी भाव हो भने 'रूनु' अनुभाव हो । यी भजनमा करूण भाव व्यक्त भएको छ :

सीता रोइन् कराइन् श्रीमान् भनी चिच्याइन् ।

जङ्गलको दुरी दैव भयो निष्ठुरी ।

### ४.५.१.३ शृङ्गार रस

परम्परा अनुसारमा बाँधिएका नायक नायिकाको एक अर्काको प्रेमको वर्णन भएका भजनहरूमा शृङ्गार रस पाइन्छ । प्रेम वा रति रागात्मक सौन्दर्यको प्रस्पफुटन हुने अभिब्यक्ति नै शृङ्गार रस हो । लोक भजनमा प्रेम छल्कने हुँदा शृङ्गार रस प्रयोग भएको पाइन्छ । शृङ्गारको स्थायी भाव रति हुने गर्दछ । सौन्दर्य बोधक रूप, रस, शब्द, स्पर्शको विषयक शृङ्गारका रूपमा आउँदछन् । मिलन र बिछोड दुबैको शृङ्गार रसमा समान स्थान रहेको पाइन्छ । कृष्ण र गोपिनीसँग

सम्बन्धित भजनमा शृङ्गार रस पाइन्छ । तलका भजन शृङ्गारका दृष्टिले उल्लेख्य छन् :

मुरलीको स्वरले गोपिनी भुलाए ।

सोह्र सय गोपिनीलाई जगतै डुलाए ॥

कृष्णले मुरलीको स्वरले गोपिनीलाई माया जालमा जगतै डुलाए ।

यी भजनमा शृङ्गार रस व्यक्त भएको छ ।

### ४.५.१.४ वीर रस

वीर रसको स्थायी भाव उत्साह हो । दया, दान, हाँक, युद्ध, क्रियाकलापमा देखाइने सक्रियता नै वीर रसको कारक तत्त्व हो । भजनमा वीर रस पनि पाइन्छ । जस्तै :

केश पकडी करिकंश पछार्‍यौ मार्‍यौ नर पति शिशुपाल ।

जाउन हनुमान सीता खोजी ल्याउन ।

युद्ध चलिरह्यो हजारौँको ज्यान गयो ।

यी भजनमा वीर रस पाइन्छ ।

### ४.५.२ अलङ्कार

अलङ्कार भनेको गहना, आभुषण वा सिंगार्ने वस्तु हो । काव्यलाई सौन्दर्य दिने साधन अलङ्कार हुन्छ । साहित्यमा अलङ्कार महत्त्वपूर्ण मानिन्छ । लोक साहित्यमा पूर्वका आचार्य भामह, दण्डी, रूद्रट आदिका अलङ्कारका लक्षण हुबहु खोज्नु धृष्टता मात्र हुनेछ तर पनि प्रत्यक्ष अप्रत्यक्ष रूपमा लोक भजनमा पनि अवश्य प्रभाव परेको छ । लोक भजनमा सचेत अलङ्कारको प्रयोग नभएपछि लय सिर्जनाको क्रममा स्वभाविक रूपमा अलङ्कार आएको पाइन्छ ।

### ४.५.२.१ अनुप्रास अलङ्कार

यस धुर्कोट क्षेत्रमा गाइने लोक भजनमा अनुप्रास अलङ्कार प्रयोग भएको पाइन्छ । आरती स्तुती लगायत अधिकांश भजनमा अनुप्रास अलङ्कार पाइन्छ । भजनको आदि, मध्य वा अन्त्यका एक वा अनेक पटक एउटै वा फरक वर्णहहरू दोहोरिएमा हुने अनुप्रास अलङ्कार स्पष्ट देख्न सकिन्छ । उदाहरण स्वरूप अनुप्रासयुक्त भजनहरू यहाँ प्रस्तुत छन् :

कृष्ष्णजीको सम्झना कहिल्यै नटुटोस् ।
कृष्णजीको भजन कहिल्यै नछुटोस् ॥
मदेशको कसन भणन भुटानको नुन ।
तोला चढ्दा रूपैया त पाथी भरी सुन ॥

### ४.५.२.२. रूपक अलङ्कार

वर्णनीय वस्तु एउटै रूपमा कल्पना गरियो भने रूपक अलङ्कार हुन्छ । यसमा एक वस्तुको अर्को वस्तुको रूपमा आरोप गरिएको हुन्छ ।

संसार झुटो छ संसार झुटो छ ।
भगवानलाई बिर्सन्छु कि भन्ने भुटो छ ॥
राम जपन राम जपन ।
जिन्दगीको सपना राम जपन ॥
गोकुलमा गाई चराउने ढोर ।
कति राम्रो कृष्णजीको मुरलीको स्वर ॥

यी माथिका भजनमा दृष्य सत्य संसारलाई झुटो चलयमान जीवन ब्यतित गर्ने जिन्दगीलाई सपना आरोप गरिएकाले रूपक अलङ्कार पाइन्छ ।

### ४.५.२.३ अतिशयोक्ति अलङ्कार

नाच्न लागिन् अप्सरा झुल्के हीरा मोती ।

चतुर्थ अवतार लिनुभयो प्रभुले नृसिंह रूप धारण - राम

खम्बा फोरी प्रकट भए प्रल्हाद बाल रक्षक - राम

यहाँ नाच्ने महिलालाई अप्सरा, गहनालाई हीरा मोती र बालक खम्बा फोरी प्रकट भएको वर्णन छ । यसरी लोक भजनमा अतिशयोक्ति अलङ्कार पाइन्छ ।

### ४.५.२.४ उपमा अलङ्कार

कुनै एक वस्तुको अर्को वस्तुसँग गरिने तुलनालाई उपमा अलङ्कारको लक्षण मानिन्छ ।

हुनुपर्छ नारी सीता जस्तै लच्छिन् कि ।

धमिरा जैसो भेडा बाखा जैसो गाई ।

छोरी होलान् तिनै बहिनी छोरा पाँचै भाइ ।

कमलझैँ पद पदमा तिम्रो भज्न आश बचीँ रह्यो ।

यहाँ नारी सीता जस्तै भेडा, गाई बाखा धमिराजस्ता यसरी भजनमा उपमा अलङ्कार पाइन्छ ।

## ४.६ सङ्गीत साहचर्यका आधारमा विश्लेषण

गुल्मी धुर्कोट क्षेत्रमा गाइने लोक भजन व्यक्तिगतभन्दा सामूहिक रूपमा संगीतयम हुनाले संगीत साहचर्यको सामान्य चर्चा यहाँ प्रस्तुत गरिएको छ :

### ४.६.१ गायन

भजन गाउँदा यस क्षेत्रमा तिन वा तिन भन्दा बढी व्यक्तिको समूह बनाई गाइन्छ । त्यसमा दुई समूह भएमा पालैपालो गाउँछन् । जसलाई दोहोरी भजन पनि भन्दछन् । भजन यहाँ गाउने भन्ने कुरा मानिसको उपस्थितिमा भर पर्छ । उपस्थिति

हेरी कोठाभित्र वा बाहिर समूहका मुख्य ब्यक्ति (नाइके) ले भजन सुरू गर्दछन् । अन्यले त्यसलाई छोप्छन् । भजन झिक्ने ब्यक्ति समूहको बिचमा बस्ने गर्दछन् । भजन सुरू गर्दा आहा, हरि, है, को अलापबाट सुरू गरिन्छ भने रामराम, हरिहरि भनेर बिश्राम गरिन्छ । विभिन्न देवीदेवताका पूजाआजा गर्ने व्यक्ति वा सामाजिक समूहले भजन गाउन भजन मण्डलीलाई निमन्त्रणा गर्दछन् । कतिपय घर मन्दिरमा बिना निमन्त्रण पनि भजन गाउने गर्दछन् । महिला, बालक र वृद्धहरूले पनि आफूले जानेका भजन गाउने, गाउन नजान्नेहरूले छोप्ने गर्दछन् र रमाइलो गर्ने गर्दछन् । भजन गाउँदा बिच बिचमा 'हरिबोल' 'हरिबोल' शब्दको प्रयोग पनि गर्दछन् ।

### ४.६.२ मञ्चन

यस धुर्कोट क्षेत्रमा ब्यक्तिगत वा सामूहिक रूपमा घर वा मन्दिरमा पूजाआजा गर्ने गर्दछन् । पूजाआजा सानो समय र नौ दश दिन सम्मको लामो गर्ने गर्दछन् । समयवधिलाई हेरेर मञ्च बनाइएको हुन्छ । प्रायः  पूजाआजा गरेकै ठाउँ नजिकै बसेर भजन मण्डलीले भजन गाउने गर्दछन् । भजन मण्डलीलाई बस्ने स्थान उच्च बनाइएको हुन्छ र व्यवस्थित सम्मानका साथ राख्ने गरिएको हुन्छ । मञ्चमा बसेका भजन मण्डलीका ठिक अगाडि नाच्ने ब्यक्तिका लागि ठाउँ छुट्याइएको हुन्छ । नाच्ने एकल वा सामूहिक हुन्छ । त्यसका अगाडि भजन सुन्ने र आन्नद लिने व्यक्तिहरू बस्ने गर्दछन्  । भजन गाउँदा बसेर गाउँछन् भने केही पूजामा चन्दन, अक्षता र फूलहरू चढाउँदै परिक्रमा गर्दै छोटो समयका लागि भजन गाउने गर्दछन् । फूल नदी तलाउमा सेलाउँदा पनि भजन गाउँदै लैजाने गर्दछन् ।

### ४.६.३ वाद्यवादन

धुर्कोट क्षेत्रमा गाउँदा संगीतमय बनाउन भजन मण्डलीले धेरै पहिलेदेखि प्रयोग गर्ने वाद्यवादनका सामग्रीहरू खैंजडी, मजुरा हुन् । काठबाट बनाइएको र गोहोराको छालाले मोडेर बनाइएको बजाउन सजिलो र राख्दा झुण्डयाउन मिल्ने

गरी रसी बाँधिएको बाजालाई खैंजडी भनिन्छ । मजुरा काँसबाट निर्मित हुन्छ । त्यसका बिचमा प्वाल हुन्छ र प्वालमा दुबैतिरबाट रसीमा गाँठो पारी अड्याइन्छ । यी बाजाहरूलाई पवित्र बाजाका रूपमा लिइन्छ । प्रायः भजन मण्डलीले आ-आफ्ना वाद्यवादन सामग्री आफै लिएर आउँछन् । आज भोलि कठताल, ढोलक, मादल, तबेला, बाँसुरी, हारमोनियम जस्ता वाद्यवादनका सामग्रीहरू पनि प्रयोग गरी भजन गाउने गर्दछन् । भजन मण्डलीले प्रायः वाद्यवादन आफै बजाउने गर्दछन् ।

### ४.६.४ नृत्य

यस धुर्कोट क्षेत्रमा प्रचलित लोक भजनमा नृत्यले रोचकता प्रदान गरेको पाइन्छ । नृत्यले मानिसलाई हास्य रस प्रदान गरेको हुन्छ । भजन गाउँदा भजन मण्डलीको ठिक अगाडिको स्थानमा एकल वा फराकिलो स्थान भए राग ताल अनुरूप युगल र समूह नाच नाच्ने गर्दछन् । गीतमा ननाच्ने ब्यक्ति पनि धार्मिक कार्यको भजनमा खुलेर मन पराई नृत्य गर्दछन् । बालकदेखि वृद्धसम्म पुरूष, महिला प्रतिस्पर्धात्मक हिसाबले नाच्ने गर्दछन् । भजन मण्डलीले नाच्नेलाई थकाउन खोन्छन् भने नाच्नेले भजन गायकहरूलाई थकाउन खोज्छन् । आरती भजन लस्के भजनमा प्रायः नाचिँदैन । चुड्के भजन छिटो गाइने र सङ्गीत छिटो हुने हुनाले यसमा नाच्ने गर्दछन् । पूजाआजामा चढाएका फुल र अक्षता बिसर्जन गर्न नदी, तालतलाउ र खोलामा जाँदा भजन गाउँदै नृत्य गर्दै लैजाने गर्दछन् । नाच्ने ब्यक्तिले पूजा गरेको मण्डप, मन्दिर र भजनीयाहरूलाई नमस्कार गरी नृत्य सुरू गर्दनछ ।

# अध्याय - पाँच

# उपसंहार

## ५.१ सार संक्षेप

प्रस्तुत शोधपत्र जन जीवनमा प्रचलित लोक भजनको सङ्कलन गरिएको छ । तिनलाई अध्ययन सुविधाका लागि विभिन्न शीर्षका प्रस्ततु गरिएको छ । शोधपत्र पाँच अध्यायमा सङ्गठित छ । पहिलो अध्यायमा शोध परिचय, समस्या कथन, उद्देश्य, पूर्व कार्यको समीक्षा, शोधकार्यको औचित्य, सीमाङ्कन, सामग्री सङ्कलन विधि, सैद्धान्तिक ढाँचा र शोधपत्रको रूपरेखा दिइएको छ ।

दोस्रो अध्यायमा गुल्मी धुर्कोट क्षेत्रको परिचय प्रस्तुत छ । जसमा ऐतिहासिक पृगठभूमि भौगोलिक अवस्था, यातायात, वन जङ्गल हावापानी, नदीनाला, जनसङ्ख्या, सञ्चार लेक बेँसी आदिको वर्णन गरिएको छ । सामाजिक अवस्थामा रीतिरिवाज, रहनसहन, लवाइखवाइ, भाषा, संस्कार र धर्म संस्कृतिको समेत अध्ययन गरिएको छ । अनि स्वास्थ्य, शिक्षा, भाषा, साहित्य र लोक साहित्यको परिचर्चा पनि यसमा गरिएको छ ।

तेस्रो अध्यायमा लोक साहित्यको परिचय दिने क्रममा लोक गीत लोक गीतमा भजनको स्थान, भजनको परिचय, विशेषता, तत्त्व र महत्त्वको वर्णनका साथै वर्गीकरण गरिएको छ । विषयवस्तुका आधारमा विभिन्न धार्मिक ग्रन्थ तथा पुराणमा आधारित लोक भजन र पुराणेतर अनि गायनका आधारमा चुड्के, लस्के र अन्य लयका आधारमा वर्गीकरण गरिएको छ । त्यसै गरी सुरू र अन्त्यका आधारमा गाइने भजनलाई आरती मध्यवर्ती र भिम्मलु (आशिष) भनी तीन किसिमले वर्गीकरण गरिएको छ । विविध लयका भजन अन्तर्गत पर्व, संस्कार कर्ता नचाउनेसँग सम्बन्धित विभिन्न लयको विवेचना सहित वर्गीकरण गरिएको छ ।

चौथो अध्यायमा पौराणिक, धार्मिक, सामाजिक र प्राकृतिक विषयका आधारमा भजनको विश्लेषण गरिएको छ । यसका साथै यस क्षेत्रमा प्रचलित लोक

भजनहरूको विभिन्न लय तथा भाकाको विवेचना गर्दै छोटो, मध्यम तथा लामो लयमा ती भजनहरूको शान्त सृङ्गार करूण र वीर रस अनि उपमा, रूपक, अतिव्योक्ति अनुप्रास आदि अलङ्कारका आधारमा तिनको काव्य तत्त्वको विश्लेषण गरिएको छ । लोक भजन सङ्गीतमय हुनाले गायन, मञ्चन, वाद्यवादन र नृत्यका आधारमा तिनको सङ्गीत साहचर्याका आधारमा विश्लेषण गरिएको छ । पाँचौ अध्याय, उपसंहारका रूपमा प्रस्तुत छ र यसमा सारसङ्क्षेप, प्राप्ति तथा भावी अध्ययनका लागि केही शीर्षकहरू प्रस्तुत छन् ।

## ५.२ प्राप्ति

प्रस्तुत शोधपत्रको प्राप्ति वा उपलब्धीलाई यसरी प्रस्तुत गर्न सकिन्छ :-

लोक साहित्यका विभिन्न विधा उपविधाहरू रहेका छन् । लोक गीत, लोककथा, लोकनाटक, गाउँखाने कथा उखान-टुक्का आदि लोक साहित्यका विभिन्न विधाहरू मध्ये एउटा लोक गीत हो । लोक साहित्यका अध्यताहरूले नेपाली लोक गीतलाई विभिन्न आधारमा वर्गीकरण गरेर अध्ययन गरेको पाइन्छ । तिनमा लोक भजन एउटा हो । यो ईश्वर भक्तिसँग सम्बन्धित छ । ईश्वरप्रति आस्थावान भई गुण, महिमा तथा उपासना गरिएको र स्वच्छ मनोरञ्जनार्थ रचिने एवम् गाइने लयात्मक अभिव्यक्ति लोक भजन हो । पापबाट मुक्तिको माध्यम भजन कीर्तन नै हो भन्ने विश्वास लोकमा विद्यमान छ । नेपाली समाज धर्म परायण छ । नेपालका गाउँदेखि विकसित सहरसम्म विभिन्न मठ मन्दिर, घर, आँगन तथा धार्मिक स्थलमा लोक भजन गुन्जिने गर्दछ । भजन आध्यामिक चिन्तन मात्र नभई अनुशासन र विनम्रताको ज्ञान पनि हो । गीत सङ्गीतमा चासो नराख्नेहरू पनि भजनमा सहभागी हुने गर्दछन् । भजन भगवानको स्तुति भएको हुँदा सहभागी हुनुपर्छ भन्ने मान्यता लोकमा छ । यसबाट लोक भजनको महत्त्व स्पष्ट हुन्छ ।

धुर्कोट क्षेत्रको समाजमा पनि विभिन्न प्रकारका लोक भजनहरू प्रचलित छन् । ती लोक भजनको मूल विषयवस्तु धार्मिक नै हो । लोक भजनमा सामाजिक पौराणिक र प्राकृतिक पक्षको चित्रण भएको छ । भजन श्लोकको रूपमा संरचित

पाइन्छन् । लस्के, चुड्के मध्यम लय आधारमा भजन पाइन्छन् । एउटै श्लोकभित्र पनि लामा छोटा पङ्क्ति पाइन्छन् । यहाँका भजनमा नेपालकै स्थानीय भाषिका तथा नेपाली इतर संस्कृत, र अन्य हिन्दी, आदि भाषाको पनि प्रयोग भएको पाइन्छ । भजनमा रस र अलङ्कार जस्ता काव्यतत्त्व पनि पाइन्छ । रसमा शान्त, करूण, शृङ्गार र वीर रस पाइन्छन् भने अलङ्कारमा अनुप्रास, रूपक, अतिशयोक्ति र उपमा अलङ्कारको रूपमा पाइन्छन् । भजन लयको संयोजन गर्न थेगो वा रहनीको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । यस्ता थेगोहरू राम, राम, हरि हरि, नारायण नारायण, राधे राधे हुन् । यिनीहरू शब्द, पदावली वा वाक्य खण्डकै रूपमा आएका हुन्छन् । लोक भजनमा मठ मन्दिर, घर आँगनमा बन्धु बान्धवहरू जम्मा भई गाइन्छ । सङ्गीतलाई लोक भजनको अनिवार्य तत्त्व मानिन्छ । भजन पुर्णत सङगीतात्मक हुन्छ । लयात्मक स्वरमा भजनमण्डलीहरू हातमा खैजँडी, मुजुरा ढोलक आदि लिएर भजन गाउँछन् भने बिचमा नाच्नको लागि ठाउँ राखिएको हुन्छ । लोक भजनले सामाजिक धार्मिक परम्पराको निरन्तरतामा आपसी सहयोग र एकताको भावना विकास गरेको छ ।

धुर्कोट क्षेत्रको लोक भजनको अध्ययनले त्यस ठाउँका जातजाति र विशेषत ब्राह्मण क्षत्री समाजमा प्रचलित परम्परा धर्म, संस्कृति, चाडपर्व, लोकरीति र लोक विश्वास समेत थाहा पाउन सकिन्छ । त्यहाँका मानिसहरूको मानसिकता बुझ्ने पनि यसले सजिलो बनाउको छ । सामाजिक रूपान्तरण गर्नको लागि सर्वप्रथम त्यस समाजको विविध पक्षमा अध्ययन गर्नु पर्ने हुन्छ । जसमा यस अध्ययनले पनि समाजको बारेमा बुझ्न सहयोग गर्दछ । लोक भजन धार्मिक अभिव्यक्ति मात्र नभई साहित्यिक विशेषताले पनि युक्त छ भन्ने कुरा यसमा देख्न सकिन्छ । गुल्मी धुर्कोट क्षेत्रको भाषिक पक्षका वा लोकबोली, संस्कृति तथा धार्मिक मनोरञ्जनको स्थिति आदि बारे पनि जानकारी उपलब्ध भएको छ । यसमा नेपाली लोक साहित्यको महत्त्वपूर्ण विधा लोक भजनको केही मात्रामा सङ्कलन भएको छ । त्यसका कतिपय विशिष्ट पक्ष प्रकाशमा आएका छन् ।

## ५.३ भावी अध्ययनका लागि शीर्षक

गुल्मी धुर्कोट क्षेत्रका लोक भजनसँग सम्बन्धित निम्नलिखित शीर्षकमा भविष्यमा अध्ययन गर्न सकिने छ :-

(क) गुल्मी धुर्कोट क्षेत्रमा प्रचलित लोक भजन र अन्य क्षेत्रमा प्रचलित लोक भजनको तुलनात्मक अध्ययन ।

(ख) गुल्मी धुर्कोट क्षेत्रमा प्रचलित लोक भजनमा आध्यत्मिक चिन्तन ।

(ग) गुल्मी धुर्कोट क्षेत्रमा प्रचलित लोक भजनको साङ्गीतिक अध्ययन ।

# परिशिष्ट -१

## सङ्कलित भजनका पाठहरू

### आरती भजन

व्यवस्थित रूपमा भजन गाउन सुरू गर्दा जुन देवीदेवताको पूजाआजा सम्पन्न भएको छ, प्रायः सोही देवीदेवताको आरती गाइसकेपछि अन्य भजन गाइन्छ । विशेष निर्विघ्न साथ सम्पन्न होस् भन्ने हेतुले गणेशको आरतीबाट सुरू गरिन्छ । आरती भजनको छुट्टै महत्वपूर्ण स्थान रहेको छ । ती आरती भजनहरू लगायत अन्य भजनहरू यस प्रकार रहेका छन् :

**१. गणेशको आरती**

जय गणेश जय गणेश जय गणेश देवा ।
माता तिम्री पार्वती पिता महादेव ॥
एकदन्त दयावन्त चारभूजा धारी ।
शिर मुकुट तिलक सिन्दुर मुसाको सवारी ॥ जय गणेश ...
पान फुल दुवो चढाउ चढाउ लड्डुमेवा ।
धुपदिप आरतीले गर्छौं तिम्रो सेवा । जय गणेश ...
अन्धालाई दृष्टि दिने कोढीलाई काया ।
निसन्तानलाई सन्तान दिने अभागीलाई माया । जय गणेश ...
गणेशको याद भक्ति जसले मनमा ।
सुख पाई दुःख हट्ला इच्छा पुग्ला मनको ॥ जय गणेश ...

स्रोत व्यक्ति : रोमलाल घिमिरे
वाग्ला -७

जय बाबा गणेश जय बाबा गणेश
तिम्रो दयाले संसार चलेछ ।
घ्याम्पो जत्रो पेट तिम्रो मुसाको वाहन
शरणमा आएका छौं हामी अन्जान । जय बाबा ...

चार भुजा धारी प्रभु मुसामा सावरी
आउँदा रहेछन् गणेश बाबा भक्तले पुकारे । जय बाबा ...
लामो लामो सुँड तिम्रो कामो लामो कान
बुद्धिदाता सिद्धिदाता गणेश तिम्रो नाम । जय बाबा ...

स्रोत व्यक्ति : जीवन भट्टराई
हाडहाडे -५

## २. जगदीशको आरती

ॐ जय जगदीश हरे प्रभु जय जयदीश हरे
भक्तहरूको सङ्कट क्षममै दूर गरे ।
जो घ्याओस फल पा ओस् दुःख हटोस् मनको
सुख सम्पत्ति घर आओस् कष्ट मिटोस् तनको । ॐ जय...
माता पिता हौ तिमी नै मेरा शरण परूँ कसको
तिमी विनु छैन अरू क्वै आशा गरूँ कसको । ॐ जय...
तिमी पूरण परमात्मा तिमी अन्तरयामी
परब्रह्म परमेश्वर तिमी सबका स्वामी । ॐ जय...
तिमी करूणाका सागर तिमी पालनकर्ता
मै मुरख खल कामी कृपा गरे भर्ता । ॐ जय...
तिमी हौ एक अगोचर, प्राण पति
कुन विधि मिलु दयामया तिमीसँग मै कुमती । ॐ जय...
दीनबन्धु दुःखहर्ता तिमी रक्षक मेरा
करूणा हात उठाउ दरबार खडा छ तेरा । ॐ जय...
विषय विकार हटाओ पाप छुटाऊ देवा
श्रद्धा भक्ति बढाऊ सन्जनको सेवा । ॐ जय...

स्रोत व्यक्ति : पं. चन्द्रकान्त पन्थी
भनभने -५

### ३. शिव आरती

ॐ जय शिव ॐ  कारा स्वामी हर भज ॐ कारा
ब्रह्मा विष्णु सदाशिव चराचर अनन्तनाथ महादेव अरधाङ्गी गौरा
ॐ शिव हर ! हर ! हर ! महादेव ॥१॥
एकानन चतुरानन पञ्चानन राजे स्वामी पञ्चानन राजे
हंसासन गरूणासन वृषभाहन साजे ॐ शिव हर ! हर ! हर ! महादेव ॥२॥
द्विभुजा चार चतुर्भुजा, अष्टादश भुजा तुम सोहे[२]
तिन एक स्वरूप निरत त्रिभुवन जग मोहे ॥ ॐ शिव हर ! ...
अक्षमाला बनमाला, मुण्डमाला धारे[२]
चन्दन मृगमद लेपन भाले शशि धरे ॥ ॐ शिव हर ! ...
करमध्ये करक मण्डलु चक्र त्रिशूल धरता२
युगहरता युगभरतायुगयुग महि पालन करता ॥ ॐ शिव हर ! ...
श्वेताम्बर पीताम्बर बागम्बर खागम्बर अङ्गे२
अरधङ्गी बहुरङ्गी जटामुकुट वैरङ्गी ॥ ॐ शिव हर ! ...
ब्रह्म विष्णु महेश्वर तिन एक स्वरूप, अन्तरता करसो२
मन मागत फल पावत भरसागर तारत ॥ ॐ शिव हर ! ...
विष्णु वसत बैकुण्ठ, शिव वसत कैलाशा२
हरि काला शिवगोरा त्रिभुवनके नाथ । ॐ शिव हर ! ...
चौषठि्ठ योगिनी मङ्गलु गावै निरत करत भैरङ्ग२
बाजत ताल मृदङ्ग और बाजे शङ्ख डमरू ॥ ॐ शिव हर ! ...
काशीमें विश्वनाथ विराजे, यकुनान्द ब्रह्मचारी२
प्रतिदिन धूप धुपावत निशिदिन ज्योतजगावत नित्यदिन भोग लगावत
महिमा अति भारी । ॐ शिव हर ! ...
शिव ज्यू कि आरती प्रतिदिन जो गावे स्वामी निशिदिन पढी गावे
भजत शिवानन्द स्वामि रटथ हरेनन्द स्वामी मनइच्छा फल पावे ॐ शिव हर ! ...

स्रोत व्यक्ति : पं. शिवचन्द्र अर्याल
सिर्सैनी -४

**४. ठाकुर ज्यूको सञ्जे आरती**

ठाकुर ज्यूको मन्दिरमा वेदको घारी ।
ठाकुज्यूले स्नानगर्ने सुलको घारी ॥
सन्जे जगाउन प्रभु आरती जगाऔँ ।
साँझ पऱ्यो भक्त राम शिवको मन्दिरमा सन्जे जगाऔँ ॥
ठाकुरको मन्दिरमा आरती ओइरो ।
ठाकुरज्यूको दर्शन गर्न मनुष्यको धोइरो ॥ सन्जे ...
ठाकुरज्यूको मन्दिरमा कपुर बाती ।
ठाकुरज्यूलाई चढाउँला फूल बेलपाती ॥ सन्जे ...
ठाकुरज्यूको मन्दिरबाट देखिन्छ रनवन ।
ठाकुरज्यूले लगाउने सुनको कनकन ॥ सन्जे ...
ठाकुरज्यूको मन्दिरमा सनुको ढोका ।
ठाकुरज्यूलाई चढाउँला तुलसी वोट ॥ सन्जे ...

स्रोत व्यक्ति : सूर्यप्रसाद घिमिरे
वाग्ला -९

**५. दुर्गा आरती**

रक्षा गर हे भवानी दुर्गा ।
शरणमा आयौँ अन्जान मूर्ख ॥ रक्षा गर ...
भक्तको लागि उत्पन्न भयौ ।
दुर्गारूपले जगत्मा आयौ ॥ रक्षा गर ...
कानमा कुण्डल गलामा मोती ।
मुख हेर्दा तिम्रो ज्योति ॥ रक्षा गर ...
बाहुमा तिमीले त्रिशूल धऱ्यौ ।
दैत्य दलको विनाश पाऱ्यौ । रक्षा गर ...
भवानी दुर्गा जगत्को जननी ।
आशाले आयौँ अनाथ ठानी ॥ रक्षा गर ...

स्रोत व्यक्ति : पं. चन्द्रकान्त पन्थी
भनभने -५

**६. लक्ष्मीको आरती**

जय लछिमी माता मैया जय लछिमी माता
तुमको निशि दिन सेवा विष्णु विधाता । जय ...
ब्रह्माणी रूद्राणी कमला तिमी हौ जगमाता
सूर्यचन्द्रमा ध्यावत ऋषि सिद्धि धन पाता । जय ...
दुर्गारूप निरञ्जन सुख सम्पत्ति दाता
सच्चा ध्यान जनकन दिन्छ्यौ झलरी छाता । जय ...
तिमी विष्णुसँग तिमी हौ सुखदाता
भक्तहरूका घरमा भवसागरको त्राता । जय ...
तिमी नभई यज्ञ हुँदैन लुगा पनि कोही पाउन्न
शुभ गुण सुन्दर युक्त क्षीर निधिमा टन्न । जय ...
श्री लछिमीको आरती जो कोही जन गाओस्
उर उमङ्ग अति पाप उतरी जाओस । जय ...

स्रोत व्यक्ति : चिरञ्जीवी घिमिरे
वाग्ला -४

**७. पाञ्चायन देव आरती**

गणपति रवि देवी शिव गोविन्दे
आरती तुम्हारो वीरताररङ्गे जय शिव ज्यू ।
एक मुख एकदन्त प्रभो राम लम्बोदराय
माथ सुबै सिन्दुर सिद्धि बुद्धि वीरता रङ्गे । गणपति ...
लालैवर्ण त्रिलोचन राम सदा निहुरहो आनन्दे
चौध भुवन छायँ संहिता बडिता रङ्गे । गणपति ...
लालैवर्ण चित्र विचित्र सुन सरमाला  अघोर
निरता गिरता भौमसवाग्ने भक्ति बाँडते रङ्गे । गणपति ...
पञ्चै वदन त्रिलोचन जय जय राम

गौरी सुदन शिव आनन्दे । गणपति ...
चन्द्रै वदन सुलोचन रामपाट परमरूप हे भैरवी
लक्ष्मी सुदन विष्णु आनन्दे । गणपति ...

**८.सन्जे आरती**

आरती जगाऊ प्रभु सन्जे जगाऊ
साँझैको वेला भयो आरती जगाऊ
पूर्वका सूर्यचन्द्र पश्चिमका मालिका२
तिनै भवानीको आरती जगाऊ ॥ साझैको ...
आकाशको सूर्यचन्द्र पाताल वासुकी२
तिनै भवानीको आरती जगाऊ ॥ साझैको ...
उत्तरका महादेव पार्वती दक्षिणका कालिका२
तिनै भवनीको आरती जगाऊ ॥ साझैको ...

स्रोत व्यक्ति : पिताम्वर खनाल
भनभने -७

**९. दशम आरती**

पहिलवाँ आरती - प्रभु हरि हर पुष्प की माला । काली नाग नाथी लियौ कृष्ण गुवाला आरतीकी जै राजा रामचन्द्र कि जय ।१।
दोसरी आरती - प्रभुहरिहर देवकी नन्दन । भक्त सुधारण कंस विभञ्जन । आरती की जै राम रामचन्द्र कि जय ।२।
तिसरी आरती-प्रभु हरि हर त्रिभुन मोहे । गरूड सिंहासन राजारामलाई सहे ॥
आरतीकी जेय राम रामचन्द्र कि जय ।३।
चौथम आरती - प्रभु हरि हर चारै दिशा पूजा । चारै दिशा नारायणलाई और लायौं दूजा

आरतीकी जय राजा रामचन्द्र की जय ।४

पञ्चम आरती - प्रभु हरि हर श्रीमङ्गलु गावे ।

रूक्मिणी राधिका चवर डुलावे ॥ आरतीकी जय राजा रामचन्द्र की जय ।५।

षष्ठम आरती - प्रभु हरि हर षडरस पावे ।

रामजीका हरि हर गुण भक्त जन गावे ॥ आरतीकी जय राजा रामचन्द्र कि जय

सप्तम आरती - प्रभु हरि हर समिधा पाती ।

बजाउँला शङ्खघण्ट चढाउँ वेल पाती ॥ आरतीकी जय राजा रामचन्द्र कि जय ।७।

अष्टम आरती - प्रभु हरि हर अष्ट सिद्धि दाता ।

धन्य तिम्रो कोख कोसिला देवी माता ॥ आरती कि जय राजा रामचन्द्र कि जय ।८।

नवम आरती । - प्रभु हरि हर नव नदी गङ्गा ।

हमुको छुटाऊ प्रभु यमराजको फन्दा ॥ आरतीकी जय राजा रामचन्द्र कि जय ।९।

दशम आरती - प्रभु हरि हर दशरथ पीता ।

जपी जपी लछुमन सत्य धारी सीता ॥

आरतीकी जय राजा रामचन्द्र कि जय ।१०।

महादेवका जटा उपर प्रभु पर गङ्गा माई का छटा ।

छम्मर छम्मर बालकृष्ण वसुदेवका बेटा ॥ आरतीकी जय राजा रामचन्द्र कि जय ।११।

मुख भैले घण्ट प्रभु हरि हर जिह्वा मैले राला ।

हृदयकी थलिया माँ पवन जल धारा ॥ आ.

सुवर्ण की थलिया माँ प्रभु हरि हर कर्पूरकी बाती

दीपक जगाऊँ प्रभु सन्ध्या प्रभाती ॥ आरतीकीजय राजा रामचन्द्र कि जय ।१३।

कपडा जो पहिराऊँ प्रभु हरि हर वेल तासा ।

जन्म जनाउ प्रभु दरशन्की आशा । आरतीकी जय राजा रामचन्द्र कि जय ।१४।

भक्ति करौँ तुमरो प्रभु हरि हर स्नान करौँ भेरी ।

जन्मजन्मका पाप छुटाउ प्रभु मेरी ॥

आरता की जय राजा रामचन्द्र कि जय ।१५।

टीपि ल्यायौँ विल्वपत्र प्रभु हरि हर पूजौला देव ।

जानी नजानी प्रभु तुमारो सेवा ॥

आरताकी जय राजा रामचन्द्र कि जय ।१६,।

जो राजा रामचन्द्रकी आरती गावे ।

वसत वैकुण्ठ लोक परम सुफल पावे ॥

आरताकी जय राजा रामचन्द्रकि चय ।१७।

तन मन से देखो मन सदा श्री कृष्ण महादेव एक स्वरूप । टेक

श्रीकृष्णसँग में राधा रूक्मिणी महादेवसँग मे गौरी पावर्तती

तन मन से.।१।

श्रीकृष्ण खावे मक्खन मिश्री महादेव खावे सिद्धि भाङ्

तन मन से.।२।

श्रीकृष्ण पहिरे साल दुसाला महादेव पैह्रे वागम्बरू छाला ॥

तन मन से.।३।

श्रीकृष्ण चलावे गरूड सवारी महादेव चलावे नन्दी वाहन ।

तन मन से.।४।

श्रीकृष्ण बजावे वंशी मृदङ्ग महादेव बजावे चौध भुवन डमरू ।

तन मन से.।५।

स्रोत व्यक्ति : खिमानन्द खनाल
अन्य भजन मण्डली
जैसीथोक

## १०. पञ्चम आरती

हरि हर पञ्चम आरती । मोहन पञ्चम आरती । देव देव के
हरि जय मन पञ्चम आरती ॥ देव के हरि ॥ टेक ॥
सिद्धि माँ देव गणेश्वर राम गज शिरके हरि ।
शिर सौहै सिन्दुर हार शिर सोहै सिन्दू ।
गौरी सुतके हरि जय मन पञ्चम आरती परं गणेश के ॥
हरि हर पञ्चम आरती देब देवके हरि ॥१॥
चार हात माँ चतुर्वेद राम सृष्टि ब्रह्माके हरि ।
पूजा भक्ति ब्रह्मदेव हाइ पुज भक्ति ब्रह्मदेव ।
कमलासन के हरि जन मन पञ्चम आरती ।
परं ब्रह्मके हरि हर पञ्चम आरती देव देवकै हरि ॥२॥
अन्तयमी नारायण राम सिंहासनके हरि ।
शङ्ख चक्र गदा पद्न शङ्खचक्र गदा पहन ।
गरूड वाहनके हरि जय मन पञ्चम आरती
परं ब्रह्मके ॥ हरि हर पञ्चम आरती देवदेक के हरि ॥३॥
शेषरूण्ड वृषध्वज राम भस्म शिरके हरि ।
हात डम्मरू खड्ग त्रिशूल । हात डम्मरू खड्ग त्रिशूल
सदा शिवके हरि मोहन पञ्चम आरती
परं शिवके ॥ हरि हर पञ्चम आरती देवदेव के हरि ॥४॥
बरदेउ मालिका राम सिंह वाहन के हरि ।
गावौं पञ्चम आरती खेल पञ्चम आरती ।
चौध भुवनके हरि मोहन पञ्चम आरती
परं देवीके ॥ हरि हर पञ्चम  आरती देवदेवके हरि ॥५॥
गज कोटि तेज भए राम द्वादश नामके हरि ।
नभ उपर प्रकट भयौ । नभ उपर प्रकट भयौ ।

अस्ववाहन के ॥ हरि मोहन पञ्चम आरती ।
परं सूर्य के ॥ हरि हर पञ्चम आरती देव देवके हरि ॥६॥
गङ्गा यमुना तिरवेणी राम सरस्वती के हरि ।
मोक्षमा दिने मणीकर्णिका मोक्षमा दिने मणिकर्णिका ।
भागीरथके हरि मोहन पञ्चम आरती ।
आदित्य चन्द्र मङ्गल बुध राम वृहस्पति के हरि ।
शुक्र शनैश्चर राहु केतु शुक्र शनैश्वर राहु केतु ।
नव ग्रह के ॥ हरि महन पञ्चम आरती ।
परं ग्रहके ॥ हरि हर पञ्चम आरती देव देवके हरि ॥८॥

हरि शिव गोविन्द गोविन्द गोपाला
नन्दका प्रेम बाला कृष्ण लाला ॥ हरि शिव.॥टेक॥
मधुरामें हरि जन्म लिये हो रङ्गमहलके नन्दलाला
हरि शिव गोविन्द गोविन्द गोपाला ॥नन्दका.॥१॥
यशोदाका छैया बलभद्रका भैया
तिन त्रिलोकका भूपाला ॥ हरि शिव. नन्दका. ॥२॥
पैठिय पतालसे कालीनाग नाथ लियौ ।
करेउ कालीय दमन गोपाला ॥ हरि शिव. नन्दका ॥३॥
केश पकडी करी कंस पछार्‍यौ ।
मार्‍यो नरपति शिशुपाला ॥ हरि शिव.नन्दका. ॥४॥
चन्दन घोटी घोटी कुविजा ल्यावे ।
मलेनी ल्यावत फुल माला ॥ हरि शिव. नन्दका.॥५॥

भज मन सीता भजमन राम गङ्गा तुलसी शालिकराम
राधाकृष्ण सीताराम ॥ सीता राम सीता राम

पतित पावन सीता राम ॥

रघुपति राघव राजाराम ।

पतित पावन सीता राम ॥

### ११. पन्ध्रम आरती

आरती गरौँ प्रभु तिम्रो आरती भनौ

शिवजीको मन्दिरमा आरती जगाऔ

पहिलैमा आरती गरौं, गरौ फुलकी माला

कालीनाग नाथ लियौ श्री कृष्ण बाला

जय हरि हर भगवतीकी रामलाई प्रभु रामै राम दरिसनकी जय

दोसरी आरती देवरज्यूकी नन्दन ।

भवत सुधारण कंसकी खन्दन ॥ जय हरिहर ...

तेसरी आरती गरौँ त्रिभुवनमय ।

गरूड सिंहासन राजा त रामलाई स्वाहे ॥ जय हरिहर ...

चौथम आरती गरौँ चौवरै दिसा पूजा ।

चारैवर नारायणी औरै लाए धुजा ॥ जय हरिहर ...

पञ्चम आरती गरौँ श्री मंगलु गावै ।

राधारूकुमणी चमरू डोलावै ॥ जय हरिहर ...

षष्टम आरती गरौँ खडुमा रस खावै ।

राम तिम्रा सय हरि गुणभक्त र जनले गोवा ॥ जय हरिहर ...

सप्तम आरती गरौँ समिधा बाती ।

बजाउँला शङ्ख घण्ट चढाउँला फुल पाती ॥ जय हरिहर ...

अष्टम आरती गरौँ अष्ट पति दाता ।

धन्यमा कोखी उज्यालो त कौशिल्या देवी माता ॥ जय हरिहर ...

नवौँमा आरती गरौँ नवर निस्ती गङ्गा ।

सोहित गङ्गानुहाएर देह त भयो चङ्गा ॥ जय हरिहर ...

दसौँम आरती गरौँ दशरथ राजा

राम लछुमन दशरथका बेटा ॥ जय हरिहर ...

गङ्गा माईका शिर उपर गोसाइ देवका कुण्ड ।

सुवर्णको थलियामा श्रीकृष्णको अङग ॥ जय हरिहर ...

टिपेर ल्याउँला फुलपाती पुजेर ल्याउँला देव

जानी नजानी प्रभु आरती तिम्रो सेवा

भजमन नारायण मेरा रघुवर गोविन्द मेरा हरि ज्यू

रिगित घुमी हृदयमा आऊ

फेरि त फर्की माथै बसी जाऊ

ब्रह्मा सावित्री शिव पार्वती विष्णुकी लक्ष्मीमा

यो मन घट ल्याउँला ब्रह्मा देवता

सन्जे जगाऊ जगाऊ प्रभु आरती जगाऔँ

साझ पऱ्यो भक्त आरती जगाऔँ ।

स्रोत व्यक्ति :सूर्यप्रसाद घिमिरे,

चुडामणि घिमिरे

अन्य भजन मण्डली

वाग्ला -९

**१२. दसौँ अवतार भजन**

भगवानका दश विषयवस्तु बनाएर अवतार अवगत गराई गाइने भजन

भजमन नारायण मेरा हरि ज्यू रिगिन घुमी मेरा हृदयमा आऊ

दैव नारायण फेरि त फर्की माथै बसिदेऊ

प्रथम औतार लिनु भयो प्रभुले मत्स्यको रूप धारण२ राम

शङ्खचक्र गदाहा पद्मः शङ्खसुरलाई मारन२ राम

प्रथम औतार अलप हुनु भे

लौ फेरि पनि अलप हुनु भे

मेरो हरि ज्यू कौन रूप दर्शन मिल्ने हो

दैव नारायण कौन रूप दर्शन मिल्ने हो ।

दोसरी औतार कुर्मको रूप धारण२ राम

चल अचल सहायक भए मन्दराचल धारण२ राम ॥ लौ फेरि ...

तेसरी औतार लिनु भयो प्रभुले वराहा रूप धारण२ राम

वेद पृथ्वी पालन हिरण्यकस्यपु मारन२ राम ॥ लौ फेरि

चतुर्थ औतार  लिनु भयो प्रभुले नृटसिंह रूप धारण २ राम

खम्बा फोरी प्रकट भए प्रलाद बाल रक्षक२ राम ॥ लौ फेरि ...

पञ्चम औतार लिनुभयो प्रभुले वामन रूप धारण२ राम

तिन पाइलाले पृथ्वी लिनु भयो बलिराजाले धारण ॥ लौ फेरि ...

षष्ठम औतार लिनु भयो प्रभुले परशुराम रूप धारण२ राम

पितृको वचन सत्य थिए सकल क्षत्रिय मासन२ राम ॥ लौ फेरि ...

सप्तम औतार लिनु भयो प्रभुले श्रीराम रूप धारणा२ राम

गृह त्यागी वनबासी भए राउन्ने राजा मारन२ राम लौ फेरि ...

अष्टम औतार लिनुभयो प्रभुले श्री कृष्ण रूप धारण२ राम

बालाखेली बहुत भए मामा कंस मारण२ राम

माया र कंस मारे र भन्छौ यमला र जनलाई तारन२ राम ॥ लौ फेरि ...

नवौं औतार लिनुभयो प्रभुले कल्की रूप धारण२ राम

धर्म नष्ट भए साधु र सन्त पालन२ राम ॥ लौ फेरि ...

दशम औतार लिनुभयो । प्रभुले कल्की रूप धारण२ राम

मृत्क्ष सकल ध्वंस भए वेद र पृथ्वी पालन२ राम ॥ लौ फेरि ...

भजमन प्रभु मेरा हरि ज्यू रिगिन घुमी मेरो हृदयमा आउ

दैव नारायण प्रभु फेरि त फर्की माथै वसी देउ ।

स्रोत व्यक्ति : चुरामणि घिमिरे

वाग्ला-९

## १३. शिव भजन

यहाँ शिवजीको स्वरूप उनका खेललाई लिएर गाइने भजन

शिवको रूप सम्झनलाई२ सजिलो शिवजीको रूप

कति सुहायो कति सुहायो२ मुकुटमा चन्द्रमा कति सुहायो ...

कति सुहायो२ पलेटीभारी बसेको कति सुहायो

कति सुहायो२ नागको माला बाघको छाला कति सुहायो ...

कति सुहायो२ शिरमा गङ्गा शरीर नङ्गा कति सुहायो

कति सुहायो२ शिवजीलाई पार्वती कति सुहायो

कति सुहायो२ शिरमा मुकुट कति सुहायो

कति सुहायो२ चन्द्रमाको टिको कति सुहायो

बज्यो शिवजी बज्यो शिवजी

डिमडिम डमरू बज्यो शिवजी

चले शिवजी चले शिवजी ।

काँधमा त्रिशूल चले शिवजी ॥

कैलाशबासी शिवजी वैकुण्ड  वासी नारायण ।

नीलकण्ठे शिवजी नीलकण्ठ नारायण ॥

गौरीपते शिवजी लछ्मीपते नारायण ॥

सीतापते रामजी रूक्मिणीपते कृष्णजी ।

अयोध्यावासी राम जी गोकुल बासी कृष्ण जी ॥

यो पनि शिवको त्यो पनि शिवको सारा संसार शिवको म पनि शिवको ।

जपम शिवलाई२ तन धन मनले जपम शिवलाई ।

शङ्खध्वनि लागे कैलाशमा शिवले ।

शङ्कर महादेव कैलाशमा घुमने ।

भुल्नु हुँदैन२ परम पिता महादेवलाई भुल्नु हुँदैन ।

संसार झुटो छ संसार झुटो छ ॥

भगवानलाई बिर्सन्छु कि भन्ने झुटो छ ।

राम जपन रामजपन

जिन्दगी हो सपना राम जपन

**१४. राम भजन**

सम्झ रामलाई२ बैकुण्ठमा जानलाई सम्झ रामलाई ।

यो पनि रामको त्यो पनि रामको सारा संसार रामको म पनि रामको ।

भजौ रामलाई भजौँ रामलाई बरू छोडौँ कामलाई भजौँ रामलाई ।

जाने कहाँ होला२ उनै रामलाई थाहा होला जाने कहाँ होला ।

राम जपन२ जिन्दगी हो सपना राम जपन ।

ढोका खोल राम भक्त आए मन्दिरमा ।

चौध वर्ष बिताउन गए राम वनमा ।

राम बनबास कैकेयीका खेलले ।

राम बनबास भजतलाई रजाइ ।

कैले आउला फेरि नजाऊ राम वनमा ।

को छ रखवारे राम जाँदा वनमा ।

भैया रखवारे राम जाँदा वनमा ।

सीतालाई संझेर रामको नाम विरहे ।

सीतालाई छाडेर नजाऊ राम वनमा ।

मै पनि जान्छु सँगै राम गए वनमा ।

रामलाई फुलको माला सीताजीलाई सिन्दूर ।

राम अघि लागे सीता लछुमन पछाडि ।

रामको पैतालमा कदम फुल लखेको ।

बताऊ रघुनाथ स्वर्ग जाने मूलबाटो ।

राम भन्न पाइन कलि बस्यो मुखैमा ।

लागि रहयो मलाई राम लीला मोहनी ।

दिँदै नदेउ राम निर्धनीलाई जनम ।

राम जप्ने गर पापकर्म नगर ।

श्री राम जय राम जय जय राम ।

पाइँदैन देखेको रामलाई सीता लेखेको ।

हुनु पर्छ नारी सीता जस्तै लच्छिनकी

रामलाई बनिबास भरतलाई राजकाज ।

खराउ राज गद्दीमा भरतको जिद्दीमा ।

सुनको हरिन मार्न रामलाई पऱ्यो गुहार्न ।

भिक्षा दिए लिने हो न दिए सराप दिने हो ।

सीता रोइन कराइन् श्रीमान् भनी चिच्च्याइन् ।

लीला त्यो प्रभुको नास गर्न असुरको ।

जंगलको दूरी दैव भयो निष्ठुरी ।

लौ भन हनुमान सीता कहाँ छिन् भनन ।

युद्ध चलि रहयो हजारौँको ज्यान गयो ।

रामणको भयो दुर्गति अमृत घडा फोरेसि ।

समाजको कुराले मन काट्यो छुराले ।

ढोका खोल्न राम धर्मि आए मन्दिरमा ।

**१५. चुड्का भजन**

हरिभजन गाउँला साँझैको बेलामा ।

हिमाल पर्वत काटेर झुल्कि आए घाम ।

पूजौँ गणेशलाई सिन्दूर दुबो फुलमाला ।

भागवत गीता मेरै मन परेको ।

हरि भजन गाउँला भगवानको मन्दिरमा ।

गङ्गा सागरैमा कपिल औतार भगवान ।

हरि भन्न पाइन कलि बस्यो मुखैमा ।
फुल टिपेर मन्दिरमा बुटो फुलबारीमा ।
फुल बगाउने नदीले मलाई बगाउला की ।
फुल अघि म पछि उँदै सलल ।
माया मथुरैमा सुर्ता पुग्यो गोगुलमा ।
शङ्ख ध्वनि बज्यो शिवको मन्दिरमा ।
मुरली बजाए गोकुलमा कृष्णले ।
जपिँदैन हरि मनमा पिर नपरी ।
ब्रह्म कमलैमा विष्णु सुते जलैमा ।
यमुनाको पारि कुसको घारी ।
नाच्न लागिन् अप्सरा झुल्के हिरा मोती ।
बालकृष्ण हनुकी यमूनामा खेलने
वारि आउन राधिका किन जान्छ्यौ पारि
यमुना पारि राधिकाले बोलाउँछिन्
सँगै जाउँला पारि वारि आउन राधिका
भोलि पनि आए राधा कृष्णसँग खेलन

मैले चिनीन कि !
राम कि सीता हैनउ कि !!
रैछऊ रन पनि ।
छक्कै परे म पनि !!
कैलाशमा शिवजी अयोध्यमा राम
गोकुलमा कृष्ण जी दर्शन गर्न जाम !!
किन दियौ राम ।
गरिबलाई जनम ॥

छोडेर गयौ कहाँ !
आउने छैन यहाँ ‼
बाटो यस्ते खने !
स्वर्गमा जाने हो भने ‼
कस्ले संझयो हरि ।
मनमा पिर नपारी ‼
छैन वरिपरि !
कहाँ बसायो बामरी ‼
लैजाउ श्री राम
रसी सभाई स्वर्गमा ‼
वृन्दा वनमा मुरली बज्यो कति राम्रो धुन !
यो धुन बजाउने उनै कृष्ण हुन् ‼
भेट भयो राम र सीताको ।
यहि हो मनले चिताएको !
कहिले होला भेट जुनको र घामको
सीताको र रामको ‼
लौ रक्षा गरन !
पहिला त प्रभुको सरण ‼
घर बनाउने भए पूर्व पश्चिम झ्याल राखे
आउँछु म त ख्यल राख्या
पार पाईन्छ दु:ख मा
हरि बसे मुखमा ‼
पारी बनपालेमा ठुलो रूख मौवा हो ।
खबर ल्याउने कौवा हो ‼
मुरलीको स्वरले गोपिनी भुलाए

सोह्र सय गोपिनीलाई जगतै डुलाए

माया मथुरैमा

जन्म भयो गोकुलमा ...

गाउन लागे गन्धर्व

नाच्न लागिन् अप्सरा ...

कौनाले बजायो मुरली

काले कृष्ण मुरली

मोहनी औतार

नारायणले लिनु भयो

गङ्गा सागरैमा

कपिल औतार नारायण

माया मथुरैमा

फेरि भेट होला की

फाट्यो मेरो जामा

जङ्गलमै जानाले

लैजाऊ तिम्रो जामा

खोइ लेऊ मेरो मुरली

**१६. हरि भजन (लस्के लयमा)**

हरि तिम्रो नाम लिउँला साँझ बिहान

जिय राखौं रायल राखौं यही घट प्राण हरि तिम्रो

चित्रगुप्तले शरीर बनाए आशा छोटी आसुरी बोलाई

आदी र करिमले के लेखि पठायो उनै हरि गोविन्द भुलाई+हरि तिम्रो ...

यो देह पाला पउनको बाती जागा रहो दिनरात

तेल थपी थपी बत्ती जले हो-तेलु विनु भयो अन्धार । हरि तिम्रो ...

यो देह घट भित्र प्राण कि सुवा वोलिए अमृतकि

प्रभूज्यूका हुकुमले उडिचले सुवा कच्चा बात+ हरि तिम्रो ...

यो देह सबैले अजम्बरीठाने सबै कहे झुटोबात

जब त प्रभुले प्राण लैजानन् जिन्दगी नै भयो अवसना । हरि तिम्रो ...

कर्कलाको पानी जस्तो मानिसको चोला

छोडेर गयौ कहाँ सत्यदैव निरमाया । हरि तिम्रो ...

स्रोत व्यक्ति : बमबहादुर घर्ती

भनभने -६

**१७. कृष्ण भजन (झ्याउरे लय)**

गोकुलमा गाई चराउने वृन्दावनको ढोर ।

कति राम्रो कृष्णजीको मुरलीको स्वर ॥

कृष्णजीको सम्झना कहिल्यै नछुटोस् ।

कृष्णजीको भजन कहिल्यै नछुटोस् ॥

मथुराको निम्तामा जानु हुँदैन ।

मधुराको तातो पानी पिउनु हुँदैन ॥

माताजीको निवेदन सुन कृष्ण जी ।

मथुराको निम्तामा जानु हुँदैन ॥

मैले बिदा तिमीलाई दिँदै दिदैन ।

मथुराको निम्तामा जानु हुँदैन ॥

गोपिनीको निवेदन सुन कृष्ण जी ।

मथुराको निम्तामा जानु हुँदेन ॥

कृष्णको बिदामा भेला भएको ।

कृष्णजीको भयले सबै रोएको ॥

मथुरामा गएर कंस मारेर ।

छिटै आयौ गोकुलमा धन्य कृष्ण जी ॥

कृष्णजीको सम्झना कहिल्यै नटुटोस् ।

हृदयको कृष्णजी कहिल्यै नटुटोस् ॥

स्रोत व्यक्ति : हुमाकान्त पन्थी

वाग्ला -५

तरबार उठायो२ बहिनी काट्न कंसासुरले तरबार उठायो ।

कंसासुर हे जेठान, बहिनी नकाट झुटो कुरो कहिल्यै पनि हुन म बाट

जन्म हुन गो२ मथुराको कारगामा श्रीहरिको

माथिबाट भन्नुभयो मायादेवीले तँलाइ मार्न गोकुलमा पुगि सक्यो रे

राख्नुस गुरू नाउ२ आठौँ गर्भ श्रीकृष्ण सातौँ गर्भ बलराम

भजौँ कृष्णलाई२ जिन्दगीको भर छैन भजौ कृष्णलाई

भज पराणी२ यो जीवन मरेपछि हुन्छ खरानी

स्रोत व्यक्ति : चन्द्रकला गिरी

वाग्ला -५

**१८. पाश्चायन देवदेवता भजन**

जय लम्बोदर जय दुर्गे जय जय हरिहर जय सूर्ये

जय लम्बोदर जय गणेश माता तिम्री पार्वती पिता महादेव

नमः सूर्याय नमः सूर्याय सर्व रोग हरणाय नमः सूर्याय

जय दुर्गे जय दुर्गे सङ्कट नासिनी जय दुर्गे

नमः शिवाय नमः शिवाय शाम्ब सदा शिव नम शिवाय

वासुदेवाय वासुदेवाय ॐ नमो भगवते वासुदेवाय

जय जय सरस्वती जय सावित्री जय जय वेदमाता जय गायत्री

भक्ति हनुमानको शक्ति उनै रामको

सरस्वती काली लछमी दुर्गा भवानी

स्रोत व्यक्ति : ठगिश्वर पोखेल

अन्य भजन मण्डली

नयाँगाउँ -९ साउनेथुम

गणपति रवि देवी शिव गोविन्द-राम

देवता सबै पाञ्चायनी हौ

कोमलय नयन तुमर लालय मुहार तुमर

रे दुर्गा देवी भगवती शरण तुमर

भजमन नारायण

**१९. हरिभजन (मध्यमलय)**

कहाँ छिन् हरि प्रभु कस्ता छन् हरि ।

हरिलाई मैले देख्न पाइन जीवन भरि ॥

जलैमा हरि प्रभु थलैमा हरि ।

माटो र ढुङ्गोले पृथ्वी भरि ॥ कहाँ छन् ...

आकासै हरि पातालै हरि ।

नवै र लाख तारले क्षितिजै भरि ॥ कहाँ छन् ...

फेदैमा हरि टुप्पैमा हरि ।

हाँगा र बिँगाले वृक्ष भरि ॥ कहाँ छन् ...

नदीमा हरि खोलामा हरि ।

नदी र नालाले शरीरै भरि ॥ कहाँ छन् ...

मनमा हरि मुखमा हरि ।

पाउ र शिरले शरीरै भरि ॥ कहाँ छन् ...

स्रोत व्यक्ति :सूर्यप्रसाद घिमिरे

वाग्ला -९

**२०. नाम कीर्तनम्**

गोविन्द ! जय जय गोपाल ! जय जय ।

राधा रमण हरि गोविन्द । जय जय ॥

जय गोविन्द ! जय गोपाल !

केशव माधव दीनदयाल ॥

दीन दयाल ! प्रभु दीनदयाल !

केशव ! माधव ! दीनदयाल !

हरि हरि बोल हरि बोल ।
मुकुन्द माधव गोविन्द वोल ॥
राम की महिमा है अनमोल ।
सीता राम सीता राम सीताराम वोल ॥
राधेश्याम राधेश्याम राधेश्याम बोल
महा मन्त्र यो हो जय तप ।
हरि : ॐ तत्सत् हरि : ॐ तत्सत ॥
श्रीकृष्ण विष्णो मधुकैटभारे ।
भक्तानुकम्पिन भगवान मुरारे ॥
त्रायस्व माँ केशव लोकनाथ ।
गोविन्द दामोदर माधवेश ॥
गोविन्द गोविन्द हरे मुरारे ।
गोविन्द गोविन्द रथाङ्गपाणे ॥
गोविन्द गोविन्द मुकुन्द कृष्ण ।
गोविन्द गोविन्द नमो नमस्ते ॥
श्रीकृष्ण राधावर गोकुलेश ।
गोपाल गोवर्धन नाथ विष्णो ॥
जिह्वे पिवस्वामृतमेतदेव ।
गोविन्द दामोदर माधेवति ॥
हरे राम हरे राम राम राम हरे हरे
हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे

## २१.१ विविध भजन

नारायणले भक्तजनलाई लाउनु हुन्छ पार ।
तेत्तिस कोटी देवतालाई मनले नमस्कार ॥
गाइ गङ्गा तुलसा शालिक राम ।

हृदयमा प्रकट भैदेऊ हे भगवान् ॥
गोकुलमा गाई चराउने डोर ।
कति राम्रो कृष्णजीको मुरालीको स्वर ॥
हे हरि, हे हरि, यो मन छैन थिर ।
चारै दिनको जिन्दकानी झुट्टा यसरी ॥
भुइँमा झरन कृष्ण भुइमा झरन ।
आपत पऱ्यो हामीलाई रक्षा गरन ॥

स्रोत व्यक्ति : शशिधर घिमिरे
वाग्ला -९

जले ही बोकी२ जलेनी जो आई
उठन भगवान स्नान गर
नातृ भू पति र जागा होइ जाऊ नन्दलाल ।
वस्त्ररू धुवाई सिलाई दर्जोनी जो आई
उठन भगवान वस्त्ररू पहिरन । नातृ भू ...
फुलमाला लिई मलेनी जो आई
उठन भगवान फुलमाला पहिन् ॥ नात्त भू ...
अक्षतु केलाई बनाइ अक्षतेनी आई
उठन भगवान अक्षता लगाऊ । नातृ भू ...
विश्वकर्मा आई मण्डप बनाई
उठन भगवान मण्डपमा बस । नातृ भू ...

श्रीकृष्ण गोविन्द हरे मुराहरे हे नाथ नारायण बासुदेव
गङ्गेच यमुने चैव गोदावरी सरस्वती
नर्म द सिन्दुकावेरी जले सन्निधिं कुरू
श्री राम जय राम जय जय राम हर हर काशी हर हर महादेव

**२. प्रश्नोत्तर भजन**

कहाँ फलछन ल्वाङ्ग सुपारी ? कहाँ फल्छन् बेल ?

मदेसैमा ल्वाङ्ग सुपारी पहाडैमा वेल

कहाँ जन्मे राम लक्ष्मण ? कहाँ जन्मिन सीता ?

अयोध्यामा राम लक्ष्मण जनकपुरमा सीता

कसका हौ नी छोरा नाति ? कसका हौ नी चेला ?

बाउबाजेका छोरानाति गुरूज्यूका चेला

स्रोत व्यक्ति : भिमकान्त पन्थी

वाग्ला -५

**३. वर्त भजन**

(क) **एकादशी (तुलसी) भजन**

तुलसै तुलसा जपौं दिन रात हरि ।

जपौ दिन रात भजौं बारम्बार ॥

असारै महिनाकी बर्त एकादशी हरि२

माटिमा रोपौंला तुलसीको बीऊ-तुलसै.

साउनै महिनाको बर्त एकादशी हरि-२

दुबै पाते तुलसीको दरिसन पाऊँ  तुलसै.

भदबै महिनाकी बर्त एकादशी हरि २

चारै र पाते तुलसीको दरिसन पाऊँ तुलसै.

असोजै महिनाकी एकादशी हरि-२

फुलै र पाते तुलसीको दरिसन पाऊँ-तुलसै.

कार्तिक महिनाकी बर्त एकादशी हरि-२

बरवधु रूपि तुलसीको दरिसन पाऊँ-तुलसै.

तुलसी तुलसी काली तुलसी उत्तिमाहो तिम्रो नाउ ।

धर्मिका गलामा तुलसीको माला पापीले छुनकहाँ पाइ । तुलसै.

तुलसी अमला वर पिपल रोपौला बेलपत्ती बिउ ।
यिनै वृक्षमा विष्णुको स्वरूप जय हरि दर्शन पाई ॥ तुलसै.

स्रोत व्यक्ति : कृष्ण पन्थी
भनभने -५

**(ख) सप्त ऋषि भजन**

तीजको पञ्चमीको दिन पूजाआजा गरेपछि गाइने भजन
कहाँ मा जान्छौ रानी चरी बगाल
बरिलै भगवानलाई भेटन
भगवानलाई भेटी के पागुर ल्यायौ
फुलैर पाती अछेता
सनुको चौकी रूपको छाना
मन्दिरैमा भगवान बसेका
नुहाइम् धोइम् ग्वालेनी त पसिम् फुलबारी-२
भोका पेट फुका केश पसिम् फुलबारी-२
जेठो थुँगा फुल टिपी जेठा कश्यप ऋषिला
श्रीखण्ड चन्दन घोटी घोटी शिवलाई चढाम्ला
माइलो थुँगा फुल टिपी माइला भारद्वाज ऋषिला
श्रीखण्ड चन्दन घोटी घोटी शिवलाई चढाम्ला
साइँलो थुङ्गा फुल टिपी साइँला गौतम ऋषिला । श्री खण्ड ...
काँइँलो थुङ्गा फुल टिपी काँइँला अत्रि ऋषिला-श्री खण्ड ...
राँइँलो थुङ्गा फुल टिपी राँइँला जमदग्नि ऋषिला श्री खण्ड ...
ठाइलो थुङ्गा फुल टिपी ठाइँला वशिष्ठ ऋषिला श्री खण्ड ...
कान्छो थुङ्गा फुल टिपी कान्छा विश्वामित्र ऋषिला-श्री खण्ड ...
अन्य फुल टिपी अक्षता अरून्ततीलाई
श्रीखण्ड चन्दन घोटीघोटी शिवलाई चढाम्ला

स्रोत व्यक्ति : भगवती पोखेल
अन्य साथीहरू
नयाँगाउँ -६ साउनेथुम

**(ग) मालश्री**

देवी ईश्वरी पुण्यगिरिवर प्रसन्न हो तुम कालिका ।
हिमाल पर्वत माई बैठे निकट सरजु नुहाइये ॥
हात खड्ग त्रिशूल करधर सिंह वाहिनी विराजिये ।
देवी ईश्वरी पुण्यगिरिवर प्रसन्न हो तुम कालिका ॥१॥
हात चुरिया तिलक शोभित हरष मये फरमाइए ।
आफू तो माई प्रकट भए हो नित्य सरजु नुहाइए । देवी ईश्वरी ...॥२॥
आफू ता माई सिंह बाहिनी धुँधुँरा लगाइए ।
चन्द्रमा बिच उपर छाइए अङ्ग फुल सहाइए ॥३॥ देवी ईश्वरी ...
शिरमुटुक कान कुण्डल पाउ विधुवा सुहाइउ ।
तिलक सिन्दुरललाट शोभित तिन त्रिलोक सुहाइए ॥४॥ देवी ईश्वरी ...
आफूता माई पुण्य गिरिवर धन्य नाम बखानिए
मनही दीपक चन्द्रमा बिच असुर मारिसाधारिनी ॥५॥ देवी ईश्वरी ...
मोतीका हार गलामा सोहे अङ्ग फुल सुहाइए ।
हातमा चुरी तिलक शोभित हरश भए फरमाइए ॥६॥ देवी ईश्वरी ...
जन्म यो कालमा निज धर्म कर्म सबै बह्यो ।
कमल झैँ पद पदमा तिम्रो भज्न आस बाँचिरहयो ॥७॥ देवी ईश्वरी ...
जै देवी कालिका प्रसन्न भयो हो मुण्डमाला सुहाइये
देवी ईश्वरी पुण्य गिरिवर प्रसन्न हो तुम कालिका ॥८॥ १।[४५]

**४. संस्कार भजन**

राम राम सत्यहो बोलो राम राम
मृत जीवन तिम्रै हो लैजाऊ प्रभु राम
जीव पनि तिम्रै हो मृत पनि तिमै हो

[४५] श्री दुर्गा साहित्य भण्डार, गोपीकृष्ण प्रेस जलपादेवी रोड पो.ब.नं.१०९६ वाराणसी यू.पी.।

लैजाऊ भगवान शिवपुरी भवनमा
लैजाऊ भगवान विष्णुपुरी भवनमा
लैजाउ भववान ब्रह्मपुरी भवनमा
लैजाउ, गङ्गा माता सर्व पाप पखाली
पार लगाऊ माता सर्व पाप पखाली
मृत जीव तिमै हो लैजाऊ माता अम्बिका
लैजाऊ माता अम्बिका देवपुरी भवनमा
लाखौँ कुखुर मृतको क्षमा गर भगवान
लाखौँ कुखुर मृतको भुलेर पार लगाऊ भगवान
कोटी कोटी निवेदन पार लगाऊ भगवान
पार लगाइ देऊ पार लगाइ देऊ मृत जीवन तिम्रै हो
पार लगाइ देऊ पार लगाइ देऊ कोटी कोटी निवेदन
सुनि देऊ प्रभु राम सुनि देउ प्रभु राम सर्वजनको निवेदन
पार लगाइ देऊ पार लगाइ देऊ यो संसारमा रहेमा
लैजाऊ प्रभुराम लैजाउ प्रभुराम हजुरको धाममा
जीवन पनि तिम्रै हो कोटी कोटी निवेदन
पार लगाऊ हरि भगवान
कीर्तन मण्डलीको सुन कोटी कोटी निवेदन
पार लगाऊ हरि भगवान
सर्वजनको कोटी कोटी निवेदन
पार लगाऊ प्रभु पार लगाऊ
पार लगाऊ हरि पार लगाऊ

**५. हनुमान भजन**

यस क्षेत्रमा विभिन्न लोक भजन मध्ये हनुमान उत्तने र साम्य पार्ने भजन पनि एक हो । रामभजन गाउँदै जाँदा हनुमान उत्रन्छन्, अनि हनुमानका भजनहरू गाइन्छ ।

ढल्की ढल्की नाच सत्ताका रै छौ, हनुमान

सीता खोजी ल्याउन राम भक्त हनुमान ...

जाऊ हनुमान जल खोजी ल्याउन ...

जाऊ हनुमान फुल टिपी ल्याउन ...

जाऊ न हनुमान फल टिपी ल्याउन ...

जाऊ न हनुमान सेलरोटी ल्याउन ...

जाऊ हनुमान टीका प्रसाद खोजी ल्याउन ...

आहौ राम तपोवनादि गमनं हत्वा मृतं काञ्चनम् ।

वैदेहीहरणं जटायु मरणं सुग्रीव सम्भाषणम् ॥

बाली निर्दलनं समुद्र-तरणं लङ्कापुरी-दाहनम् ।

पश्चात् रावण कुम्भकर्ण हननं एतद्धि रामायणम् ॥

**६. कर्ता नचाउने भजन**

नाच्दै गाउँदै बजाउँदै जाउँला बैकुठैमा ...।

खै बाटो खनेको स्वर्ग जान भनेको ...।

स्वर्ग जाने बाटो न ढुङ्गा छ न माटो ...।

झुल्के हिरामोती नाचन लागिन् अप्सरा ...।

कृष्णजीको मधुर वन्सी बज्यो तिरिरी ...।

बायाँ पट्टि राधा देवी नाचिन् फिरिरी ...।

जन्म एकै बारको मनुख्खेको जनम ...।

नाच्न पाइन भनौला नाच बखतैमा ...।

बल्लै भयो रमाइलो हरि दुवारैमा

**७. भिम्मलु (आशिष) भजन**

भिम्मलु भयो हरितिर शिव हो भिम्मल भयो हरितिर

मन मेरा हरि भिम्मलु भयो शिव भिमलु भयो

भिम्मलु गावै हरि स्थिर शिव भिम्मलु गावै राम

हरिचरण चित्त लाऊ मन

प्रभुमा चरण चित्त लाऊ मन
भइमा भरन कृष्ण भइमा भरन
आपत पऱ्यो हामीलाई रक्षा गरन
पाउँ बिदा प्रभु घरमा जाम्
देउन बिदा प्रभु घरमा जाम्
मालिका देवी पाउन बिदा
पाउन बिदा घरमा जाउ,
पूर्वै दिशाकी जलेशा देव
तन देवता दरिसन पाम्
उत्तर दिसाकी शितला देवी
तन देवताको दरिसन पाम
पश्छिमै दिसाकी मालिका  देवी
तन देवताको दरिसन पाम्
दक्खिन दिसाकी खण्डदेवी
तम देवताको दरिसन पाम्
मालिका देवी देउन बिदा
खण्डदेवी देउन बिदा
सबैमा देव-देवी देउन बिदा

स्रोत व्यक्ति : मेघराज खनाल

वस्तु -४

जसको घरमा अतिथिको सेवा गर्दछन्
उसकै घरमा त गर्छिन लछिमीको बास
धर्म लछमी आऊ तिमी मेरै घरमा बसि देउ
जसको घरमा हुन्छ माता पिताको सत्कार
उहीँ त होला लछमीको बास
धर्म लछिमी आउन बस मेरै गृहमा
जसको घरमा सन्ध्याको बत्ती बाल्दछन्
उहिँ त होला लक्ष्मीको बास

धर्मलक्ष्मी आउन बस यसै गृहमा
जसको घरमा पाञ्चायन देवको पूजा गर्दछन्
उहीँ त होला लक्ष्मीको बास
मदेशको कसन भरन भुटानको नुन
तोला चढ्न रूपैयाँ त पाथी भरि सुन
पुगि जाओस् भाइ हो लागि र जाओस्
पन्चै र भाइले दिएको आशिष पुगि जाओस्
धमिरा जैसो भेडा बाखा जैसो गाइ
छारी होलान् तिनै बहिनी छोरा पाँचै भाइ
पुगीजाओस ...

स्रोत व्यक्ति :सूर्यप्रसाद घिमिरे
वाग्ला -९

## परिशिष्ट -२

## शोध सामग्रीका सहयोगीहरू

| क्र.सं. | नाम | ठेगाना | लिङ्ग | उमेर | शिक्षा |
|---|---|---|---|---|---|
| १ | अरुण थापा | पिपल धारा ५ | पुरुष | | साक्षर |
| २ | ईश्वरी खनाल | जैसीथोक ९ कोरापानी | पुरुष | ३५ | एम.ए |
| ३ | उमाकान्त मरासिनी | हाडहाडे ७ | पुरुष | | साक्षर |
| ४ | ऋषिराम घिमिरे | वाग्ला ८ बडाचौर | पुरुष | | साक्षर |
| ५ | कृष्ण फुल्देल | हाउहाडे ५ | पुरुष | | साक्षर |
| ६ | कृष्ण पन्थी | भनभने ५ गैराखर्क | पुरुष | ७० | साक्षर |
| ७ | खिमानन्द खनाल | जैसिथोक ६ कोरापानी | पुरुष | ७३ | साक्षर |
| ८ | चूडामणि घिमिरे | वाग्ला ९ मुल | पुरुष | ४५ | आइ.एड् |
| ९ | चिरञ्जीवी घिमिरे | वाग्ला ४ अमिले | पुरुष | ६० | वि.एड् |
| १० | चन्द्रकला गिरी | वाग्ला २ चौतारा | महिला | ७३ | निरक्षर |
| ११ | चिन्तामणि पोखेल | नयाँगाउँ ६ चेक्मी | पुरुष | | |
| १२ | जीवन भट्टराई | हाडहाडे ५ | पुरुष | | साक्षर |
| १३ | ठगिश्वर पोखेल | नयाँगाउँ ९ साउनेथुम | पुरुष | ५० | वि.एड |
| १४ | नरहरि घिमिरे | जैसिथोक ६ | पुरुष | ३२ | एम.एड |
| १५ | प.शिवचन्द्र अर्याल | सिर्सेनी ४ फुर्साधारा | पुरुष | ५५ | शास्त्री |
| १६ | प. चन्द्रकान्त पन्थी | भनभने ५ गौरा खर्क | पुरुष | ६५ | शास्त्री |
| १७ | प्रेम प्रसाद खनाल | रजस्थल ७ मसुरी खर्क | पुरुष | ३० | वि.एड् |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | पीताम्बर खनाल | रजस्थल ७ मसुरीखर्क | पुरुष | ७० | साक्षर |
| १९ | बमबहादुर धर्ती | भनभने ६ कोलडाँडा | पुरुष | ६० | साक्षर |
| २० | भगवती पोखेल | नयाँगाउँ ९ साउनेथुम | महिला | ४५ | आइ.एड् |
| २१ | भीमकान्त पन्थी | वाग्ला ५ लाहाटा | पुरुष | ५० | साक्षर |
| २२ | मेघराज खनाल | वस्तु ४ जैसिथोक | पुरुष | ४० | एम.एड् |
| २३ | युवराज पन्थी | वाग्ला १ वाँइ | पुरुष | ३९ | वि.एड |
| २४ | रामप्रसाद पोखेल | वस्तु २ वस्तु | पुरुष | ५२ | एस.एल.सी |
| २५ | रोमलाल घिमिरे | वाग्ला ७ धनमुडा | पुरुष | ५८ | साक्षर |
| २६ | शशिधर घिमिरे | वाग्ला ९ अज्मीर | पुरुष | ६० | साक्षर |
| २७ | शेखर भण्डारी | वस्तु ४ | पुरुष | | |
| २८ | सूर्यप्रसाद घिमिरे | वाक्ला ९ थ्याप्चे | पुरुष | ५० | एस.एल.सी |
| २९ | हुमाकान्त पन्थी | वाग्ला १ पधेराचौर | पुरुष | ६५ | साक्षर |
| ३० | हिम बहादुर कुँवर | रजस्थल ६ धुर | पुरुष | ६८ | साक्षर |

# सन्दर्भ कृति सूची


गिरी, जीवेन्द्र देव (२०५४) “नेपाली उखान प्रगतिवादी स्वर” **प्रलेस,** वर्ष ४, पूर्णाङ्क ८ वैशाख जेठ असार, पृ.९०

गुल्मी जि.वि.स., गुल्मी जिल्ला विकास योजना आ.व.२०६९/०७०, गुल्मीः जि.वि.स.का. सूचना केन्द्र, २०६८ ।

गौतम, कुलचन्द्र (अनु) “नानार्थ वर्ग” **अमरकोश**, काठमाडौं : लक्ष्मीनाथ गौतम, २०१७ ।

घिमिरे, डुकुलराज, (२०६९) **पाल्पाका लोक भजन : भक्तिपरक विश्लेषण**, बुटवल, विश्वहिन्दु महासंघ ।

चुँदाली हरिप्रसाद (२०६३) गुल्मी जिल्लामा प्रचलित लोक भजनहरूको सङ्कलन वर्गीकरण तथा विश्लेषण, त्रि.वि.ने.के.वि मा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

थापा, धर्मराज, **गण्डकीका सुसेली**, काठमाडौं, ने.रा.प्र.प्र. २०३१ ।

थापा धर्मराज र हंसपुरे सुवेदी, **नेपाली लोक साहित्यको विवेचना**, काठमाडौं : त्रि.वि.पा.वि., २०४१ ।

नेपाल, वसन्त कुमार शर्मा, (२०५८) **नेपाली शब्द सागर**, काठमाडौं : भाभा पुस्तक भण्डार (दो.) सं ।

पन्त, कालीभक्त, **हाम्रो संस्कृत इतिहास**, स्याङ्जा : लेखक स्वयं २०२८ ।

पन्थी, शशी, (२०६२) ‘गुल्मीका केही साहित्यिक प्रतिभाहरू’, **गुल्मी परिचय**, काठमाडौं : गुमेली समाज, पृ.४७ ।

पराजुली, कृष्णप्रसाद, **नेपाली लोक गीतको आलोक**, काठमाडौं : वीणा प्रकाशन २०५७ ।

पोखेल, बालकृष्ण र अन्य (सम्पा) (२०४०), **नेपाली शब्दकोश**, काठमाडौं :

ने.रा.प्र.प्र.

बन्धु, चूडामणि, (२०५८), **नेपाली लोक साहित्य** काठमाडौं : एकता बुक्स ।

भण्डारी, पीताम्बर, (२०६८), 'विचित्र गुफा' ध्वनि चक्कामा रहेको दृश्य सामग्री, गुल्मी : विचित्र गुफा संरक्षण तथा विकास समिति ।

महत झविन्द्र (२०६०) 'गुल्मी जिल्लाको पश्चिमोत्तर क्षेत्रमा प्रचलित लोकगीतहरूको अध्ययन, त्रि.वि.ने.के.वि. मा प्रस्तुतस्नातकोत्तर शोधपत्र

वस्तु अन्य गा.वि.स (२०६८) **पार्श्वचित्र**, पाल्पा : दिगो सामुदायिक विकासका निम्ति पाल्पा ।

शर्मा रविलाल (२०५३) **रविकृत रामायण**, वाराणसी दुर्गा साहित्य भण्डार ।

श्रेष्ठ, दयाराम 'सम्भव' (२०२८), **प्रारम्भिककालको नेपाली साहित्य इतिहास र परम्परा**, काठमाडौं : त्रि.वि.पा.वि.के. २०२८ ।

सुवेदी, राजाराम,(२०५५) **गुल्मीको ऐतिहासिक झलक**, गुल्मी : किरण पुस्तकालय ।

सेन, सूब (२०६२) 'गुल्मीका केही प्रसिद्ध व्यक्तित्वहरू,' **गुल्मी परिचय**, काठमाडौं : गुल्मेली समाज, पृ. २८६ ।